# प्रहरी दर्पण

## २०५७



# POLICE MIRROR

## 2000



## शुभकामना

**श्री ५ बडामहारानी सरकार**को ५२ औं शुभजन्मोत्सवको अवसरमा "प्रहरी दर्पण २०५७" प्रकाशन गर्ने खवरले मलाई अत्यन्त हर्ष लागेको छ ।

प्रहरी संगठनबाट सम्पादन भएका विभिन्न क्रियाकलाप र गतिविधिहरु तथा भविष्यका कटिवद्धता समेटेर प्रहरी दर्पण प्रकाशन गरी आफ्ना पाठकहरुलाई सुसूचित गराउने यस किसिमको परम्पराबाट म निकै प्रभावित भएको पनि छु ।

नेपाल अधिराज्यभित्र शान्ति-सुव्यवस्था कायम राख्ने, अपराध नियन्त्रण गर्ने जस्ता गम्भीर, चुनौतीपूर्ण एवं संवेदनशील कार्यमा अहोरात्र उच्च मनोवल राखी संलग्न नेपाल प्रहरीले अझ सक्षम र सक्रिय बनाउनमा यस प्रकाशनले सहयोग पुऱ्याउने छ भन्ने मेरो विश्वास छ ।

नेपाल प्रहरीलाई जनताको सहयोगीसाथीको रूपमा स्थापना गर्दै लैजान पनि यस दर्पणले उल्लेखनीय योगदान दिनसक्ने आशा मैले गरेको छु ।

अन्तमा, यस प्रहरी दर्पणले प्रहरी गतिविधिहरुको जानकारी दिनुका साथसाथै सिर्जनात्मक एवं रोचक साहित्य सिर्जनालाई समेत प्रेरणा दिन सकोस् भन्ने मेरो शुभकामना छ ।

**रामचन्द्र पौडेल**
उप-प्रधानमन्त्री
एवं
गृह तथा स्थानीय विकास मन्त्री
मिति: २०५७/७/२

## Message

I am very glad to learn that "Police Mirror" is going to be published on the auspicious occasion of the 52nd birthday of Her Majesty the Queen.

I am very much impressed by the way the readers are informed of different activities performed by and future commitments of the police organization through Police Mirror.

I believe that this publication would play a big role in making the police more capable and active with high confidence to maintain law and order; serious, challenging and sensitive duty like controlling crime within the Kingdom of Nepal.

I hope that this Mirror would contribute towards establishing the Nepal Police as friends of the people.

In the end, I wish that this publication not only informs public but also encourages interesting and creative literature.

***Ram Chandra Poudel***
Deputy Prime Minister
and
Home and Local Development Minister



## शुभकामना

**श्री ५ बडामहारानी सरकार**को ५२ औं शुभ-जन्मोत्सवको अवसरमा प्रहरी प्रधान कार्यालयले "प्रहरी दर्पण" प्रकाशन गर्न लागेको थाहा पाउँदा मलाई ज्यादै खुशी लागेको छ ।

समकालीन सन्दर्भमा अत्यन्त चुनौतीपूर्ण जिम्मेवारी वहनगर्दै आइरहे पनि प्रहरी संगठनवाट सम्पादित विविध गतिविधिका अतिरिक्त अन्य लेख-रचनाहरु पनि समावेश गरी **श्री ५ बडामहारानी सरकार**को शुभ-जन्मोत्सवको पावन अवसरमा मौसुफ सरकार-प्रति शुभकामना अर्पण गर्दै प्रहरी दर्पण प्रकाशनमा ल्याइनु निश्चित रूपमा सराहनीय कार्य हो ।

**श्री ५ बडामहारानी सरकार**को ५२ औं शुभ-जन्मोत्सवको पुनीत अवसरमा म मौसुफ सरकारको सुस्वास्थ्य, दीर्घायु एवं अटल सौभाग्यका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

***श्रीकान्त रेग्मी***
सचिव
गृह मन्त्रालय
मितिः २०५७/७/४

## Message

I am very glad to note that Police Headquarter is going to publish 'Police Mirror' on the auspicious occasion of the 52nd birthday of Her Majesty the Queen.

The police has been carrying a very challenging responsibilities in the concurrent context. In addition to the tasks that police organization has accomplished, publication of the 'Police Mirror' including articles, on the auspicious occasion of Her Majesty the Queen's birthday, is a commendable work.

On the auspicious occasion of Her Majesty the Queen's 52nd birthday I extend my best wishes for the good health, long life and happiness of Her Majesty.

***Shreekanta Regmi***
Secretary
Home Ministry



## शुभकामना

श्री ५ बडामहारानी ऐश्वर्य राज्यलक्ष्मी देवी शाह सरकारको ५२ औं शुभजन्मोत्सवको पावन अवसरमा म लगायत नेपाल प्रहरीका सम्पूर्ण अधिकृत जवानहरुको तर्फबाट मौसुफ सरकारका जुनाफमा सुस्वास्थ्य, चिरायु एवं अटल सौभाग्यका लागि हार्दिक मंगलमय शुभकामना विन्ती चढाउँदछु ।

प्रहरी संगठनका वर्षदिनभरिका विविध गतिविधि र क्रियाकलाप एवं भावी दिशाबोधका कार्यनीति जस्ता विषयवस्तुहरु समेटी सदा झैं यस वर्ष पनि नेपाल प्रहरीको वार्षिक प्रकाशन प्रहरी दर्पण २०५७ प्रकाशन गर्न लागेकोमा मलाई अत्यन्त खुशी लागेको छ ।

"नेपाल प्रहरी" नेपाली नागरिकहरुका सुरक्षित जीवन एवं शान्तिपूर्ण समाजका विश्वास र भरोसाको केन्द्रविन्दु मात्र होइन, राष्ट्रको सुरक्षा र शान्तिको पहरेदारको रूपमा समेत स्थापित भएको छ । नेपाल प्रहरीले आफ्नो स्थापनाकालदेखि नै राष्ट्रले सुम्पेको दायित्व निर्भीकताका साथ निर्वाह गर्दै आएको इतिहास हामीसँग छ । "सत्य सेवा सुरक्षणम्" को मूल आदर्शद्वारा निर्देशित हाम्रा पूर्वजहरुको कर्तव्यपरायणताको गौरवमय गाथा, वीरता र साहसीपूर्ण इतिहास हाम्रा प्रेरणाका अमूल्य स्रोत हुन् ।

अन्तमा, प्रस्तुत प्रकाशन सम्पूर्ण पाठकवर्गलाई नेपाल प्रहरीबारे पर्याप्त जानकारी दिन सफल होस् भन्ने कामनाका साथ प्रकाशनार्थ अथक परिश्रम र मेहनत गर्ने सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

***प्रदीप शम्शेर ज.ब.रा.***
प्रहरी महानिरीक्षक

## Message

On the auspicious occasion of the 52nd Birthday of Her Majesty the Queen Aishwarya Rajya Laxmi Devi Shah, I personally and on behalf of all officers and staffs, would like to extend best wishes for Her Majesty's good health, long life and happiness.

I am very glad to note that Nepal police is publishing an annual publication of Police Mirror - 2057. It includes year round activities of police organization and work policy for future.

Nepal Police has been established not only as a centre of trust and faith of Nepali citizens for secured life and peaceful society, but also as the guard of the nation. We have a history that the police has always fulfilled their responsibilities, which is entrusted by the nation, from its inception. The valuable source of our inspiration is our ancestor's glorious history of dutifulness, heroism, and courageous history, which is directed by the motto "Truth, Service and Security".

At the end, I wish that this publication will provide sufficient information of Nepal police to all the readers and would like to thank all, who have worked hard for the publication.

***Pradeep Shamsher JBR***
IGP




From left. DySP N.S. Khadka, DySP B.K. Shakya, SP K.P. Shrestha, DIGP G.P. Thapa, SP P. Kunwar, DySP P. Karki, DySP K.M.S. Bhandari,. Insp H.B. Giri.

## सम्पादक मण्डल

प्रधान सम्पादक
प्र.ना.म.नि. गोविन्दप्रसाद थापा

सम्पादकहरू
प्र.उ. प्रकाश कुवँर
प्र. उ. क्षत्रपति श्रेष्ठ
प्र.ना.उ. बालकुमार शाक्य
प्र.ना.उ. केदारमान सिंह भण्डारी
प्र.ना.उ. पुष्कर कार्की
प्र.ना.उ. नारायणसिंह खड्का
प्र.नि. हीराबहादुर गिरी

तस्विरहरू
प्र.ना.उ. शेरवहादुर कार्की
प्र.ना.नि. कैलाश राई

प्रकाशक
प्रहरी दर्पण प्रकाशन समिति
प्रहरी प्रधान कार्यालय

सल्लाहकार मण्डल
प्र.अ.म.नि. कृष्णमोहन श्रेष्ठ
प्र.अ.म.नि. रामकाजी वान्तवा
प्र.अ.म.नि. ढालमान थापा

ADVISORY BOARD
A.I.G.P. Krishna M. Shrestha
A.I.G.P. Ram K. Bantawa
A.I.G.P. Dhal Man Thapa

## EDITORIAL BOARD

*CHIFE EDITOR*
D.I.G. Govind P. Thapa

*EDITORS*
S.P. Prakash Kunwar
S.P. Kshetrapati Shrestha
DY.S.P. Bal Kumar Shakya
DY.S.P. Kedar man Singh Bhandari
DY.S.P. Puskar Karki
DY.S.P. Narayan Singh Khadka
Insp. Hira Bdr. Giri

*PHOTOGRAPHS*
DY.S.P. Sher Bdr. Karki
S.I. Kailash Rai

*PUBLISHER*
POLICE MIRROR
PUBLICATION BOARD
POLICE HEADQUARTERS

प्रहरी दर्पण
वार्षिक प्रकाशन
दर्ता नं. ०१/०४१

वर्ष १७, अंक १७, कात्तिक २०५७
Vol : 17, No. 17, November 2000

POLICE MIRROR
An Annual Publication
Regd. No. 01/041

Design & Printing: Apollo Offset Press (P) Ltd. Chabahil, Kathmandu. Tel: 481386, 471584
Color Separation: Qualitech Scan & Pre-Press Pvt. Ltd., Tripureshwor. Tel: 261314, 256396

# सम्पादकीय

# Editorial

**श्री ५ बडामहारानी ऐश्वर्य राज्यलक्ष्मी देवी शाह सरकारको** ५२ औं शुभजन्मोत्सवको पावन अवसरमा मौसुफ सरकारको सुस्वास्थ्य, दीर्घायु एवं अटल सौभाग्यको कामना गर्दै हार्दिक मंगलमय शुभकामना अर्पण गर्दछौं ।

नेपाल प्रहरी सदैव राष्ट्र, राजा र जनताको सेवामा पूर्ण समर्पित हुँदै जस्तोसुकै चुनौती आइपरे पनि आफ्नो कर्तव्य निर्वाहमा अदम्य साहस प्रदर्शन र आदर्श कायम राख्ने दिशामा दृढ संकल्पित रहँदै आएको छ । यो गौरवमय उपमा विगतमा प्रहरीका क्रियाकलापहरुले सुस्पष्ट पार्दछ ।

"प्रहरी सेवा नागरिकका लागि; नागरिकको सहयोग प्रहरीका लागि" यसै सद्संकल्पलाई आत्मसात गर्दै जनआकांक्षा अनुकूल बदलिंदो परिप्रेक्ष्यमा नेपाल प्रहरी जनसहभागितामूलक कार्यसंपादन शैलीमा अग्रसर हुँदै गरेको अवस्थामा देशका केही स्थानहरुमा शान्ति-सुरक्षामाथि देखापरेका चुनौतीको समाधान गर्न मन, वचन र कर्मले लागेको छ, अमूल्य जीवनको समेत पर्वाह नगरेर कर्तव्यक्षेत्रमा लागिपरेको छ ।

देशमा शान्ति-सुरक्षाको स्थितिलाई सुदृढ तुल्याउने दिशामा, नागरिकको सेवामा, अपराध नियन्त्रण एवं अनुसन्धान क्षेत्रमा, सवारी सुसंचालन एवं दुर्घटनाबाट धनजनको क्षति रोकथाम गर्ने कार्यलगायत राष्ट्रले सुम्पेको बहुमुखी जिम्मेवारी निर्वाह गर्न एकवर्षयता नेपाल प्रहरीले गरेका सत्प्रयासहरु र समर्पणलाई यस प्रहरी दर्पणमा सचित्र प्रस्तुत गर्ने प्रयास गरेका छौं । र, यो पनि आशा गरेका छौं कि नेपाल प्रहरीसम्बन्धी जिज्ञासा राख्नुहुने आदरणीय पाठकहरुका लागि केही मात्रामा भएपनि खुराक हुनेछन् । साथै, आगामी दिनहरुमा प्रकाशनको स्तरीयता तथा उपयोगिता अभिवृद्धिमा रचनात्मक सहयोगको समेत अपेक्षा गर्दछौं ।

**श्री ५ बडामहारानी सरकारको** शुभजन्मोत्सवको पुनीत उपलक्ष्यमा पुनः मौसुफ सरकारको सुस्वास्थ्य एवं दीर्घायुको कामना गर्दै नेपाल प्रहरी श्रद्धा-सुमनसहित सभक्ति यो प्रकाशन चढाउँछौं । र, प्रहरी दर्पण २०५७ प्रकाशित गर्न प्रत्यक्ष-अप्रत्यक्ष सहयोग पुर्याउनु हुने प्रहरी अधिकृत तथा जवानहरु एवं हौसला बढाई दिनुहुने विज्ञापनदाता सहयोगीहरुलाई प्रकाशन समिति हार्दिक आभार प्रकट गर्दछौं ।

On the auspicious occasion of the 52nd Birthday of Her Majesty the Queen Aishwarya Rajya Laxmi Devi Shah, we would like to express our best wishes for Her Majesty's good health, long life and happiness.

Being dedicated to the service of the nation, the King and the people, Nepal police has been firmly determined to demonstrate irrepressible courage and to maintain ideals in fulfilling one's own duty. These are revealed by the police activities of the past.

Nepal Police has adopted a advanced people's participation style of policing according to the people's expectation in the changing context. With the firm belief and slogan "Police service is for the citizens; citizens' support for the police", Nepal police has been fully determined to face the challenges seen in law and order in some parts of the country, without caring their lives.

This Police Mirror has tried to highlight the efforts and dedication of Nepal police to maintain the law and order situation, crime control and investigation, and fulfilling the multi facet responsibilities entrusted by the nation. And, it is hoped that this will be a source of information to some extent for those, who have interest in Nepal police.

# विषयसूचि




| | |
|---|---|
| वर्तमान चुनौतीमा नेपाल प्रहरी | १३ |
| अपराध नियन्त्रण र अनुसन्धान | १७ |
| नागरिक सेवाका लागि प्रहरी प्रयास | २१ |
| प्रहरी प्रशिक्षण तथा मानवस्रोत विकास | २५ |
| प्रहरी प्रशासन तथा व्यवस्थापन | २९ |
| प्रहरी नायव महानिरीक्षकहरुको प्रतिबद्धता | ३३ |
| नेपाल प्रहरीको विशेष पर्वोत्सव | ४३ |
| जनअभिव्यक्ति | ५८ |
| सवारीआवागमन सुसंचालन र दुर्घटना नियन्त्रण | ६३ |
| अपराध अनुसन्धानमा केन्द्रीय प्रहरी वैज्ञानिक प्रयोगशाला | ६७ |
| तालिममा नयाँ आयाम | ७५ |
| नेपाल प्रहरीमा सूचना व्यवस्थापन | ७९ |
| नेपाल प्रहरीको अन्तर्राष्ट्रिय सहभागिता | ८१ |
| सामाजिक क्रियाकलापमा प्रहरी सहभागिता | ८५ |
| प्रहरी कल्याणकारी योजना | ८९ |
| अमर प्रहरी | ९३ |
| विगत एक वर्ष एक झलक | १०५ |
| स्मृतिका पानाहरु | ११५ |
| खेलकूदका झलकहरु | ११७ |
| सचित्र समाचार | १२१ |
| पत्रपत्रिकामा नेपाल प्रहरी | १२७ |










# Contents


| | |
|---|---|
| Nepal Police Amidst Challenges | 15 |
| Crime Control and Investigation | 19 |
| Police Effort for Public Services | 23 |
| Police Training and Human Resource Development | 27 |
| Police Administration and Management | 31 |
| Commitments of Deputy Inspector Generals of Police | 33 |
| Special Police Ceremonial and Functions | 43 |
| People's Voice | 58 |
| Traffic System Management and Accident Control | 65 |
| A Glimpse of Central Police Science Laboratory in Criminal Investigation | 71 |
| Training Activities: Towards New Horizon | 77 |
| Information Management in Nepal Police | 79 |
| International Participation of Nepal Police | 83 |
| Police Participation in Social Work | 87 |
| Police Welfare Plan | 91 |
| Immortal Police | 99 |
| A Glimpse: Last One Year | 105 |
| Memories | 115 |
| Glimpses of Sports | 117 |
| Photo News | 121 |
| Nepal Police in News | 127 |

# वर्तमान चुनौतीमा नेपाल प्रहरी

सन् १९९० को दशकपछि शुरु भएको राजनैतिक प्रजातान्त्रीकरण र आर्थिक उदारीकरणका लहरहरूले विश्वका अधिकांश मुलुकहरुको सामाजिक, आर्थिक तथा राजनैतिक क्षेत्रमा व्यापक प्रभाव र परिवर्तनहरु हुन थाले । नेपालमा भएको २०४६ सालको जनआन्दोलन, प्रजातन्त्रको पुन:स्थापना र नयाँ संविधानको निर्माणलाई यसैको उपजका रूपमा लिन सकिन्छ । नेपाल अधिराज्यको संविधान २०४७ ले प्रजातन्त्र, मानवअधिकार र कानूनीराज्यको अवधारणालाई आत्मसात गरेको हुँदा नेपाली जनताका मानवमूल्य र व्यक्तिगत स्वतन्त्रताप्रति सचेत रही उनीहरुका जीउ, धन एवं मानवअधिकारको संरक्षण तथा सम्वर्द्धन गरी समाजमा शान्ति र व्यवस्था कायम गर्ने जस्ता अत्यन्त संवेदनशील दायित्व निर्वाह गर्ने प्रहरी संगठनमा पनि व्यापक प्रभावहरु देखिन थालेका छन् । त्यस्तै, प्रहरी र जनताबीचको सम्बन्ध, दृष्टिकोण र धारणामा पनि यसपछि क्रमिकरूपमा परिवर्तन हुन थालेको छ । "प्रहरीहरु शासक होइन, राष्ट्र, राजसंस्था र राष्ट्रवासीका सेवक हुन्, प्रहरीसेवा जनमुखी हुनुपर्छ र प्रहरीहरु जनताप्रति उत्तरदायी हुनुपर्छ" भन्ने मान्यताले क्रमश: स्थान लिन थालेका छन् ।

प्रजातन्त्रको पुन:स्थापना पश्चात् देशको सामाजिक, आर्थिक तथा राजनैतिक क्षेत्रमा व्यापकरूपमा सकारात्मक प्रभावहरु देखिए पनि शान्तिसुरक्षाका क्षेत्रमा थुप्रै जटिलता र चुनौतीहरु सृजना भएका छन् । नेपाली नागरिकहरुका आकांक्षामा



का.मु. प्रहरी महानिरीक्षक प्रदीप शम्शेर ज.ब.रा.बाट सम्बोधन

परिवर्तन, आवश्यकताहरुको अभिवृद्धि र सामाजिक मूल्य र नैतिक मान्यतामा आएको ह्रासबाट शान्तिसुरक्षा, अमनचैन बनाउने कार्य जटिल हुनथालेको महसुस गरिएको छ ।

वर्तमान समयमा स्रोत-साधनको सीमितता, कार्यक्षेत्रको विस्तार, व्यवस्थापनमा नयाँ-नयाँ अवधारणाको विकास पनि प्रहरी संगठनसामु चुनौतीको रूपमा उभिएको छ । हालैका दशक-पछि प्रहरी संगठनको संरचनात्मक स्वरूपमा व्यापक विस्तार एवं संगठनमा विभिन्न संस्कृति, संस्कार, मूल्य र मान्यता भएका सदस्यहरुको प्रवेशबाट प्रहरी संगठन व्यवस्थापन कार्य जटिल हुँदै आएको छ । शान्ति सुरक्षा, अमनचैन र अनुसन्धानसम्बन्धी हिंजोको दृष्टिकोण र शैलीमा भएको परिमार्जन र परिवर्तनबाट हाम्रो मूल्य, मान्यता र कार्यशैलीमा पनि प्रभाव पर्न थालेको छ ।




खासगरी प्रजातन्त्रको पुनर्वहालीपश्चात् सामाजिक, आर्थिक तथा राजनैतिक क्षेत्रमा देखिएका कुसंस्कार र विकृतिबाट जन्मेको आतंकवादी क्रियाकलाप वर्तमान समयमा प्रहरी संगठनको अलावा राष्ट्रको नै समस्या र चुनौतीको प्रमुख विषय भएको छ । अपराध रोक्ने र पत्ता लगाउने एवं जनसेवाका परम्परागत दायित्व निर्वाह गर्दै आएका वर्तमान प्रहरीहरुको लागि आतंककारी गतिविधि नियन्त्रण गर्ने जस्तो अत्यन्त चुनौतीपूर्ण कार्य थप चिन्ताको विषय भएको छ ।

हालैका वर्षहरुदेखि विश्व-समुदायमा विकास भएको Global Village को अवधारणाबाट पनि शान्तिसुरक्षा र अपराध-अनुसन्धानका क्षेत्रमा अनेकौं चुनौती र जटिलताहरु थपिएका छन् । यसका अलावा लागूऔषध, महिला बेचबिखन र आतंककारी क्रियाकलाप जस्ता संगठित अपराधहरुको विश्वव्यापीकरण झनै समस्याको रूपमा प्रस्तुत भएको छ ।

नेपाल प्रहरीले आफ्नो स्थापनाकालदेखि नै राष्ट्रले सुम्पिएको दायित्व निर्वाह र समयले सिर्जना गरेको चुनौतीहरुको कुशलतापूर्वक सामना गर्दै आएको छ । वर्तमान समयले सिर्जना गरेको थप चुनौती-हरुको सामनागर्न संगठनलाई तयार राख्न संगठनात्मक सुदृढीकरणलाई निरन्तरता दिइएको छ ।

वर्तमान चुनौतीको सामनागर्न हामीले हाम्रा सम्पूर्ण कर्म र ध्यानलाई केन्द्रित गरेका छौं । संगठनलाई समयानुकूल बनाउन र प्रहरीहरुमा कार्य-

कुशलता ल्याई जनताहरुलाई उच्चतम् सेवा प्रदान गर्न सेवाविशिष्टीकरणको अवधारणालाई आत्मसात गरी सोही-अनुसार कार्य थालनी गरिएको छ । मानवस्रोत विकासलाई महत्त्व दिई अधिराज्यका विभिन्न स्थानमा प्रशिक्षण केन्द्रहरुको स्थापना गरिएका छन् भने संगठनलाई आवश्यक पर्ने ज्ञान, सीप र प्रविधिको पहिचान गरी प्रहरी प्रशिक्षण-लाई त्यस दिशातर्फ निर्देशित गरिएको छ । प्रहरीसेवालाई मर्यादित र प्रतिष्ठित बनाउन प्रहरीआचरण र व्यवहारमा सुधार ल्याउनेतर्फ पनि महत्त्वपूर्ण पहल-हरु भइरहेका छन् । संगठनलाई स्रोत-साधन र प्रविधियुक्त बनाउँदै लैजाने र विद्यमान स्रोतसाधनको उच्चतम् परिचालनतर्फ संगठनले ध्यान केन्द्रित गरेको छ भने यस दिशातर्फ श्री ५ को सरकारले पनि अत्यन्त सदासयता देखाएको छ ।

सुरक्षा सम्वद्ध पक्षहरुवीच अझ वढी आपसी समझदारी, समन्वय र सामञ्जस्य भएमा मुलुकमा विद्यमान आतंककारी गतिविधिलाई नियन्त्रण गर्न थप टेवा पुग्नसक्ने महसुस गरिएको हुँदा त्यस्ता पक्षहरुवीच समन्वय कायम गरी श्री ५ को सरकारले सम्वद्ध पक्षहरु-लाई यस दिशातर्फ सक्रिय गराएको छ। प्रहरी संगठनले पनि आफ्ना सम्पूर्ण ध्यान यसैतर्फ केन्द्रित गराएको छ । केही समयपछि नै यसका सकारात्मक परिणामहरु देखिन थाल्नेछन् र मुलुकको शान्तिसुरक्षाको स्थिति सामान्य हुँदै जाने महसुस गरिएको छ ।

आतंककारी गतिविधि प्रभावकारी-रूपले नियन्त्रण गर्न सेवाविशिष्टीकरणको अवधारणा अनुरूप श्री ५ सरकारको निर्णयानुसार छुट्टै सशस्त्र प्रहरी बल (Para Military Force) गठनको प्रक्रिया अन्तिम चरणमा पुगेको छ । आवश्यकताअनुसार बल प्रयोग गरी शान्तिसुरक्षा कायम गर्ने कार्य यस Force ले गर्ने र वर्तमान प्रहरी संगठन अपराध रोकथाम तथा नियन्त्रण र जनसेवाको अन्य कार्यमा मात्र केन्द्रित हुन पाउने हुँदा दुवैतर्फ कार्यकुशलता (Working Efficiency) आई प्रहरी कार्य (Policing) अझ वढी प्रभावकारी र उपलब्धिमूलक हुँदै जाने छ । यसका अलावा संगठनात्मक सुधार तथा परिमार्जन, अपराध अनुसन्धानमा वैज्ञानिक साधनको अधिकतम् उपयोग र समसामयिक तालिम तथा जनशक्ति विकासका पहलहरुले भावी दिनहरुमा मुलुकको शान्तिसुरक्षा र अपराध-अनुसन्धान एवं नियन्त्रणको कार्यमा प्रभावकारिता आउने छ ।

वर्तमान चुनौतीहरुको सामना गर्न र संगठनको प्रभावकारिता वृद्धि गर्न हालैदेखि संगठनले प्रहरी कर्मचारीहरुमा व्यावसायिक दक्षता अभिवृद्धि गरी प्रहरी-सेवालाई प्रभावकारी बनाउन मानवस्रोत विकासका व्यवस्थित पहलहरु गरिने, संविधानप्रदत्त नागरिकहरुको मानव-अधिकार र स्वतन्त्रताको हनन् हुन नदिन प्रहरी-कार्यबाहीलाई त्यसतर्फ सचेत गर्ने, विकेन्द्रीकरणको अवधारणालाई अवलम्बन गरी केन्द्रमा भएका अधिकार र उत्तर-दायित्वलाई क्रमश: मातहत इकाईहरुलाई हस्तान्तरण गरिने र उनीहरुलाई नै जवाफदेही बनाइने, संगठनलाई सही दिशावोध गर्न सहभागितामूलक व्यवस्थापन पद्धती (Participative Management System) अवलम्बन गरिने, विद्यमान स्रोत-साधन र प्रविधिलाई अधिकतम् परिचालन गरी सांगठनिक लक्ष्य हासिलतर्फ उन्मुख गर्न आधुनिक व्यवस्थापन-पद्धती (Modern Management System) लाई आत्मसात गरिने, जटिलतम् चुनौतीको सामना गर्नको लागि संगठनलाई तयार राख्न Organizational Development र Management Development को प्रक्रिया थालनी गरिने, प्रहरी कर्मचारी-हरुलाई दायित्व निर्वाहप्रति अझ वढी उत्प्रेरित गर्न विशेष पहल गरिने, अन्तर्राष्ट्रिय प्रहरी संगठन (INTERPOL) र विदेशी प्रहरी संगठनहरुसंगको सम्पर्क र समन्वयमा अभिवृद्धि गरिने जस्ता कार्यनीति तर्जुमा गरी कार्यान्वयन प्रारम्भ गरिएको छ ।

## परिचय:

### प्रहरी महानिरीक्षक प्रदीप शम्शेर ज.ब.रा.:

*श्री ५ को सरकार मन्त्री परिषद्को २०५७ कार्तिक १५ गतेको निर्णयअनुसार श्री प्रदीप शम्शेर ज.ब.रा. नेपाल प्रहरीको सर्वोच्च पद प्रहरी महानिरीक्षकमा बढुवा हुनुभएको छ । यस अघि असोज १७ गतेको निर्णय अनुसार प्रहरी महानिरीक्षकमा उहाँ कायम मुकायम मुकरर हुनु भएको थियो ।*

*श्री ३ महाराज देव शम्शेरका पनाति, ले. ज. लव शम्शेरको नाति, ले.क. ढुण्डीराज शम्शेरका छोरा, प्रहरी महानिरीक्षक श्री जबरा वि.सं. २००४ सालमा काठमाडौं, थापाथलीमा जन्मनुभएको हो ।*

*एम.ए., बी.एल. (महेन्द्र विद्याभुषण) शिक्षा हासिल गर्नुभएका श्री जबराले वि.सं. २०२७ साल पुस १४ गते प्रहरी निरीक्षक पदबाट प्रहरीसेवामा प्रवेश गर्नुभएको थियो । त्यसपछि उहाँले अधिराज्यका विभिन्न जिल्ला प्रहरी कार्यालयदेखि*



*विभिन्न प्रहरी कार्यालयहरुमा प्रमुखको रूपमा कुशलतापूर्वक कार्यसम्पादन गरिसक्नु भएको छ ।*

*देश-विदेशमा गरी विभिन्न दशवटा व्यावसायिक तालिम हासिल गर्नुभएका श्री जबरा स्वदेश तथा विदेशमा समेत विभिन्न गोष्ठी तथा सेमिनारहरुमा सहभागी हुनुभएको छ । उहाँले नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्नुहुँदै विभिन्न अन्तर्राष्ट्रिय सम्मेलनहरुमा कार्यपत्र प्रस्तुत गर्नुभएको छ भने इन्टरपोलको महासभाहरुमा नेपाल प्रहरीको तर्फबाट भागलिनु भएको छ । श्री जबरा व्यावसायिक काम-कारवाहीको सिलसिलामा त्रिशक्ति पट्ट तेस्रा, गोरखादक्षिणबाहु तेस्रा, शुभराज्याभिषेक पदक, प्रहरी दीर्घ सेवा पट्ट, सेवा पदक, प्रहरी सेवा पदक, दुर्गम सेवा पदक, जनमत संग्रह पदक, गद्दी आरोहरण रजत महोत्सव पदकलगायत विभिन्न वाह्रवटा पदकहरुद्वारा सुशोभित हुनुभएको छ ।*

*नेपाल कराँते महासंघका उपाध्यक्ष, विश्व हिन्दु एकता महासंघका आजीवन सदस्यसमेत रहनुभएका प्रहरी महानिरीक्षक श्री जबराका प्रहरीसेवा सम्बन्धी दर्जनौं व्यावसायिक लेख रचनाहरु प्रकाशित भएका छन् । उहाँले अमेरिका, चीन, बेलायत, अष्ट्रेलिया, फ्रान्स, सिंगापुर, जर्मनी, नेदरल्याण्ड, स्वीट्जरल्याण्ड, भारत, जापान, युनाइटेड अरब इमिरेट्स, हङकङ, बैङ्कक, दक्षिण कोरियालगायत विभिन्न राष्ट्रहरु र स्वदेशका अधिकांश जिल्लाहरुको भ्रमण गर्नुभएको छ ।*

*प्रहरी कर्मचारीको हितकल्याणका दिशामा सदा तत्पर रहनुहुने श्री जबरा मानवस्रोत विकास, सुस्पष्ट कार्यसम्पादन नीति, स्वच्छ प्रहरी आचरण-व्यवहार, मानवअधिकार संरक्षण, जनसहभागितामा आधारित कार्यसम्पादन शैली एवं कार्यसम्पादनमा निष्ठा, निष्पक्षता र कार्यगत् सामूहिक भावनालाई विशेष जोड दिनुहुन्छ ।*

# Nepal Police Amidst Challenges




*Acting Inspector General of Police P.S. JB Rana*

The wave of political democratization and economic liberalization after the decade of 1990, there has been many impacts and changes in the social, economic and political aspects of almost all the countries of the world. The people's movement of 1990, restoration of democracy and formation of the new constitution can be considered as its outcome. The constitutional provision of protection of human rights have substantial impact upon policing. The police organization is aware of the human value and individual freedom of Nepalese citizen. There has been gradual change in the relationship, vision and concept between police and the people. The reality that police is not a ruler, but servant of the nation, and countrymen; police service should be people oriented and police should be responsible to the people is gradually taking shape.

Even though there has been extensive positive impacts on social, economic and political arena of the country after the restoration of democracy, many complications and challenges have come up regarding law and order. The change in the expectation of Nepali citizens, increase in needs and degradation of social values and moral values, have made the maintenance of law and order more difficult.



*Workshop Seminar on crime investigation*

Due to multiple duties, limited resources, police organization is facing challenges. Because of the expansion of organizational structure and entry of members with different culture, rituals, values and assumptions, the management has become compli-

cated. The need for a new vision, strategies have been felt strongly.

Specially after the restoration of democracy, the terrorist activities have started out of socio-economic and political reasons. This has been not only police problem but also the national problem. It has been a matter of grave concern to police, which was earlier engaged in dealing with social crimes.

The recent development of global village concept has further fueled challenges. It has made the situation more challenging. The globalization of drugs, women trafficking and terrorist activities have come up as new and larger challenges for police.

Nepal Police has accomplished its responsibilities since its establishment. Strengthening of Police organization has been given priority.

We have devoted our attention and efforts to face current challenges. In order to update police competency, much stress have been given over the specialization. Many training institutions have been established to provide training to Police. Training needs have been addressed through these institutions. The productivity of limited resources has been always kept in mind. His Majesty's Government has been very keen in these matters.

The understanding, cooperation and coordination among security agencies have been initiated with view to combat terrorist activities in the country. Police have given its fullest attention in this direction. It is pertinent that after some time these efforts will bear positive results.

With a view to tackle terrorist activities, HMG has taken decision to form a Para-military force. This force will maintain law and order in the country. The civil Police will concentrate on routine jobs of prevention and investigation of crimes. Both these forces will be made efficient for more effective policing.

The crime Investigation Department will be further strengthened to enable it to improve its performance. Modern scientific equipment and required training will also be provided to accomplish assigned duties.

Planned and well-thought steps will be taken to reform existing structure of Police. The human resource development will be further initiated. The protection of rights of citizen will be given optimum priority. The principle of decentralization and accountability will be practiced. The participatory management will be adopted. Many new steps will be taken to boost up the morale of police.

The networking with INTERPOL and other national and international organization have been initiated and it will be further accelerated.

# Introduction

## Inspector General of Police Pradeep Shamsher JBR

*As per the cabinet decision of October 31, 2000 Mr. Pradeep Shamsher JBR has been promoted as Inspector General of Police, the highest position in Nepal Police. Prior to this date he was promoted as acting IGP on October 3, 2000.*

*Great grandson of Shree 3 Maharaj Deva Shamsher, grandson of Lieutenant General Lava Shamsher, son of Lieutenant Colonel Dhundiraj Shamsher, Inspector General of Police Mr. JBR was born in 2004 B.S. in Thapathali, Kathmandu.*

*He holds Masters degree in History First class with distinction (Mahendra Vidyabhushan) and graduate in Law. He joined police service on 29th of December, 1970 from the position of Police Inspector. Since then he has accomplished his job in different district police offices.*



*Mr. JBR. has attended various professional trainings in and outside the country and has participated in different seminars and conferences. He has led Nepali delegations to international conferences and presented papers. Mr. JBR has been awarded with various medals and decorations.*

*Mr. JBR is vice president of Karate Federation, Life long member of World Hindu Federation. He has published dozens of professional articles regarding policing. He has traveled to America, China, UK, Australia, France, Singapore, Germany, Netherlands, Switzerland, India, Japan, United Arab Emirates, Hongkong, Bangkok, South Korea. He has travelled in almost all districts of Nepal.*

*Mr. JBR is always eager for welfare of his staff. He emphasizes on police ethics, protection of human rights, participatory management, loyalty, fair and efficient administration and team spirit.*

# अपराध नियन्त्रण र अनुसन्धान




प्र.अ.म.नि. कृष्णमोहन श्रेष्ठ

समाजमा घटित अपराधहरुको सफल अनुसन्धानले जनमानसमा प्रहरीप्रतिको धारणा सकारात्मक हुन जानुको साथै सगठनको उद्देश्य प्राप्तिमा समेत सहयोग पुग्ने कुरा निर्विवाद छ । हाल विज्ञानका क्षेत्रमा भएको नवीनतम् आविष्कारहरुको दुरुपयोगबाट अपराध जगतमा नयाँ नयाँ कार्यशैलीद्वारा अपराधका घटनाहरु हुने गरेबाट अपराध अनुसन्धान कार्य दिनानुदिन जटिल र चुनौतीपूर्ण बन्दै गइरहेको यथार्थ हाम्रोसामु विद्यमान छ । यस चुनौतीको सामना गर्न सेवा-विशिष्टीकरणको अवधारणालाई मूर्तरूप दिंदै अनुसन्धानका क्षेत्रमा कार्यरत् सम्पूर्ण प्रहरी कर्मचारीहरुलाई स्वदेश तथा विदेशमा समयानुकूल तालिममा सहभागी गराउने र अनुसन्धानका क्रममा वैज्ञानिक साधनहरुको अधिकतम् प्रयोग गराई अपराधको सफल अनुसन्धान गरी अपराधीलाई उचित दण्ड दिलाउने अवस्थाको सृजना गर्नेतर्फ जोड दिने नीति लिइएको छ ।

विगतका दिनहरुमा भौतिक सबुदहरुको परीक्षण RONAST बाट मात्र हुने गरेको र परीक्षणको प्रतिवेदन विविध कारणले समयमै उपलब्ध हुन नसकेको अवस्थामा अपराध अनुसन्धानका साथसाथै न्यायसम्पादनक्षेत्रमा समेत विलम्ब हुन गई जनमानसमा प्रहरी तथा न्यायिक निकायप्रतिको धारणा नकारात्मक देखिएकोले नेपाल प्रहरीको सक्रियतामा श्री ५ को सरकारको निर्णय र DANIDA को महत्त्वपूर्ण सहयोगमा "केन्द्रीय प्रहरी वैज्ञानिक प्रयोगशाला" को पुनर्स्थापना गरी औंठाछाप तथा छायाचित्रकारिता शाखा समेतलाई समायोजन गरेपश्चात् भौतिक सबुद प्रमाणहरु परीक्षणको क्षेत्रमा अपेक्षाकृत सुधार भएको महसुस सबै पक्षबाट भएको छ । यसको अतिरिक्त भौतिक सबुदहरुको परीक्षणलाई छिटो छरितो तथा सर्वसुलभ बनाउन क्षेत्रीयस्तरसम्म वैज्ञानिक प्रयोगशालाको स्थापना गर्ने लक्ष्य राखिएको छ । विष्फोटन पदार्थ तथा लागू औषधको पहिचानलगायत जघन्य अपराधहरुको अनुसन्धानमा तालिमप्राप्त कुकुरहरुको अधिकतम् प्रयोग गर्ने हेतुले क्षेत्रीयस्तरसम्म क्षेत्रीय प्रहरी कुकुर शाखा स्थापना गर्ने योजना अनुरूप पूर्वक्षेत्रको धरान र पश्चिमक्षेत्रको पोखरामा क्षेत्रीय कुकुर शाखा स्थापना भई कार्य सञ्चालनसमेत भइरहेको र मध्यपश्चिमक्षेत्रको नेपालगञ्जमा पनि क्षेत्रीय कुकुर शाखा स्थापनार्थ भौतिक पूर्वाधार तयार गर्ने कार्य भइरहेको छ ।

अभियुक्तको बयानभन्दा प्रमाण उन्मुख अनुसन्धान प्रक्रियामा जोड दिनुको साथै राज्यव्यवस्थाले प्रत्याभूति दिएको मानवअधिकारको संरक्षणतर्फ सचेत भई क्रमिकरूपमा हिरासत व्यवस्थापन पक्षलाई समेत सुदृढ एवं व्यवस्थित गर्ने नीति अवलम्बन गरिंदै आइएको छ । समसामयिक अपराध-कार्यविधि तथा शैलीहरुको पहिचान गरी अपराध अनुसन्धानको पक्षलाई परिमार्जित गर्दै लैजाने उद्देश्यले केन्द्रीय इन्टेलिजेन्सलाई प्रभावकारी बनाइएको र वर्तमान अपराध एवं अपराधप्रवृत्तिको गहन अध्ययन, अनुसन्धान र विश्लेषण गरी




आर्थिक वर्ष ०५७/५८ को लागि National Crime Detection Target निर्धारण गरी सोहीअनुरूप सबै इकाईहरुले कार्य गर्ने व्यवस्था मिलाउनेतर्फ अग्रसर रहनुका साथै विधिविज्ञान प्रयोगशालाको औंठाछाप शाखामा Automated Fingerprint Identification System (AFIS) लगायत अन्य थप आधुनिक उपकरणहरुको व्यवस्था गर्दै अपराध अनुसन्धानलाई समयानुकूल प्रमाणमुखी बनाउँदै अगाडि बढ्ने हाम्रो प्रयास रहेको छ ।

# अपराध प्रवृत्ति तालिका
(आ. ब. २०५६-०५७)







# Crime Control and Investigation



*Scientific examinations of physical evidence.*

With the successful investigation of crimes that occur in the society it is indisputable that the concept of general public towards the police will be positive and that it helps to attain the goal of the organization. From the misuse of recent scientific innovations, inventions and discoveries and from the advanced modus operendi of crime in the world there prevails a fact that the crime investigation has become more aand more complicated and challenging day by day. To encounter this challenge, giving the service specialization concept a concrete shape a policy has been taken to make all the police staff who are working in the investigation field to participate in the appropriate training with in the contry and abroad and to create a situation of giving an appropriate punishment to the criminals.

In the past, physical evidences were tested only by RONAST and because the test reports were not available in time for various reasons the investigation and judicial proceedings were delayed, and thus the general public had negative concept towards the police and judicial body. For this reason, with the initiative of Nepal Police, the decision of the HMG and with an important support from DANIDA a "Central Police Scientific Laboratory" was reinstalled, and after combining the fingerprint department and photography department comparatively all the concerned have felt the improvement in the field of testing physical evidents. We have aimed towards opening scientific laboratory to the regional level to make the physical evidence testing quick and accessible. In addition to this, aiming the maximum use of trained dogs in investigating heinous crime including identification of explosive materials and drugs and in accordance with the plan to setting up of a Regional Dog Branch. The setting up of Regional Dog Branch in Dharan in eastern region and in Pokhara in western region is being organized and setting up of physical infrastructure in Nepalgunj in mid-western region is on the process.

Being conscious with the protection of human rights, which is guaranteed by the government through the constitution as well as emphsizing more on evidence oriented investigation process than on criminal's statements, a policy of gradually making the custody management firm and organized, is being applied. In view of refining the crime investigation by identifying contemporaneous crime procedure and styles the Central Intelligence has been made effective. And, by doing abstruse study, investigation and analysis of present crime and crime pattern National Crime Detection Target for the fiscal year 057/58 will be determined. And, in accordance with this advancing to manage all the units to work as well as arranging additional modern equipment, including Automated Fingerprint Identification System (AFIS) in the Fingerprint Department of Forensic Laboratory, our effort will be to go ahead by making the crime investigation suitable to changing time and evidece oriented, making the crime investigation suitable to the changing time.



*Security checking by trained dogs.*

# Trend of Heinous Crimes

## Fiscal Year 1999-2000







# नागरिकसेवाका लागि प्रहरी प्रयास



*प्र.अ.म.नि. रामकाजी बान्तवा*

मुलुकमा शान्ति सुव्यवस्था तथा अमनचैनको वातावरण कायम गरी आमजनतामा सुरक्षाको प्रत्याभूति प्रदान गर्ने प्रहरी संगठनको दायित्व निर्वाह गर्ने क्रममा सरलता, सुगमता र शीघ्रता ल्याउनका लागि कार्य विभागको स्थापना भएको हो । प्रहरी संगठनमा उपलब्ध स्रोत, साधन र जनशक्तिलाई क्रियाशील बनाई योजनाबद्ध ढंगले अधिराज्यभर परिचालन गराई आफ्नो उद्देश्यप्राप्तिका लागि कार्यविभाग गतिशील रहिआएको छ ।

विज्ञान र प्रविधिले फड्कोमारेको अवस्थामा अपराध शैलीमा पनि नयाँ-नयाँ प्रविधि देखापर्नु, खुला राजनीतिक वातावरण तथा बढ्दो गैर-कानूनी क्रियाकलाप, दक्षिणतर्फको खुल्ला सीमानाका कारण सीमावर्ती अपराध र संगठित अपराधहरु, उत्तरतर्फबाट तिबेतियनमूलका व्यक्तिहरु लुकिछिपी आउने प्रवृत्ति तथा बढ्दो सवारी दुर्घटनाहरु एकातिर देखिएका छन् भने अर्कोतिर बाढी, पहिरो, भूस्खलन आदि जस्ता दैवीप्रकोपका घटना, शान्ति-सुरक्षाका क्षेत्रमा देखिएका चुनौतीहरु हुन् । विगत केही वर्षदेखि जनयुद्धको नाउमा सञ्चालित आतंककारी गतिविधिले मुलुकमा सिर्जना गरेको हिंसात्मक र ध्वंसात्मक क्रियाकलापले शान्ति-सुरक्षाको क्षेत्रमा गम्भीर चुनौती खडा गरेको छ ।

आपराधिक गतिविधिहरुलाई नियन्त्रण एवं समाधान गर्नको लागि कार्य विभागबाट जनचेतना जगाउने खालका कार्यक्रमहरु सञ्चालन गरिएका छन् भने अपराध नियन्त्रणार्थ सामयिक योजनाहरु बनाई मातहत इकाईहरुमा निर्देशित गरिदै आइएको छ । बढ्दो सवारीचापलाई व्यवस्थित गर्न तथा सवारी दुर्घटनालाई नियन्त्रण गर्न चरणबद्धरूपमा ट्राफिक प्रहरी कार्यालयहरुको स्थापना गर्दै लगिने लक्ष्य राखिनुका साथै यातायातसँग सम्बद्ध सरकारी तथा गैरसरकारी कार्यालयहरुसँग समन्वय राखी जनचेतना जगाउने, अधिराज्यभर आवागमन सम्बन्धी अल्पकालीन तथा दीर्घकालीन योजना तयार गर्ने, प्रशिक्षित जनशक्ति तयार गर्ने, अध्ययन अनुसन्धान गर्ने र कार्ययोजनाको अनुगमनगर्ने दिशामा सवारी नियन्त्रण महाशाखा क्रियाशील रहेको छ ।



*समाजको शान्तिलाई बिथोल्ने आतंककारीका हातहतियार र विस्फोटक पदार्थ प्रहरीद्वारा बरामद ।*

राजनैतिक दलहरु तथा संघसंस्थाबाट आयोजना गरिने हड्ताल, नेपालबन्द, चक्काजाम तथा बेलाबखतको दैवीप्रकोपबाट सर्वसाधारणमा प्रतिकूल प्रभाव पर्न नदिन योजनाबद्धढंगमा कार्य महाशाखाले कार्यसम्पादन गर्दै आएको छ भने अन्तर्राष्ट्रिय आतंकवाद तथा विभिन्न संगठित अपराधलाई दृष्टिगत गरी स्वदेशी/विदेशी विशिष्ट व्यक्तिहरुको सुरक्षा व्यवस्था प्रभावकारीढंगले सम्पन्न गर्न गराउन सुरक्षा महाशाखाबाट व्यवस्थापन प्रशिक्षण तथा निर्देशन गरिदै आइएको छ ।

माओवादी भनिने आतंककारी समूहबाट सञ्चालित आतंककारी क्रियाकलापलाई नियन्त्रण गर्न विशिष्ट तालिमप्राप्त नेपाल प्रहरी विशेष कार्यदल गठन गरिनुका साथै आतंककारीहरुका क्रियाकलापको विश्लेषण गरी नयाँ रणनीति तय गर्दै मातहत इकाईहरुलाई समयानुकूल प्रशिक्षण र निर्देशित गर्ने कार्य आतंकवाद नियन्त्रण महाशाखाबाट गरिदै आइएको छ । दिनप्रतिदिन बढ्दै गइरहेको प्रहरीको कार्यक्षेत्रले पनि प्रहरी कार्य अझ जटिल बन्दै गइरहेको छ । सशस्त्र प्रहरी शक्तिलाई समयानुकूल सीपयुक्त र दक्ष बनाउन शाही नेपाली सेनाबाट प्रशिक्षण दिलाउने चरणबद्ध योजनाको कार्य प्रारम्भ भइसकेको छ । शान्ति-सुव्यवस्थाको सुदृढ व्यवस्था मिलाउन भावीदिनहरु अझ चुनौतीपूर्ण हुने तथ्यलाई स्वीकार्दै प्रहरीलाई हातहतियार, सञ्चार र साधनस्रोतले अझ बलियो बनाउने दिशामा समेत कार्य प्रारम्भ भइसकेको छ ।

यसरी मुलुकमा देखापरिरहेका चुनौतीहरुलाई डटेर नियन्त्रणमा लिई सर्वसाधारणमा सुरक्षाको प्रत्याभूति दिलाउन कार्य विभाग निरन्तर चिन्तनशील एवं प्रयत्नशील रहेको छ साथै आगामी दिनहरुमा विभाग अन्तर्गतका महाशाखा तथा शाखाहरुको सेवा विशिष्टीकरण गर्ने कार्यमा विशेष पहलकदमी गरिने योजना रहेको छ ।

# Police Effort for Public Services

The Operation Department was set up to bring about simplicity, convenience and promptness of police services by maintaining an environment of peace and tranquility in the country. The Department is committed towards attaining this objects by mobilizing the available resources, equipment and manpower in a planned and effective manner.



*Police controlling the mass*

In the beginning of the new millennium, the area of science and technology is progressing rapidly and so are the techniques and methods of the criminals. Lately, the open political environment has seen an increase in illegal acts and terrorist activities in the country. Organized crimes and illegal entry is rampant in the border areas. In addition to this, Nepal is a disaster prone zone therefore natural calamities such as floods, landslides, earthquakes, etc. occur frequently.

In order to meet these challenges, the Department has prepared contingency plans and been giving appropriate instructions to sub-ordinate Units to act accordingly. The Anti Terrorist Division was constituted to control the terrorist activities carried out by so-called "Maoist" activists at various remote districts. A special Police Task Force is already operational and efforts are underway in providing related trainings to the Police Personnel by the military in a phase wise manner. The personnel will also be equipped with sophisticated arms and equipments in the near future.

The Operation Division is directly involved in maintaining public order. It makes sure that the strikes and demonstrations directed against the government does not affect the day-to-day life of the general public. The Security Division is in control of the movement of VIP's and foreign dignitaries. Its personnel are provided special security management courses for fulfilling their duties.

The Traffic control Division is active in increasing peoples' awareness, preparing short term and long term plans for the smooth flow of vehicles all over the country and providing training to the manpower. New Traffic Police Offices will be set up phase-wise to manage the increasing vehicle pressure and control automobile accidents.

In this way, the Operation Department is continuously thoughtful and effortful to bring the challenges under control and guarantee security to the general public. In the near future special initiatives will be undertaken to specialize the services of the Divisions and Sections under it.



*Explosive materials and other things that police seized from the terrorists.*

# प्रहरी प्रशिक्षण तथा मानवस्रोत विकास



प्र.अ.म.नि. हालमान थापा

प्रशिक्षण र मानवस्रोत विकास एक अर्काका परिपूरक पक्षहरु वा एउटै सिक्काका दुई पाटाहरु हुन भन्नुमा अतिसयोक्ति नहोला । विनालक्ष्यको तालिम र विना तालिमको दक्ष मानवस्रोत विकासको परिकल्पना गर्न सकिन्न । आजको एक्काइसौं शताब्दीमा केवल व्यक्तिमा अन्तर्निहित स्वस्फूर्त क्षमता र अनुभवले मात्र सगठनको आवश्यकता पूरा गर्न सक्दैन । एउटा जिम्मेवार निकायले आफ्नो जिम्मेवारीलाई विश्वसनीय र सशक्त ढंगले निर्वाह गर्न आफ्नो दक्ष जनशक्तिमा पूर्ण रूपले निर्भर रहनु पर्दछ । जबकि दक्ष जनशक्ति अथवा मानवस्रोतको विकास उक्त निकायले अवलम्बन गरेको प्रशिक्षण नीति तथा विधिमा भर पर्दछ । यसै परिप्रेक्ष्यमा नेपाल प्रहरीले प्रशिक्षण तथा मानवस्रोत विकासको महत्त्वलाई प्राथमिकता-का साथ विभागको स्थापनाकालदेखि नै श्रीमहलको घोडातबेलादेखि हाल राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान तथा तालिम निर्देशनालय-सम्मको इतिहासमा विविध समसामयिक तथा आधारभूत विषयहरुमा प्रशिक्षण कार्य संचालनगरी आवश्यक मानवस्रोत विकासक्रमलाई अझबढी समयसापेक्ष गर्दै लागिएको छ ।

कुनै पनि सगठनमा मानव-स्रोतलाई मेरूदण्डको रूपमा लिइन्छ । दक्ष एवं कुशल जनशक्तिको माध्यमबाट मात्र सगठनले आफ्नो अस्तित्वको जगेर्ना गर्न सक्तछ । कार्यकुशलता भन्ने कुरा स्वस्फूर्त सृजना हुने चिज होइन बरु यसको प्रभावकारिता सगठनको लक्ष्य प्राप्त गर्नको लागि व्यवस्थित गरिएको तालिमको स्तर तथा उपलब्ध साधन र स्रोतमा निर्भर गर्ने गर्दछ । सगठनमा तत्काल र भविष्यमा आवश्यक पर्ने तथ्यगत जनशक्तिको योजनाबद्ध विश्लेषण तथा गुणात्मक उत्पादनको लागि उचित प्रविधि र साधनलाई समयानुकूल परिचालन गरी लक्ष्य अनुरूप दक्ष एवं योग्य जनशक्ति उत्पादन गर्नु नै मानवस्रोतको विकास हो ।

यसै परिप्रेक्षमा राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानले आफ्नो स्थापनाकालदेखि नै तालिमको माध्यमबाट मानवस्रोत विकासको लागि विभिन्न प्रकृतिका प्रशिक्षण संचालन गर्दै आइरहेको छ । प्रहरी कर्मचारीको आचरण, व्यवहार, मनोविज्ञान एवं मनोवृत्तिमा सुधार ल्याउनुको साथै अन्तर्निहित प्रतिभालाई समेत उजागर गर्दै व्यावसायिक कार्य-दक्षतालाई अभिवृद्धि गराउनुमा प्रशिक्षणको अहं भूमिका रहेको हुन्छ । सेवा विशिष्टीकरणको अवधारणा अनुरूप प्रशिक्षण व्यवस्थापनका लागि प्रतिष्ठानले प्रहरी निरीक्षक आधारभूत तालिम, प्रहरी अधिकृत (प्राविधिक) आधारभूत तालिमका साथै नीतिनिर्माता, सुपरीवेक्षक तथा कार्यक्षेत्रमा खटिने प्रहरी अधिकृतहरुका लागि विभिन्न किसिमका उन्नत तालिमहरु सञ्चालन गर्दै आइरहेको छ । यसका अलावा केन्द्रीयस्तरमा अपराध अनुसन्धान विद्यालय, प्रहरी तालिम महाविद्यालय, सशस्त्र प्रहरी तालिम महाविद्यालय एवं क्षेत्रीयस्तरमा क्षेत्रीय प्रहरी तालिम केन्द्र समेतको स्थापना भई विभिन्न किसिमका प्रहरी अधिकृत तथा जवानहरुको आधारभूत एवं उन्नत तालिमहरु सञ्चालन हुँदै आइरहेका छन् ।

यसै गरी प्रहरी कर्मचारीलाई जनमुखी, सेवामुखी र कर्तव्यनिष्ठ राष्ट्रसेवकको रूपमा प्रस्तुत गर्नको लागि प्रशिक्षण व्यवस्थालाई कं कसरी सुदृढ, सुव्यवस्थित र समयानुकूल बनाउन सकिन्छ भन्ने सन्दर्भमा यस प्रशिक्षण प्रतिष्ठानले समाजका विविधक्षेत्रसंग सम्बन्धित स्वदेशी तथा विदेशी प्रतिनिधिहरुबीच समय-समयमा विभिन्न विषयमा सेमिनार, कार्यशाला गोष्ठी र अन्तरक्रिया कार्यक्रम समेतको आयोजना गर्दै आइरहेको छ ।

अभाव र आवश्यकताभित्र नै सृजनशीलताको विकास हुन्छ । सोही भनाइअनुरूप नेपाल प्रहरीले आफ्नो जनशक्ति, स्रोतव्यक्ति, भौतिकपूर्वाधार, शैक्षिक र प्राज्ञिकस्तरलाई यथोचित विकास गर्न यथासम्भव प्रयास गर्दै आएको कुरामा दुईमत नहोला । बनेपास्थित प्रस्तावित प्रहरी प्रतिष्ठानको निमित्त जग्गा खरीद कार्य, ब्रिटिश नेपाल पुलिस प्रोजेक्ट अन्तर्गत सञ्चालित विविध प्रशिक्षण कार्यक्रम, स्रोतव्यक्ति उत्पादन, विभिन्न दातृराष्ट्रहरुसगको प्राविधिक विकासको निम्ति भएका सम्झौताहरु र राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानमा निकट भविष्यमा अपराधशास्त्र तथा अन्य विषयहरुमा Masters Degree सञ्चालनार्थ सम्बन्धन प्राप्त गर्नको लागि हुँदै गरेका प्रयासहरु विभागलाई आत्मनिर्भर गराउनेतर्फ यस राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानले गरेका केही महत्त्वपूर्ण कदमहरु हुन् । यस्ता क्रियाकलापहरुबाट नै दक्ष जनशक्ति तथा स्रोतव्यक्तिहरुको विकासमा टेवा पुग्ने भएकोले आगामी दिनहरुमा अझबढी परिस्कृत र समयसापेक्ष रूपले निरन्तरता दिन राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान कटिबद्ध रहेको छ ।

# Police Training and Human Resource Development

It may not be an exaggeration to say that training and human resource development are supplementary or two sides of a coin. Training without goals and competent human resource without training cannot be presumed. In this twenty-first century, only an intutive capability inherent in a person and his experience alone cannot fulfill the needs of an organization. For a responsible body to have its duties fulfilled faithfully and effectively it has to depend fully on its competent human resources. Where as the development of competent manpower or human resources depends on the training policy or the method that the concerned body follows. In this context, Nepal Police has been tuning the human resource development process with time in its history from its inception from horse-stable time to National Police Training Academy and Training Directorate by organizing training in various contemporaneous and basic subjects.

In any organization, human resource development is considered as a backbone. An organization can protect its existence only through its effective manpower. Work efficiency does not come intuitively rather its efficiency depends on the quality of the training organized for achieving the goals of the organization and available materials and resources. Human resource development is the planned analysis of factual manpower required immediately and in the future and to produce competent and capable manpower by appropriate techniques and mobilizing resources in tuned with time for qualitative output.



*Training for the better health and enlightenment*



*Knowledge and skill should be obtained before going to the field.*

In this context, National Police Training Academy has been conducting various training programmes for human resource development through training from its inception. Training has a significant role in improving the habit, behaviour, psychology and attitude as well as promoting the professional work efficiency of police staff by manifesting their inherent talent. In accordance with the concept of service specialization for training management the academy has been conducting police inspectors basic training, police officers (technical) basic training and various kinds of advance training have been conducted for policy makers, supervisors and for those police officers who are deputed to the field. Beside this, after stablishing the Crime Investigation School, Police Training College and Armed Police Training College in central level and Regional Police Training Centre in regional level different types of basic, improved and enhanced training for police officers and constables are being conducted.

Similarly, to present the police staff as people oriented, service oriented and dutiful servant of the nation. this Academy has been organizing seminars, workshops and interaction programmes in different subjects among indigenous and foreign nationals related to various areas of the society in regard to the ways to making the training management firm, well organized and updated.

The creativity develops within the shortage and needs. Confirming this, there is no difference in opinion that Nepal Police has been trying for proper development of its manpower, resource person, physical infrastructure, educational and academic quality as far as possible. Purchase of land in Banepa for proposed Police Academy, various training programmes conducted under British Nepal Police Project, agreements with different donor countries for technical development and the efforts made for affiliating Nepal Police Training Academy for master's degree in criminology and other subjects in the near future are some of the important steps that the National Police Training Academy has taken to make the department self-sufficient. Because such activities can support the development of competent manpower and resource persons the National Police Training Academy is determined to continue this in a refined and updated manner.

# प्रहरी प्रशासन तथा व्यवस्थापन



*प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाबाट वरिष्ठ प्रहरी अधिकृत सम्मेलनलाई सम्बोधन*

**प्र**हरी संगठन एउटा गतिशील इकाई हो, यसका स्वरूप क्रियाकलाप र व्यवहार समयसापेक्ष हुन नितान्त जरुरी हुन्छ भन्ने व्यवस्थापकीय मान्यतालाई हाम्रो संगठनले पनि अंगीकार गरी यसलाई निरन्तरता दिंदै आइरहेको छ । सामाजिक, आर्थिक तथा राजनैतिक जनजीवन, विश्वपरिवेश तथा मानवआकांक्षामा आएको परिवर्तनबाट शान्ति, सुरक्षा एवं अमनचैन जस्तो अत्यन्त संवेदनशील र गहन दायित्व बोकेका प्रहरी संगठनमा पनि प्रभाव र परिवर्तनका लक्षणहरु देखिन थालेका छन् । यस स्थितिमा आधालाखभन्दा बढी जनशक्ति भएको हाम्रो संगठनको व्यवस्थापनकार्य पनि जटिल र चुनौतीपूर्ण हुँदै आइरहेको आभास पाइएता पनि वैज्ञानिक तथा व्यावहारिक व्यवस्थापन पद्धतिको माध्यमद्वारा संगठनका सदस्यहरुलाई वर्तमान एक्काइसौं शताब्दीले सिर्जना गरेको र भोलि उत्पन्न हुन सक्ने हरेक चुनौतीहरुको सामना गर्न तयार राखिएको छ । यसका अलावा विद्यमान स्रोत-साधन र जनशक्तिको अधिकतम् परिचालन गरी सांगठनिक लक्ष्य हासिल गर्न प्रहरीसेवालाई जनसमक्ष सर्वसुलभ बनाई गुणस्तरीय सेवा प्रदान गर्न प्रहरी व्यवस्थापन भरमग्दुर क्रियाशील छ ।

संगठनले सेवा-विशिष्टीकरणको सिद्धान्तलाई मूलनीतिको रूपमा अंगीकार गरेकोले कार्य-विशिष्टीकरण समेतको महसुस हुन गई प्रहरी संगठनमा प्रशासन विभाग, कार्य विभाग, अपराध अनुसन्धान विभाग तथा मानवस्रोत विकास विभागको रूपमा राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानको स्थापना गरी क्रियाशील छ । उपलब्ध साधन-स्रोत र जनशक्तिको प्रभावकारी परिचालन गरी सांगठनिक लक्ष्य हासिल गराउने मूल जिम्मेवारी बोकेको प्रशासन विभागले विभिन्न नीति तथा कार्य योजनाहरु तय गरी कार्यान्वयन गर्दै आइरहेको छ ।


*पदक सुशोभन*

संगठनमा विद्यमान मानवीयशक्तिलाई उत्साहित, लगनशील र कर्तव्यपरायण बनाइराख्न तथा अन्तरनिहित सम्पूर्ण सीप, जाँगर, क्षमता, योग्यतालाई संगठनको सुसंचालन र निर्धारित उद्देश्य प्राप्तितर्फ प्रवाहित गर्न उपलब्ध स्रोत-साधनको अलावा आन्तरिक स्रोत-साधनको समेत उच्चतम् परिचालन गरिंदै आइरहेको छ । प्रहरी कर्मचारी व्यवस्थापनपक्षको भर्ना, सरुवा, बढुवा र गयलखाली संशोधन, कल्याणकारी सेवा आदि सम्बन्धी कुराहरुलाई व्यवस्थित गरी पारदर्शी बनाउने प्रयास श्री ५ को सरकार गृह मन्त्रालयबाट अनुमोदन गराई लागु गर्ने कार्य वि.सं. २०५५ सालदेखि नै शुरु भए तापनि त्यस सम्बन्धमा अवलम्बन गरिएका नीति नियमहरुलाई समयानुकूल परिमार्जन र एकत्रित गरी प्रकाशन गर्ने कार्य हालै मात्र सम्पन्न भएको छ । "प्रहरी कर्मचारी व्यवस्थापन नीति" नामाकरण गरिएको उक्त पुस्तिकामा कर्मचारी भर्ना, बढुवा, सरुवा, तालिम, विशेष सुविधा आदि सम्बन्धमा अख्तियार गरिएका नीति र प्रावधानहरु अंकित गरिएकाछन् । हाल नेपाल प्रहरीको कर्मचारी व्यवस्थापन कार्य प्रहरी ऐन नियमको अलावा यस पुस्तिकाद्वारा समेत नियन्त्रित र निर्देशित छ ।

प्रहरी कर्मचारीको क्षमता तथा दक्षता अभिबृद्धि र वृत्ति-विकासमा समेत महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने सरुवा व्यवस्थालाई निष्पक्ष र व्यावहारिक बनाउन प्रहरी नियमावलीमा भएका व्यवस्थाका अतिरिक्त नयाँ प्रावधानहरु समेत थप गरी सरुवा सम्बन्धी सांगठनिक नीति तय गरिएको छ । सो अनुसार सुगम तथा तराईका जिल्लाहरुबाट दुर्गम पहाडी जिल्लाहरुमा परस्पर सरुवा गरिने, आतंक प्रभावित संवेदनशील जिल्लाहरुमा काम गर्ने प्रहरी कर्मचारीलाई सुगम तथा सुविधाजनक स्थानहरुमा सरुवा गर्ने, साधारणतः नयाँ भर्ना र बढुवा भएका प्रहरी कर्मचारीलाई

सशस्त्रतर्फ पदस्थापन गरिने, कर्मचारीको इच्छाबेगर कम्तिमा तीन वर्षसम्म दोहोऱ्याएर आतंक प्रभावितक्षेत्रमा सरुवा नगरिने नीति समेत तय गरी कार्यान्वयन गरिएको छ ।

कर्मचारीवर्गको वृत्ति-विकासलगायत कार्य-प्रेरणा जागृत गर्ने सशक्त माध्यमको रूपमा रहेको वर्तमान बढुवा प्रणालीमा सुधार ल्याउन संगठनको सम्पूर्ण कर्मचारीहरुलाई समेट्ने गरी बढुवा सम्बन्धी नयाँ नीति तर्जुमा गरिएको छ । व्यवस्थापनको क्षेत्रमा प्रचलित बढुवाका जेष्ठता र योग्यता दुवै सिद्धान्तको सकारात्मक पक्षहरुलाई संगठनको बढुवा नीतिले समेटेको छ । प्रहरी नियमावलीमा भएका जेष्ठता, शैक्षिक योग्यता, तालिम, वर्गीकृत क्षेत्रको कार्यानुभव, मानपदवी, कार्यदक्षता जस्ता आधारहरुका अतिरिक्त वर्तमान समयमा प्रहरीकार्य चुनौतीपूर्ण र जोखिमपूर्ण हुँदै गइरहेको परिप्रेक्ष्यमा त्यस्ता प्रकृतिका कर्तव्य निर्वाहप्रति प्रहरी कर्मचारीलाई आकर्षित र उत्प्रेरित गर्न त्यस्ता कार्य गर्ने प्रहरी कर्मचारीलाई बढुवामा विशेष ग्राह्यता दिने नीति समेत अवलम्बन गरिएको छ ।

प्रहरी कर्मचारी प्रशासनलाई स्वच्छ, निष्पक्ष, प्रभावकारी र त्रुटिरहित बनाउने दिशातर्फ प्रहरी संगठन क्रियाशील रहेकोले




*प्रहरी आचरण-व्यवहार विषयक अन्तरक्रिया।*

प्रहरी कर्मचारीका वैयक्तिक अभिलेखहरुलाई एकत्रित गरी व्यवस्थित गर्न र आवश्यक परेको बखत तुरुन्त प्राप्त गर्न सकिने गरी राम्रो कम्प्यूटर प्रविधिको विकास गरी कार्य संचालन भइरहेको छ। यसका अलावा कर्मचारी प्रशासनलाई अझ बढी व्यवस्थित गर्न आवश्यक पर्ने प्रक्रिया र प्रविधिहरुको खोजी गर्ने कार्यलाई जारी राखिएको छ ।




श्री ५ बडामहारानी
ऐश्वर्य राज्यलक्ष्मी देवी शाह सरकारको
५२औं शुभजन्मोत्सवको सुखद् उपलक्ष्यमा
मौसुफ सरकारको सुख, समृद्धि एवं
अटल सौभाग्यका लागि
हार्दिक मंगलमय शुभकामना चढाउँदछौं ।

इलाका प्रहरी कार्यालय परिवार,
पाताभार, बर्दिया

इलाका प्रहरी कार्यालय परिवार,
बानियाभार, बर्दिया

इलाका प्रहरी कार्यालय परिवार,
ढोढरी, बर्दिया

इलाका प्रहरी कार्यालय परिवार,
मैनापोखर, बर्दिया

उद्योग व्यापार संघ, राजापुर बर्दिया

# Police Administration and Management



Police Organization, a dynamic organization, has accepted and adopted the management principle guided by and relative to time. The rapid changes in social, political and economic life and the variation of human expectations have brought significant impact resulting to positive change in the organization which has the basic goal of maintaining law and order, peace and security in the society. In such demanding situation, the organization management, having more than fifty thousand personnel, is becoming more and more difficult and challenging. To face such situations and come up with the up coming hurdles of the 21st century, the organization has to bent upon the scientific and practical management techniques. Apart from this, to provide quality service by making police service readily accessible to general public through the optimum mobilization of available existing resources and manpower to attain the organizational goal, the prevailing management is made very active.

The organization has adopted the job specialization principle as its main policy as the need of the present days. Thus the organization has established Administration, operation, Crime Investigation department and the National Police Academy as the Human resource development department.

In addition to available resources the organization has been highly mobilizing internal resources to keep the existing human resources forward, enthusiastic, perseverant and dutiful and to flow the inherent total skill and inclination, competence, ability towards the operation of the organization and attainment of an ascertained objective. Even though the organization has tried to make recruitment, transfer, promotion, revision in absent in duty, welfare service, etc. organized and transparent, since 2055 B.S. after having recently ratified by HMG Home Ministry the rules and regulations regarding this has been refined in accordance with changing time. They were collected and the printing of these has just been completed. The booklet named "Police Staff Management Policy" has described the policies and provisions regarding staff recruitment, promotion, transfer, training, special facility, etc. At present, besides the police rules and regulations, the Nepal police staff management work is controlled and directed also by this booklet.

To make the transfer management fair, unbiased and practical, which plays a vital role in development of police personnel capability and competency and career development, an organizational policy regarding transfer has been set up with an addition of new provisions. According to this, a policy has been formulated and implemented, such as transfer from accessible and Terai districts to remote mountain districts and vice versa, from terrorist affected sensitive districts to accessible and convenient places, installing ordinary new recruitment in armed police, not to repeatedly transfer the same staff to the terrorist affected areas for at least 3 years without his/her will.





*An interaction programme on Human Rights between Senior Police Officers' and Officials of ICRC Mission in Nepal.*



*Senior Police Officers' Conference*

To bring about reform in the present promotion system, which is an effective tool of staff's career development and vitalizing work motivation, a new policy regarding promotion has been formulated , which includes all the staff of the organization. Our organization's promotion policy has gathered the positive aspects of common principles of management, like seniority and qualification. In addition to seniority, educational qualification, training, work experience of classified areas, medals, work efficiency that are mentioned in the Police Manual. In the context of police work being challenging and risky, to attract and motivate the police staff to perform a job of such nature a policy has been adopted to give special preference in promotion to those who accomplish such responsibility.

Since the police organization is active towards making the police administration transparent, fair, unbiased, effective and defectless and to collect and manage personnel information of police staff computer technology has been developed in a way that the information is readily available in times of need. Human resource development softwares are to be used with enhanced effort in the coming days. In addition to this, a work is forwarded to find procedure and technology that could make staff administration more organized.






श्री ५ बडामहारानी
ऐश्वर्य राज्यलक्ष्मी देवी शाह सरकारको
५२औं शुभजन्मोत्सवको सुखद् उपलक्ष्यमा
मौसुफ सरकारको सुख, समृद्धि एवं
अटल सौभाग्यका लागि हार्दिक
मंगलमय शुभकामना चढाउँदछौं ।

वागेश्वरी आइरन, पार्वतीपुर, बाँके
ज्ञान फुड प्रोडक्शन, शम्शेरगंज, बाँके
हिमान्शु खाद्य उद्योग, शम्शेरगंज, बाँके
लक्ष्मी रोजीन टर्पेनटाइन, पार्वतीपुर, बाँके
प्रो. वीरबहादुर के.सी., वीर रोल्पाली निर्माण सेवा, सल्यान
लेकाली फोन एण्ड फोटोकपी सेन्टर तथा लेकाली निर्माण सेवा, खलङ्गा, प्युठान

# प्रहरी नायव महानिरीक्षकहरूको प्रतिबद्धता

# Commitments of Deputy Inspector Generals of Police



**प्र.ना.म.नि.श्यामभक्त थापा**
**पूर्व क्षेत्रीय प्रहरी कार्यालय, विराटनगर**

राष्ट्रको शान्ति-सुरक्षाको गहनतम् जिम्मेवारी निर्वाह गर्ने नेपाल प्रहरीले शान्ति-सुरक्षा, अपराध अनुसन्धान तथा नियन्त्रण एवं विविध प्रहरी कार्यवाहीका सन्दर्भमा संगठनले नीतिगत रूपमा अख्तियार गरेका कामकार्यवाही शैली र प्रणालीलाई कार्यदिशा निर्धारण गरी शान्ति-सुरक्षा, अमनचैन कायम राख्न योजनाबद्ध ढंगबाट प्रहरी परिचालन गरिए अनुसार पूर्व क्षेत्रको शान्ति सुरक्षाको स्थिति समग्रमा सन्तोषप्रद रहेको महसुस गरिएको छ ।

सडक-सुरक्षा व्यवस्थापनतर्फ दुर्घटनाको अध्ययन विश्लेषण गरी समाजका विभिन्न तह र तप्काका व्यक्तिहरुलाई अझ बढी सचेत गराउने उद्देश्य अनुरूप विभिन्न चेतनामूलक कार्यक्रमहरुको अभिवृद्धि गर्दै लगिने र चालकहरुलाई अझ बढी संचेतना र कानुन पालनामा उत्साहित बनाउने कार्यक्रमलाई भविष्यमा अझ बढी व्यापक बनाउने कार्यक्रम तर्जुमा गरिएको छ । शान्ति-सुरक्षाको दृष्टिकोणमा समस्या उब्जाएका गैन्ह-संवैधानिक आतंककारी ध्वंसात्मक गतिविधि तथा त्यस्ता क्रियाकलापसंचालकहरु विरुद्ध भविष्यमा अझ बढी योजनाबद्ध रूपमा सुराकी विकास र परिचालन, सहानुभूतिकर्ताहरुको पहिचान, दक्ष जनशक्ति उत्पादनको निमित्त प्रशिक्षण कार्यक्रमलाई अझ प्रभावकारी बनाई सशक्त कारवाही संचालन गरिने योजना राखिएको छ भने जघन्य अपराधको सम्बन्धमा अपराध हुन नदिने योजनाबद्ध रूपमा प्रहरी परिचालन गरिने र अपराध भइहाले सफल अनुसन्धानतर्फ अपराधीप्रति निर्देशित इन्टेलीजेन्स व्यवस्था, सवुत प्रमाणमा आधारित अनुसन्धान कार्यमा अझ बढी जोड दिइने र सामाजिक अपराधको रोकथामको लागि प्रयत्नशील गैन्ह-सरकारी संघ-संस्थासंग समन्वय राखी कार्य गरिदै आइएको र भविष्यमा यसको नियन्त्रणको लागि अझ प्रभावकारीकार्य थालनी गरिने योजना रहेको छ । हामी समाजमा शान्ति-सुरक्षा र अमनचैन राख्ने कार्यमा सबैको सहयोगको अपेक्षा गर्दछौं ।

**D.I.G.P. Shyam Bhakta Thapa**
**Eastern Regional Police Office, Biratnagar**

The total situation of Law and order in Eastern region is satisfactory. Much attention has been given to the successful implementation of policies and strategies adopted by Nepal Police. Public awareness activities to guarantee safe road traffic have been launched. More activities in this direction will be organized.

The unconstitutional terrorist activities have been dealt effectively. More steps like strengthening intelligence to identify real terrorists, training for police to combat terrorism, have been planned. Police will be mobilized to prevent serious crimes. The investigation of crimes will be successfully accomplished. The evidence based investigation system will be developed. Emphasis will be given to participation of other agencies in policing. The cooperation of all citizens is hence expected in these regards.



**प्र.ना.म.नि. अनन्तराम भट्टराई**
**उपत्यका प्रहरी कार्यालय, रानीपोखरी, काठमाडौं ।**

**D.I.G.P. Ananta Ram Bhattarai**
**Valley Police Office, Ranipokhari**
**Kathmandu**

देशको राजधानी, घना-जनघनत्व, यातायातको अत्यधिक चाप र प्रतिदिन हजारौंको संख्यामा उपत्यकाभित्र तथा बाहिर आवागमन आदि कारणहरुबाट काठमाडौं उपत्यका अत्यधिक व्यस्त रहेको छ । आर्थिक कारोबार, व्यापार, वित्तीय गतिविधिको केन्द्रसमेत रहेको हुँदा अपराधको दृष्टिकोणले विविध प्रकारका व्यवसायगत अपराध यहाँको प्रमुख समस्याको रूपमा रहेको छ । यसको अतिरिक्त मुलुकको राजधानी भएको कारण राजनैतिक गतिविधि तथा क्रियाकलापहरुले प्रहरीकार्य अपेक्षाकृत चुनौतीपूर्ण रहेको छ ।

समाजमा शान्ति-सुरक्षा कायम राख्ने, घटित अपराधको सफल अनुसन्धान गर्ने तथा आम-जनसमुदायमा सुरक्षाको अनुभूति दिने कार्यमा उपत्यका प्रहरी कार्यालय, आफ्नो स्रोत-साधन र दक्षताले भ्याएसम्म सदा कटिबद्ध रहँदै आएको छ । सोहीअनुसार प्रहरीशक्तिलाई योजनाबद्धरूपले परिचालन गरिएको छ ।

वर्तमान युगमा आम-जनसमुदाय, विभिन्न व्यवसायीहरु समेतको सक्रिय सहयोग, समर्थन र समन्वय विना प्रहरीले आफ्नो दायित्व प्रभावकारी ढंगले निर्वाह गर्न सक्दैन भन्ने तथ्य हृदयंगम् गरी "समुदायमा प्रहरी" भन्ने धारणा अनुरूप सामुदायिक केन्द्रहरु स्थापना गर्न सक्रिय रहदै आएको छ । फलस्वरूप उपत्यकाको विभिन्न स्थानहरुमा यस्ता केन्द्रहरु स्थापना भई जनसमुदाय तथा प्रहरी संयुक्तरूपमा कार्यरत् रहँदै आएको र अपेक्षाकृतरूपले सामाजिक विकृति हटाउन तथा शान्ति-सुरक्षा कायम राख्न ठूलो सफलता हासिल भएको अनुभव गरिएको छ ।

जनसाधारणसँगको सहयोग र समन्वय विस्तार गर्ने, प्रहरी परिचालनमा तीव्रता ल्याउने र निरन्तर अनुगमन गर्ने, प्रहरी कर्मचारीको व्यवहार परिस्कृत गर्न सक्रिय रहने र उपलब्ध स्रोत साधनको अधिकतम् उपयोग गरी शान्ति-सुरक्षाको पूर्ण अनुभूति दिने जस्ता भावी-नीति रहेको छ । यस कार्यमा उपत्यका प्रहरी कार्यालय सबै समुदाय, वर्ग तथा आम-जनसाधारणबाट सल्लाह, सुझाव तथा सहयोगको अपेक्षा राख्दछ ।

Because of being the capital of the country, thick population density, much pressure of automobiles playing in to the valley in thousands everyday. has made Kathmandu very busy. Because of economic transaction, business, being the centre of financial activities; Kathmandu has varied kinds of professional crimes as its main problem. In addition to this, as it is a capital of the country the political movements and activities have made the police work comparatively challenging.

To the best of resources, equipment and efficiency the Valley Police Office is always determined in maintaining law and order in the society, successfully investigating the crime that has already occurred and giving the public feeling of security. The police force is mobilized here in a planned manner.

Realizing the fact that in a present era, without assistance, support and coordination from general public, police alone cannot fulfill its responsibilities and duties; it has been active in setting up community centres in different places. As a result, such centres are set up in different places, general public and police have been working with a joint effort and it is felt that the effort of removing social perversion and maintaining law and order has been successful.

The future plan is to extend support and coordination of general public, bring intensity in mobilizing police and continue monitoring, be active to refine the conduct of police, give the absolute feeling of peace and security by utilizing available resource and equipment maximum. The Valley Traffic Police anticipates advice, suggestions and cooperation from all community and general public for this plan.



प्र.ना.म.नि. सहवीर थापा
मध्य क्षेत्रीय प्रहरी कार्यालय, हेटौडा

**D.I.G.P. Sahabir Thapa**
**Central Region Police Office, Hetauda**

समाजमा शान्ति-सुव्यवस्था कायम गर्ने कार्य अत्यन्तै संवेदनशील र गतिशील विषय हो । यस कुरालाई आत्मसात् गरी दिन-प्रतिदिन देखापर्ने नवीन चुनौतीहरूलाई प्रभावकारीढंगबाट समाधान गर्न योजनाबद्धरूपमा प्रहरी जनशक्तिलाई परिचालन गरिएको छ । विगत केही समयदेखि देशमा देखापरेका आतंककारी गतिविधिका कारण यसक्षेत्रका केही पहाडी जिल्लाहरुमा प्रहरी-लाई सुम्पिएको दायित्व र जिम्मेवारी निर्वाह गर्न अझ बढी परिश्रम र मेहनत गर्नु पर्ने अवस्थाको सृजना भएता पनि विभिन्न इकाईहरुबाट खटिएका प्रहरीटोलीहरुको थप मद्दतबाट कार्यसम्पादनमा सकारात्मक प्रभाव परेको छ ।

यस क्षेत्रअन्तर्गत अपराधको तुलनात्मक तथ्याङ्कलाई दृष्टिगत गर्दा आतंककारी गतिविधिको कारणले केही शीर्षकहरुमा अपराधको तथ्याङ्कमा सामान्य वृद्धि देखिएता पनि अन्य अपराधको स्थिति सामान्य रहेको छ । जीउमास्ने-बेच्ने जस्ता जघन्य अपराधको हकमा यो क्षेत्र अन्यभन्दा अग्रपंक्तिमा रहेकोले नियन्त्रण गर्ने पक्षमा समयसापेक्ष प्रगति भएको तथ्याङ्कबाट पुष्टि हुन आउँछ ।

बढ्दो सवारीसाधनको चाप, सडक अतिक्रमण, सडक विस्तारका साथसाथै जनचेतना तथा चालकहरुको लापरवाही आदि कारणहरुले गर्दा राजमार्गहरुमा दुर्घटनाका घटनाहरु घट्ने हुँदा यसको रोकथाम तथा नियन्त्रणमा प्रभावकारिता ल्याउनको लागि ट्राफिक व्यवस्थापन पक्ष र नारायणी यातायात व्यवसायी संघको संयुक्त प्रयासमा जनचेतनाका कार्यक्रमहरु तथा चालकहरुलाई प्रशिक्षण दिने कार्य गरिदै आइएको छ ।

To maintain peace, law and order in a society is a very sensitive and dynamic subject. Assimilating this the police manpower has been mobilized in a planned manner to face the everyday challenges in an effective manner. Even though the terrorist activities seen in Nepal for sometime has created the situation that the task of fulfilling duties and responsibilities given to the police needs more effort and hard work the support from the additional police team sent by different units has positive effect in performing duties.

Though the comparative data of crime of this area has increased in different headings due to terrorist activities other crime has been in normal position. Because this area is ahead of other areas in crimes, like murder and trafficking the data shows that there has been improvement in controlling them.

Due to increasing automobile pressure, road transgression, road extension as well as the lack of people's awareness and drivers' negligence highway accidents have been occurring. Thus, for bringing about effectiveness in prevention and control, with the joint effort of traffic management party and Narayani Yatayat Byabasayi Sangh the people's awareness programme and drivers training are being conducted.



**प्र.ना.म.नि. गोविन्दप्रसाद थापा**
**प्रहरी प्रधान कार्यालय, तालिम निर्देशनालय**

कुनै पनि संगठनको सर्वाङ्गीण विकासका लागि समयानुकूल परिमार्जन तथा परिवर्तन वान्छनीय हुन्छ नै । नेपाल प्रहरी यसमा अछुतो रहन सक्दैन, विशेष गरी वर्तमान परिस्थितिमा । परिवर्तन वाञ्छनीय छ भन्दैमा नितान्त अवैज्ञानिक ढंगबाट परिवर्तन गरेमा दीर्घकालमा संगठनलाई अपूरणीय क्षति पुग्न जान्छ भन्ने सत्य लुकेको छैन । तसर्थ संगठनको विकासका लागि आवश्यक पर्ने परिवर्तन व्यापकरूपमा अन्वेषण, छलफल तथा सहमतिबाट निसृत हुनुपर्छ भन्ने सर्वव्यापी अवधारणालाई लत्याइनु कदापि हुँदैन ।

संगठनको कर्तव्य निर्वाहको लागि दक्ष, इमान्दार, देशभक्त एवम् आदर्श चरीत्र भएका प्रहरी कर्मचारीको खाँचो पर्दछ । यिनै गुणहरुको खुड्किलोहरुमा टेकेर मात्र विशाल र चुनौतीपूर्ण दायित्वहरुको सफल ढंगबाट निर्वाह हुन सक्दछ ।

कठिन, अनुशासनपूर्ण एवम् जोखिमपूर्ण जिम्मेवारी निर्वाह गर्दा वैज्ञानिक, पूर्ण एवम् सही प्रशिक्षणको महत्त्व तथा आवश्यकताबारे यहाँ दोहोऱ्याउनु परोइन । तालिम निर्देशनालयले सदैव यिनै यथार्थपूर्ण चुनौतीहरुलाई अघि राखी प्रहरी कर्मचारी-हरुलाई योग्यबाट योग्यतम् तुल्याउने सत्प्रयास गर्दै आएको छ । उपलब्ध जनशक्ति तथा साधनहरुको उच्चतम् प्रयोग गर्दै देश र देशवासीको सेवा गर्न, योग्य एवम् सक्षम तुल्याउन सदैव प्रयत्न-रत् छ । भविष्यमा समेत रहने छ, रहनु पर्दछ ।

**D.I.G.P. Govind Prasad Thapa**
**Police Headquarters Training Directorate**

For overall development of an organization, reforms in accordance with the time is certainly desirable. Nepal police cannot be untouched to this, especially in the present context. Simply because the change is desirable, the fact is not hidden to us that if the change is brought in a very unscientific manner, an organization will be badly jeopardized in the long run. For this reason, the concept that the change that an organization requires for its development should originate from wide range of exploration, discussion and consensus.

In order to perform the duties of an organization efficiently, it requires police staff, who is competent, honest, loyal and with an ideal character. Stepping on these qualities only, great and challenging responsibilities can be fulfilled successfully.

The importance and need for scientific, perfect and appropriate training while fulfilling difficult, disciplined and risky duties, need not to be repeated. Putting these realistic challenges in front, the Training Directorate has been trying to turn the police staff from qualified to most qualified. With the maximum use of available manpower and resources, it is always effortful to make the staff efficent and capable to serve the country and the countrymen. This effort will remain in the future.



**प्र.ना.म.नि. रविकान्त अर्याल**
**पश्चिम क्षेत्रीय प्रहरी कार्यालय, पोखरा**

मुलुकमा शान्ति सुव्यवस्था, नागरिकको जीउधनको सुरक्षा, संविधानप्रदत्त नागरिकहरुको मौलिक हक, अधिकार र मानवअधिकारको सुरक्षा, सेवा जस्ता चुनौतीपूर्ण एवं गहनतम् जिम्मेवारी बोकेको प्रहरी कर्मचारीलाई जनमुखी बनाई "प्रहरी शासक होइन सेवक हो" भन्ने अवधारणालाई मूर्तरूप दिन प्रहरी जनशक्तिको अधिकतम् परिचालनले विगतका तुलनामा सुरक्षाको स्थिति सुदृढ हुँदै गएको महसुस गरिएको छ ।

केही वर्षयता मुलुकमा देखापरेको तथाकथित जनयुद्ध जस्ता उग्रहिंसात्मक आतंककारी गतिविधिका कारण जघन्य अपराधको संख्यामा केही वृद्धि भएको छ । त्यसैले आतंककारी गतिविधिलाई नियन्त्रण गर्न तथा जनतालाई शान्ति-सुरक्षाको प्रत्याभूति दिन विद्यमान साधन-स्रोत र जनशक्तिलाई अधिकतम् परिचालन गरी अझ बढी क्रियाशील एवं सुदृढ बनाइएको छ । सम्बद्ध सबै पक्षसँग भेटघाट, छलफल तथा अन्तरक्रिया, स्कूल सम्पर्क कार्यक्रमका साथै सामुदायिक प्रहरी सेवाको स्थापना गरी "प्रहरी बर्दिधारी नागरिक हो भने जनता विना बर्दिका प्रहरी हुन्" भन्ने जनचेतनाको अभिवृद्धि गरी प्रहरी तथा जनताको पारस्परिक सहयोगबाट आतंककारी क्रियाकलापविरुद्ध जनलहर सिर्जना गर्ने र अपराध न्यून गर्दै लैजान नागरिक समाजलाई सक्रिय पार्नेतर्फ कार्यसम्पादन भइरहेको छ ।

सीमावर्ती ईलाकामा घट्ने अपराध, चेलबेटी बेचबिखन, नियन्त्रण तथा अवैध हातहतियार निकासी पैठारीमा रोकथाम गर्न काउन्टर पार्टससंग समन्वय राखी छुट्टै प्रहरी गस्ती परिचालन, सो सम्बन्धी आवश्यक व्यवस्थापनका साथै ट्राफिक प्रहरीलाई वैज्ञानिक उपकरणको व्यवस्था गरी ट्राफिक ज्ञान र जनचेतना कार्यक्रम संचालन, दैवीप्रकोप, बाढीपहिरो, आगलागी जस्ता समयमा तत्काल प्रहरीसेवा प्रदान गर्ने कार्ययोजना रहेको छ ।

**D.I.G.P. Ravi Kanta Aryal**
**Western Region Police Office, Pokhara**

By making the police staff people oriented, who have a challenging and abstruse responsibility of maintaining law and order in the country, security of life and property of the citizens; protection of fundamental rights of the citizens conferred by the constitution and human rights; good governance and bring a concept of "Police is not ruler but a servant" into practice the police manpower has been mobilized at maximum, which has improved the security situation.

Because of so called "People's War" aggressive terrorist activities have occured in the country and the number of heinous crime has increased. Thus, the existing resources and manpower have been maximally mobilized and made more active and strong to control terrorist activities and to give people guarantee of peace and security. Work has been done towards activating civil society to create people's feeling against terrorist activities and decreasing crime in mutual cooperation between police and people. This is done by organizing meeting, discussion and interaction with all concerned; school liaison program; by setting up community police service; by developing people's awareness regarding "Police is a citizen with an uniform and people are police without uniform".

To control and prevent the crime committed along the border side, girl's trafficking, trafficking of illegal weapons coordination has been maintained with counter parts. An action plan has been formulated for separate police patrolling, and necessary management regarding this, organizing traffic knowledge and people's awareness program by arranging scientific equipment to traffic police; providing immediate police service during natural calamities, flood and fire.



**प्र.ना.म.नि. ओमविक्रम राणा**

**सुदूरपश्चिम क्षेत्रीय प्रहरी कार्यालय, दीपायल**

यस क्षेत्रको अपराध प्रवृत्ति विश्लेषण गरी समाजको आवश्यकताअनुरूप Proactive एवं Community Policing लाई जोड दिई अपराध नियन्त्रण गर्ने लक्ष्य राखिनुको साथै परम्परागत अभियुक्तको सावितीलाईभन्दा सवुत प्रमाणको आधारमा अभियुक्तलाई सजायको मागदावी गर्ने परिपाटीको थालनी गर्ने प्रयास गरिएको छ ।

बढ्दो सवारीआवागमनको कारण दिन-प्रतिदिन घट्ने सवारी दुर्घटनामा कमी ल्याउने उद्देश्यले ट्राफिक चेतनामूलक कार्यक्रमहरु जस्तो: स्कूल सम्पर्क, चालकलाई अनुशिक्षण, जनसाधारणमा अनुरोधनामक चेतनामूलक पम्प्लेट वितरण आदि कार्यहरु सञ्चालन गरिएको छ भने सामाजिक अपराधलाई मध्यनजर राखी बाल-यौनशोषण, चेलीबेटी बेचबिखन, लागूऔषधको दुरुपयोग जस्ता कार्यलाई नियन्त्रण गर्ने सिलसिलामा छलफल, गोष्ठी, सेमिनार जस्ता कार्यमा गैरसरकारी संस्थाहरुलाई पनि परिचालित गरी अपराध नियन्त्रणमा जनसहभागिता जुटाउने गरिएको छ ।

हाल देखिएको आतंककारी गतिविधिबाट समस्याग्रस्त स्थानहरुको पहिचान गरी सो इलाकामा सर्वदलीय सुरक्षा समितिहरु गठन गर्न जनतालाई प्रोत्साहित गर्दै उनीहरुबाट सूचना संकलन गर्नेतर्फ जोड दिनुका साथै आतंककारीहरु छिमेकी राष्ट्रमा लुकिछिपी बस्ने तथा हातहतियार भित्र्याउने संभाव्यतालाई ध्यान दिई छिमेकी राष्ट्रका प्रहरीहरुसंगको सम्पर्क र समन्वयलाई पनि विशेषरूपमा प्राथमिकता दिइएको छ ।

**D.I.G.P. Om Bikram Rana**

**Far-western Regional Police Office, Dipayal**

The Police efforts have been directed towards prevention strategies after analysis of the crime pattern. Proactive strategies and community policing have been given importance. The evidence based investigation system has been recognized as our best practices.

Due to the increase in road traffic accidents education and awareness programs have been launched. Seminars, talks and workshops have been organized against drugs abuse, women trafficking and child sexual exploitation. The support of other non-governmental organizations have been received for prevention and control of crimes.

In all those parts, affected by terrorist activities, people have been made aware of the situation and get them organized. The cross-border cooperation has been sought from Indian counter parts for the preventive and control of trans border crimes.



**का.मु.प्र.ना.म.नि. अमर सिंह शाह**
**मध्यपश्चिम क्षेत्रीय प्रहरी कार्यालय, नेपालगंज**

विगत केही वर्षदेखि यसक्षेत्रका तराई एवं विशेषत: पहाडी दुर्गम जिल्लाहरुमा आतंककारी एवं ध्वंसात्मक गतिविधि थप चुनौतीपूर्ण अवस्थामा रहेको र आतंककारीहरुले कथित "जनयुद्धको" नाममा निहत्था सर्वसाधारण जनता, राजनैतिक कार्यकर्ताहरु, शिक्षक-वर्ग र शान्ति-सुरक्षा, अमनचैन कायांर्थ तैनाथ रहेका प्रहरी कर्मचारी-हरुमाथि खुलेआम सशस्त्ररूपमा आक्रमण गरी लूटपाट, अपहरण एवं हत्या जस्ता घृणित र अमानवीय क्रियाकलाप गर्दै आएकाले समाजमा डर, त्रासको वातावरण श्रृजना भएको पाइएको छ । तापनि यस्ता गतिविधिलाई नियन्त्रण गरी आमनागरिकहरुको जीउ-धनको सुरक्षाको अनुभूति गराउन विद्यमान प्रहरी इकाईहरुमा संवेदनशीलतालाई मनन गरी थप प्रहरी जनशक्ति परिचालन गर्ने कार्यलाई निरन्तरता दिँदै आएको र सुरक्षार्थ तैनाथ रहेका प्रहरी कर्मचारीहरु आफ्नो प्राणको आहुति दिनसमेत पछि नपरी सदा कर्तव्य र उत्तरदायित्वलाई आत्मसात् गरी सर्वसाधारण जनताहरुको सुरक्षार्थ हरहमेशा तल्लीन रहेका छन् ।

समाजमा शान्ति-सुव्यवस्था कायम राख्न र अपराधको अनुसन्धान र नियन्त्रण जस्ता मूलभूत कार्यहरु सफलतापूर्वक कार्यान्वयन गर्ने प्रहरीको प्रमुख दायित्व एवं कर्तव्य रहेकाले प्रहरीलाई समयानुकूल बनाउँदै लैजाने परिप्रेक्ष्यमा Reactive Policing भन्दा Proactive Policing तर्फ उन्मुख गराउन जनसमुदायसंग अन्तर-क्रिया कार्यक्रम, सामुदायिक सम्पर्क, विचार गोष्ठी, स्कूल सम्पर्क कार्यक्रम, सूचना संकलन र ट्राफिक जनचेतना जस्ता कार्यक्रमहरु संचालन भएका र आगामी दिनहरुमा यस्ता कार्यक्रमहरुलाई अझ बढी जोड दिइने लक्ष्य रहेको छ । र, साथै अपराधको प्रभावित ईलाकाहरुमा अपराध प्रवृत्तिको विश्लेषण (Crime Pattern Analysis) गरी सोअनुरूप प्रभावकारी तवरले अपराधको अन्वेषण र नियन्त्रण गर्न मातहतका प्रहरी ईकाईहरुलाई निर्देशन दिने व्यवस्था अवलम्बन गरिएको छ ।

**Acting DIGP Amar Singh Shah**
**Mid Western Regional Police Office, Nepalgunj**

The terrorists and explosive activities in the Terai and specially in remote hill districts of this region is in a situation of an additional challenge. And, the terrorists have been looting, attacking unarmed people, political workers, teachers and the police, who are deployed for maintaining law and order, in the area. Thus, there is a situation of fear and terror in the society. Yet, to make the general public feel the security of their lives and property by controlling such activities, considering the sensitivity of existing police units mobilization of additional police force has been continued. And, the police employees, who have been appointed for security have realized their duty for security of general public.

The main responsibility and duty of the police is to maintain law and order in the society, successfully perform crime investigation and control. Thus, in the context of tuning the police with the changing time, making it proactive policing rather than reactive policing the interaction programmes with general public, community contact, talk programme, school liaison programme, information collection and traffic awareness programmes have been conducted. And, such programmes wiil be emphasized in the future, too. Along with this, Crime Pattern Analysis will be done in the affected areas and to analyze and control the crime and the subordinate offices will be instructed accordingly.

# नेपाल प्रहरीको विशेष पर्वोत्सव

# Special Police Ceremonial and Functions



*महानवमीको अवसरमा मूलकोतमा मौलो पूजा ।*

*'Maulo Puja' being offered at the Mulkot courtyard on the auspicious occasion of 'Mahanabami'(Ninth day of Dashain)*

भौगोलिक विविधतामा रमाएका नेपालीसमाज र जातजातिको आफ्नै वैशिष्ट्य प्रकारको संस्कृति, परम्परा र परिवेश छन् । जसले, नेपाल र नेपालीको पहिचान र स्थानबोध समेत गराउँछ । यही परिवेशमा नेपाल प्रहरीको पनि मौलिक परम्परा र विविध संस्कारहरु छन्; फौजी अनुशासनको अनुशरण गर्दै विभिन्न अवसरमा विभिन्न क्रियाकलापहरु आयोजना गरी उत्सवको रूपमा मनाउने गरिएका छन् । कतिपय यी परम्परा र क्रियाकलापहरु प्रहरीजीवनको अभिन्न अंग भइसकेका छन् । उदाहरणका लागि, दर्ज्यानी चिन्ह प्रदान समारोह, सरुवा हुँदा वा सेवावाट अवकाश हुँदा गरिने विदाइ समारोह, विजयादशमीको अवसरमा टीका लगाइदिने आदि । यसका अतिरिक्त नेपाल प्रहरीका केही अवसरहरु त्यस्ता पनि छन्, जस्तै प्रहरी दिवस, श्री ५ महाराजाधिराज सरकार तथा श्री ५ बडामहारानी सरकारका जन्मदिनहरु, जसलाई विशेष उत्सवको रूपमा मनाउने गरिएको छ ।

Nepali society and ethnicity, who enjoy their own geographical diversity, has its own special culture, tradition and environment, which identify Nepalese and their locality. In this context, Nepali police also has its original tradition and varied practices. Police have been celebrating in different occasions with varied activities. Most of these traditions and actitivities have become an integral part of police life. The occasion of Police Day, the Birthday of the King & Queen are some events which are graciously celebrated as festivals by police.

## शुभजन्मोत्सवः



श्री ५ युवराजाधिराज सरकारको हार्दिक स्वागत ।

नेपाल र नेपालीको सर्वोत्तम हित, कल्याणका लागि राजमुकुटले पुऱ्याएको अतुलनीय योगदान हरेकको हृदयमा स्मरणीय रहेको छ । इतिहासदेखि वर्तमानसम्म विचरण गर्ने हो भने राजमुकुटको चिन्तन, समर्पणको गाथा उदाहरणीय बनेको छ । यही गरिमामय परम्परामा समर्पित श्री ५ महाराजाधिराज सरकारको शुभजन्मोत्सव सम्पूर्ण नेपाली हर्षोल्लासका साथ मनाउँदछन् ।



श्री ५ युवराजाधिराज सरकारका जुनाफमा
शुभजन्मोत्सव सांस्कृतिक कार्यक्रम पुस्तिका चढाइँदै ।

राष्ट्रिय एकताका प्रतीक श्री ५ महाराजाधिराज सरकारको शुभजन्मोत्सव नेपाल प्रहरीले आफ्नो गौरवमय परम्पराअनुसार अगाध श्रद्धा, भक्तिका साथ हरेक वर्ष विशेष समारोहको आयोजना गरी मनाउँदै आइरहेको छ । यसै क्रममा श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव सरकारको ५५ औं शुभजन्मोत्सवको पुनीत उपलक्ष्यमा नेपाल प्रहरीले २०५६, पुस १५ गते सांस्कृतिक कार्यक्रम तथा रात्रिभोजको आयोजना गऱ्यो ।

शुभजन्मोत्सवको यस पावन महोत्सवलाई नेपाल प्रहरीले अपूर्व अवसरको रूपमा आत्मसात् गरेको छ । राजपरिवारका

## Birthday:

The immeasurable contribution, the Crown has bestowed to the nation and its people, is permanently imbedded in the heart and mind of all Nepalese. Therefore, all the Nepalese celebrate the auspicious birthday of His Majesty the King as a glorious and auspicious occasion for all Nepalese.

As a dedication to the King and Crown, Nepal Polices celebrates this glorious occasion as a greatest event of national unity. This event have become the



*His Royal Highness The Crown Prince gave away King's Baton to Chief Regional Police Unit Office, Bhairahawa, the first position Inter-Zone Police Efficiency Competition 2056 BS.*

glorious tradition and a part and parcel of Nepal Police' annual event which is celebrated by profound reverence, and loyalty, devotion and dedication to the King. On 15th Poush, 2056 BS Nepal police hosted a formal dinner to celebrate the 55th auspicious birthday of His Majesty the King Birendra Bir Bikram Shah Dev. On this auspicious occasion, Nepal Police organized a cultural program that portrayed glimpses of the glorious heritage



*His Royal Highness The Crown Prince in Veraity Cultural Programme organised by Nepal Police*

सदस्य सरकारसामू उपस्थित प्रधानन्यायाधीश, मन्त्रीगण, विदेशी कुटनैतिक नियोगका पदाधिकारीहरुलगायत स्वदेश-विदेशका विशिष्ट महानुभावहरुमाझ नेपाल प्रहरीको राष्ट्र र नागरिकहरुको सेवामा समर्पण र दृढता व्यक्त हुन्छन् एकातिर भने अर्कोतिर राष्ट्रिय मौलिकता, सांस्कृतिक परम्परा, लोक-संस्कृतिको जगेर्ना गर्ने दिशामा प्रहरीद्वारा भएका प्रयासहरु झल्किन्छन् ।

of social and cultural tradition of Nepal and Nepalese culture. The occasion was graced and celebrated together by the members of the Royal family, Chief Judge, Ministers, dignitaries of foreign diplomatic missions including national and international prominent personalities.

## सांस्कृतिक कार्यक्रमका झाँकीहरु
## Glimpses of Cultural Programme



गीति नाटक **कथाघरको**: एक दृश्य । *A scene of Musical Drama 'Katha Gharko'*



श्री ५ महाराजाधिराज सरकारको सुस्वास्थ्य एवं दीर्घायुको कामना गर्दै टोस्ट प्रस्ताव । *A Toast to His Majesty the King for His Majesty's good health and long life.*



हुर्रे नृत्य । *Harrey Dance*



धामी नाच *Dhami Dance*



मुसहर नाच । *Musahar Dance*



सोरठी नृत्य । *Sorathi Dance*

## बीटिङ रिट्रीट्:

नेपाल प्रहरीको विशेष पर्वोत्सवमध्ये बीटिङ रिट्रीट पनि एक हो । राजमहिषी श्री ५ बडामहारानी सरकारको शुभजन्मोत्सवको पावन अवसरमा प्रस्तुत गरिने बीटिङ रिट्रीट्ले पनि छुट्टै विशेषता समेटेको छ । श्री ५ बडामहारानी ऐश्वर्य राज्यलक्ष्मी देवी शाह सरकारको स्वर्ण-शुभजन्मोत्सवको सुखद् अवसरमा २०५६ कात्तिक २८ गते नेपाल प्रहरीले गौरवमय परम्परा अनुसार बीटिङ रिट्रीट् कार्यक्रम आयोजना गरी हर्षोल्लासका साथ मनायो । कार्यक्रम नजर गरिबक्सन मौसुफ सरकार स्वयं सवारी होइबक्सेको थियो ।

जटिल, बहुमुखी र चुनौतीपूर्ण दायित्व बोकेर कार्यक्षेत्रमा समर्पित प्रहरी कर्मचारीहरुमा व्यावसायिक ज्ञानका साथै सामूहिक भावना, अनुशासन, आँट-हिम्मत, कला-कौशल, शारीरिक तन्दुरुस्ती जस्ता गुणहरु अत्यावश्यक मानिन्छन् । बीटिङ रिट्रीट ती आवश्यक क्षमता प्रदर्शन गर्ने अपूर्व अवसर पनि भएको छ ।



*श्री ५ बडामहारानी सरकारबाट उत्कृष्ट सहभागीलाई पुरस्कार बक्स ।*

फौजीजीवनमा वैण्डबिगुलको ध्वनिका साथ दैनिक क्रियाकलापको थालनी हुने प्राचीन परम्परा हाल पनि परिमार्जित रूपमा कायमै छ । अहिले प्रहरी संगठनको गहनाको रूपमा प्रहरी वैण्डलाई लिन सकिन्छ । वैण्डको सुमधुर धुनको यही पृष्ठभूमिमा प्रहरी क्रियाकलापहरु प्रस्तुत हुन्छन् बीटिङ रिट्रीट्मा । राष्ट्रको विविधक्षेत्रको विकासमा नारीजगत्को महत्त्वपूर्ण योगदान हुनुपर्ने यथार्थलाई स्वीकार गरिसकिएको छ । नारी जागरणका पथप्रदर्शिका श्री ५ बडामहारानी सरकारको शुभजन्मोत्सवको उपलक्ष्यमा प्रस्तुत गरिने बीटिङ रिट्रीट्मा महिला प्रहरीको सहभागिता र प्रदर्शनी बढी हुने भएकोले यसको महत्व अझै बढेको छ र महिला जागरण अभिवृद्धिमा थप हौसला प्रदान गरेको छ भन्दा अतिसयोक्ति नहोला ।



## Beating Retreat



*Her Majesty the Queen and Royal Family members at Beating Retreat.*

Beating Retreat is one of the major social events of the Nepal Police. This program is celebrated to commemorate the auspicious birthday of Her Majesty the Queen of Nepal. In 2056 Kartik 28 (14th November 1999) Nepal Police celebrated Goldẹn Jubilee Birthday 2056 of Her Majesty the Queen Aishwarya Rajyalaxmi Devi Shah. On this occasion, Her Majesty the Queen graced the occasion by graciously observing the program.

Beating Retreat is taken as an opportune moment to show police efficiency and organizing capability by displaying various police work by large. Here policemen from all discipline perform their professional work in the most interesting and exciting manner. For example, Police Band



plays the most pleasant melodies in different mobile formations. Police Mechanical Transport Unit displays the most daring ordeal of Motorbike Stunts. Police dogs display their ability to detect criminal evidences and the strong and stout police gymnasts and other police show the spectacular mass PT and dance etc.

Traditionally, police routine begins with the sound of morning Rivolli and ends with the sound of Retreat. The Police Band is taken as a pride and ornament of the police that plays the major role in the whole program. It is also considered as the awakening of women by the involvement of women police where as Her Majesty the Queen as its patron.

# स्वर्ण-शुभजन्मोत्सवको अवसरमा प्रस्तुत बीटिङ रिट्रीट्का झाँकीहरु
## A Glimpses of Beating Retreat















# प्रहरी दिवस:



श्री ५ युवराजाधिराज सरकारका जुनाफमा का.मु. प्रहरी महानिरीक्षक प्रहरी दिवसको अवसरमा उपहार चढाउनुहुँदै ।

समाजमा शान्ति व्यवस्था, अपराध नियन्त्रण, अनुसन्धान, सवारी सुसञ्चालनलगायत जनसेवा जस्ता जटिल, चुनौतीपूर्ण र बहुमुखी दायित्व निर्वाहमा नेपाल प्रहरी अविश्रान्त कटिबद्ध रहिरहनु पर्दछ । आफ्नो व्यक्तिगत चाहनाभन्दा संगठनको चाहनालाई प्राथमिकता दिई हरेक किसिमको जोखिमपूर्ण परिस्थितिसंग सामना गर्दै कर्तव्यपालनामा सरीक हुनुपर्ने प्रहरीहरुले पदाकदा जीवन आहूति पनि गरेका छन् ।



श्री ५ युवराजाधिराज सरकारबाट अक्षयकोष स्थापना गर्ने नागरिकलाई प्रशंसापत्र बक्स

यही कर्तव्य-कर्म, सेवा-समर्पण त्याग-बलिदान, सहयोग-सद्भावजस्ता प्रहरी कर्मभूमिमा आवश्यक पर्ने गुणहरुको उत्प्रेरक सन्देश सञ्चार गर्ने उत्सव हो प्रहरी दिवस । प्रहरी दिवस प्रहरी संगठनले वैधानिकता प्राप्त गरेको २०१२ साल असोज मसान्त अर्थात ३१ गतेको दिनलाई स्मरण गर्दै सोही दिन मनाउने गरिन्छ । वि. सं. २०५२ सालदेखि मनाउने परम्परा सुरु भएपता २०५७ साल असोज ३० गते छैठौं प्रहरी दिवस विविध क्रियाकलापका साथ अधिराज्यभरी मनाइयो ।

प्रहरी व्यवस्थापनका विविध झाँकी प्रदर्शनको साथसाथै प्रहरी दिवसको अवसरमा राष्ट्र र जनताको सेवामा कर्तव्यपालना गर्दागर्दै जीवन बलिदान गरेका अमर प्रहरीप्रति श्रद्धाञ्जलि, तिनका परिवारलाई सम्मान र सन्ततिलाई शैक्षिक छात्रवृत्ति, अनुसन्धानलगायत प्रहरीका विभिन्न कार्यक्षेत्रमा उत्कृष्ट ठहरिएका प्रहरीलाई, प्रहरी कार्यमा उत्कृष्ट सहयोग पुर्‍याउने नागरिकलाई, अक्षयकोष स्थापना गर्ने महानुभावहरुलाई सम्मान गरिने जस्ता परम्पराले एकातिर प्रहरी कर्मचारीलाई कार्यसम्पादनमा प्रेरणा र अर्कोतिर नागरिक सुसम्बन्ध र सहयोगको क्षेत्रमा हौसला अभिवृद्धि गर्न टेवा पुग्न गएको छ ।

यसै अवसरमा वर्तमान प्रहरी र पूर्व प्रहरीबीच आपसी सहयोग अभिवृद्धि र कर्तव्यनिर्वाहका

# Police Day

Police has multifarious responsibilities such as traffic management, investigation of crime, public safety and security, community services and support etc. While performing its duties, police has to go through a lot of personal and professional hazards. Several times, police has to sacrifice even their life while performing their duties. Thus the police has always placed their duties in the forefront of their own safety and security.

The Police day is celebrated in the commemoration of the most important event of the Nepal Police i.e. 31 of Aswin (September), the day when Nepal Police was born. On this date police memories goes back to the 31 Aswin, 2012 Bikram Sambat (BS) when the to day's Police was legally constituted. Since 2052 BS (1995) Nepal police has begun to celebrate this auspicious day as a police event.



*Tribute to the 'Immortal Police'*

On this day, various glimpses of the police duties, responsibilities, activities are displayed to the public. On this auspicious day, police ponders on the memorable moments of its glorious past. On 22nd September 2000, Sixth Police day was commemorated in the Police Headquarter, Naxal, and Kathmandu. On this day, Nepal Police paid its homage to all its police predecessors and the pioneers, known and unknown policemen who had contributed and sacrificed their lives while performing their duties with devotion and dedication. On this day, various well wishers and benevolent citizen contributed donations and scholarship to the family of police. Various policemen and social were also awarded who had done commendable work in investigation, fight against crime and various other commendable works.



*Deputy Prime Minister and Home Minister giving away letter of appreciation to family of immortal police.*

Thus this tradition has inspired and encouraged police and public both to come closer to each other and develop understanding and cooperation in future. His Royal Highness the Crown Prince Dipendra Bir Bikram Sahadev had graced the occasion.

# प्रहरी दिवस २०५८का झाँकीहरु

# A Glimpse of Police Day 2000



श्री ५ युवराजाधिराज सरकारका जुनाफमा का.मु. प्रहरी महानिरीक्षक प्रहरी दिवस विशेषांक २०५७ चढाउनुहुँदै ।

*Acting Inspector General of Police presenting special issue of 'Police Souvenir' to HRH Crown Prince. The Souvenir was being published to mark the Police Day 2057.*



श्री ५ युवराजाधिराज सरकारबाट प्रहरी दिवस २०५७ को अवसरमा पूर्ण शान्ति प्रहरी पुरस्कार प्रदान ।

*On the auspicious occasion of 'Police Day 2057' HRH Crown Prince distributed **'Poorna Shanti'** Police Award'.*



श्री ५ युवराजाधिराज सरकारबाट प्रहरी दिवस २०५७ को अवसरमा प्रहरी सहयोगीलाई प्रशंसापत्र बक्स ।

*HRH Crown Prince distributing 'Certificate of Appreciation' to the police collaborator on the auspicious occasion of Police Day 2057.*



श्री ५ युवराजाधिराज सरकारबाट प्रहरी दिवस २०५७ को अवसरमा उत्कृष्ट प्रहरी अनुसन्धानकर्तालाई प्रशंसापत्र बक्स ।

*HRH Crown Prince distributing 'Certificate of Appreciation' to the best police researcher.*



श्री ५ युवराजाधिराज सरकारबाट प्रहरी दिवस २०५७ को अवसरमा सर्वोत्कृष्ट ट्राफिक प्रहरीलाई प्रशंसापत्र बक्स ।

*HRH Crown Price distributing 'Certificate of Appreciation' to the best deserving traffic police.*



श्री ५ युवराजाधिराज सरकारबाट अक्षयकोष स्थापना गर्ने प्रहरी अधिकृतलाई प्रशंसापत्र बक्स ।

*HRH Crown Prince distributing 'Certificate of Appreciation' to the Police officers who helped to establish 'Revolving Fund'.*



श्री ५ युवराजाधिराज सरकारबाट अक्षयकोष स्थापना गर्ने नागरिकलाई प्रशंसापत्र बक्स
*'Certificate of Appreciation' being distributed by HRH Crown Prince to the contributor who help to establish the 'Revolving Fund'.*



श्री ५ युवराजाधिराज सरकारबाट अक्षयकोष संस्थापकलाई प्रशंसापत्र बक्स
*HRH Crown Price distributed the 'Certificate of Appreciation' to the founder of the 'Revolving Fund'*



श्री ५ युवराजाधिराज सरकारबाट उत्कृष्ट प्रहरीसहयोगीलाई प्रशंसापत्र बक्स ।
*HRH Crown Prince distributing 'Certificate of Appreciation' to the outstanding police collaborator.*



श्री ५ युवराजाधिराज सरकारबाट प्रहरी प्रदर्शनी नजर
*HRH Crown Prince observing police exhibition*



श्री ५ युवराजाधिराज सरकारबाट प्रहरी प्रदर्शनी नजर
*HRH Crown Prince observing police exhibition.*



कवाज प्रदर्शन । *Parade show.*




२०५७ 2000



अमर प्रहरीहरूलाई अभिवादन Salutation to the 'Immortal Police'



उपप्रधानमन्त्री तथा गृहमन्त्री रामचन्द्र पौडेल प्रहरी दिवस २०५७ को अवसरमा अमर प्रहरीका परिवारहरूलाई कदरपत्र प्रदान गर्दै ।

*On the auspicious occasion of 'Police Day 2057' Deputy Prime Minister and Home Minister Ram Chandra Paudel distributing 'Letter of Appreciation' to the families of immortal police*



श्रद्धाञ्जलि समारोहमा विशिष्ट महानुभावहरु *Distinguished guests at the Obituary Ceremony*



श्रद्धाञ्जलि समारोहमा अमर प्रहरीका परिवार *Families of immortal police in Obituary Ceremony.*



प्रहरी परिवार महिला संघका अध्यक्ष श्रीमती शान्ता राणा अमर प्रहरीका आश्रित परिवारहरूलाई संघको तर्फबाट आर्थिक सहयोग वितरण ।

*Financial assistance distributed to the dependent families of the immortal police by Mrs Shanta Rana, president of Police Family Welfare Association.*



प्रहरी पुर्नमिलन समारोह । *Police Re-union Ceremony.*

## जनअभिव्यक्ति

## People's Voice

**श्रीमती लक्ष्मी शर्मा (उद्योग व्यवसायी)**
**महाराजगंज, काठमाडौं ।**



सर्वसाधारण जनताको लागि सबभन्दा पहिले न्याय माग्न जाने ठाउँ भनेको नै नजिकैको प्रहरी कार्यालय भएकोले यससँग सम्बन्धित भएर आउन सक्ने कार्यप्रणाली तथा क्षेत्राधिकारको विषयमा प्रहरी सदा सजक रहनु पर्दछ, ताकि गैर-क्षेत्राधिकारको प्रश्नमा सही जवाफ दिन सकियोस् । प्रहरीले प्रहरीको हैसियतले मात्र होइन एउटा समाजकै सदस्य तथा जिम्मेवार नागरिकले वहन गर्नुपर्ने दायित्वका अतिरिक्त राज्य निर्मित ऐन-कानूनले निर्दिष्ट गरेको मागलाई आफ्नो पदीय-कर्तव्य सम्झनु पर्दछ ।

**Mrs. Laxmi Sharma**
**(Industrialist)**
**Maharajgunj, Kathmandu.**

Nearest police post is the first and the nearest shelter of justice for the general public. Hence, police must always be alert and aware of its duty and the limitations of its authority; it has to be able to respond to the public request quickly and adequately without going out of its limits. The police must fulfill its responsibilities as a responsible citizen and a member of the society and, at the same time perform its duty as directed by the Acts and Laws prescribed by the state.

---

**हर्कबहादुर सिंह (समाजसेवी)**
**सिलगढी, डोटी ।**



बहुमुखी कार्यसम्पादनको अभिभारा लिएको प्रहरी फोर्सलाई परिवर्तित समयको कार्य पुरा गर्ने काममा हामी सबैको सत्प्रयास अति आवश्यक छ । प्रहरी र जनतावीचको सम्वन्ध समझदारी र विश्वासमा आधारित हुनुपर्दछ । आजको सन्दर्भमा जनसहयोग र सहभागिता प्राप्तगर्ने काममा सोच्ने हो भने निष्ठा र सेवाभावमा आधारित प्रहरी फोर्स निर्माणतर्फ सचेत हुनु पर्दछ । सत्य, सेवा र सुरक्षाको जिम्मेवारी लिएको प्रहरी फोर्समा सेवारत् हरेक सदस्यले त्यस भावनालाई आत्मसात् गर्नुपर्ने हुन्छ । त्यसैगरी त्यसको अनुभूति जनताले पाएको हुनुपर्छ ।

**Harka Bahadur Singh (Social Worker)**
**Shilgadhi, Doti.**

To fulfil the multidimensional responsibilities in the changing context, police needs the determined effort and active support from the public as well. The relationship between the police and the public should be based on good understanding and trust. In the present context, police needs to be aware to create a service-oriented police with integrity to get strong public support and their active participation. Therefore, each police, having taken the oath of PEACE, SERVICE and SECURITY must assimilate the feeling of service in his work that must be realized by each and every public.

---

**हीरालाल तण्डुकार (सामाजिक कार्यकर्ता)**
**थापाथली, काठमाडौं ।**



प्रहरीले जन्मकालदेखि नै मातृभूमि नेपाल र देशका नागरिकहरुको सुरक्षामा लागिपरेको र हालसम्म पनि नागरिकहरुको शान्ति-सुरक्षाको लागि निरन्तर सेवा प्रदान गरिरहेको हामीले महसुस गरिरहेका छौं । आशा गरौं आगामी दिनहरुमा पनि यस्तै सेवाले निरन्तरता पाइरहोस् ।

**Hiralal Tandukar**
**(Social Worker)**
**Thapathali, Kathmandu.**

We realize that the police have been continuously serving to protect the Mother Nepal and its citizens since its inception and they have been providing continuos services for the maintenance of peace and security of the people till date. We hope that it may remain the same in the coming future too.

---

**सुरेश आचार्य**
**सभापति, नेपाल पत्रकार महासंघ**



आफ्नो कर्तव्य निर्वाहको क्रममा ज्यानको समेत बलिदान गरेर पनि प्रहरीहरु जसरी क्रियाशील भइरहेका छन् ती राम्रा सकारात्मक पक्ष हुन् भने केही मानवीय कमजोरी, गुनासाहरु पनि छन् । ती कमी-कमजोरीलाई ढाकछोप हैन सच्याउनका लागि छानवीन प्रक्रियालाई अगाडि बढाइनु पर्दछ ।

**Suresh Acharya,**
**President - Federation of Nepalese Journalist**

Policemen have been fulfilling their duties even at the price of their lives, that is the positive aspect of it. But there are also human weakness, errors and grievances on police that have to be analyzed and corrected instead of covering such lapses and shortcomings of the police.

**राजेशकाजी श्रेष्ठ**
**(अध्यक्ष, नेपाल चेम्बर अफ कमर्स, काठमाडौं)**

जनसहयोग र जनसहभागिता तत्काल प्राप्त हुने विषय होइन। यदि प्रहरीले जनतासंग व्यवहार गर्दा नम्रता, शिष्टता र सौहार्द्रता अपनाउँदै गयो भने जनताको मनमा प्रहरी भनेको आफ्नै दाजुभाइ हुन् भन्ने भावना विकसित हुनेछ। अहिले पनि कतिपय ठाउँमा प्रहरी पोष्ट बनाउने जस्ता काममा समेत जनताले योगदान गरेका छन्। खासगरी प्रहरीका तर्फबाट जनता भनेको हामीले शासन गर्ने वर्ग हो भन्ने गुरुताभास छाडिनु पर्दछ। जुन कुरा अहिले पढे लेखेका प्रहरी समुदायबाट आशा गर्न सकिन्छ।



**Rajesh Kaji Shrestha**
**(President, Nepal Chamber of Commerce)**

Public support and the people's participation can not be attained at once. If the police behave public with humility, decency and cordiality, public may develop a feeling of brotherhood to all policemen. The contributions made by public to build police community booths in many places are evident to us all. Especially, police must cease to think that they are the ruling class that can be expected only from today's modern and elite police.

---

**शशी पन्थी (प्राध्यापन)**
**तम्घास, गुल्मी।**

जनताको सहयोग प्रहरीका लागि अत्यावश्यक छ। जनताको सहयोगविना प्रहरी एक्लैले केही गर्न सक्दैन। प्रहरीबाट आत्मैदेखि सुरक्षाकार्यमा डटेको अनुभव जनताको मनले अनुभूति गर्नुपर्दछ। त्यसका लागि जनताको मन जित्ने काम प्रहरीले गर्नुपर्दछ।

वर्दीविनाका प्रहरीजनताबाट पनि प्रहरीलाई पूर्ण सहयोग हुनुपर्दछ। प्रहरीको नजरमा परेको अपराधी फुत्कन सक्दैनन् भन्ने विश्वास प्रहरीले जनतालाई दिन सक्नु पर्दछ। सत्य, सेवा, सुरक्षणम्को उद्देश्य लिएका प्रहरीले जनविश्वास आर्जन गर्न बढी प्रयत्न गर्नुपर्दछ।



**Shashi Panthi (Teacher)**
**Tamghas, Gulmi.**

Public support is a must for the police. Police can do nothing without public support. Public must feel that police is committed to their duty by heart and soul. For that reason police must strive to win the confidence of the people. Community members, who are also police without uniforms, should fully co-operate police. For this, police must win public confidence and faith that the criminal can not escape from the police. Police, whose main objectives are Truth, Service and Security, must be able to win confidence of the public it serves.

---

**के. पी. शर्मा ओली,**
**पूर्व गृहमन्त्री**

दलगत स्वार्थलाई हेरेर प्रहरीशक्तिको उपयोग गर्ने सोचभन्दा माथि उठेर समग्र देशको शान्ति-सुरक्षाको दायित्व निर्वाह गर्न प्रहरीलाई विना राजनैतिक हस्तक्षेप, नियम-कानूनको अधीन रहेर काम गर्न दिइनु पर्दछ।



**K. P. Sharma Oli,**
**Former Home Minister**

Raising above the interest of the parties and remaining within the jurisdiction of Acts, Rules and Laws, the Police should be allowed to perform its role and duties without any political interference. To maintenance peace and security of the country as a whole, police must be allowed to work without any petty political interest.

---

**निरञ्जन थापा,**
**पूर्व गृहराज्यमन्त्री**

प्रहरी-शक्ति जहिले पनि अराजनैतिक र निष्पक्ष हुन्छ भन्ने कुरामा रत्तिभर पनि प्रहरीहरु अल्मलिनु हुँदैन। मानवअधिकारको कतैबाट हनन हुने कार्य रोक्ने जिम्मा पाएको प्रहरी स्वयं मानवअधिकारवादी हुनुपर्दछ। वर्तमान अवस्थामा सीमित साधन-स्रोत, बदलिंदो प्रजातान्त्रिक अभ्यासबीच प्रहरीको कार्य सराहनीय नै मान्नुपर्छ।



**Niranjan Thapa,**
**Former Home Minister**

The police must never be confused with the fact that police must always be fair and never work on any political biases. First and foremost, to be a protector of Human right, police must abide and respect the norms of Human Right. In the changing political and democratic context, the police performance that it has been doing under strictly limited means and resources has to be well appreciated and commended.

# सवारीआवागमन सुसंचालन र दुर्घटना नियन्त्रण

नेपाल प्रहरीको विभिन्न कार्यहरुमध्ये सवारीआवागमन सुचारुरूपले सञ्चालन गर्ने कार्य ट्राफिक प्रहरीको कर्तव्यभित्र पर्दछ भने यसको व्यवस्थापनमा यातायात मन्त्रालय, सडक विभाग, यातायात व्यवस्था विभाग, वातावरण मन्त्रालय, ढल निकास संस्थान, विद्युत, दूरसञ्चार संस्थान, महानगर पालिका, नगरपालिका आदि पनि जिम्मेवार छन् । सबैको राम्रो समन्वय र प्रयासले मात्र सोचे जस्तो सवारीआवागमन सुसञ्चालन गर्ने कार्यमा फड्कोमार्ने प्रयास सफल हुन सक्तछ । अन्यथा कुनै एकको मात्र असहयोग र असमझदारीमा प्रभावकारी ट्राफिक व्यवस्थापनको कल्पनासम्म पनि गर्न सकिदैन ।

दुर्घटना नियन्त्रण गर्ने कार्यमा आशातीत उद्देश्यहरु हासिल हुन नसक्नुको मुख्य कारणहरुमा सडकको दुरावस्था, सवारीसाधनको नराम्रो अवस्था, सवारी-चालकको लापरवाही, जनसाधारणमा ट्राफिक चेतनाको अभावलाई लिन सकिन्छ । तापनि सीमित सडकको वावजुद १ लाख ३० हजारभन्दा बढी सवारीसाधनहरु दैनिकरूपमा उपत्यकाभित्र गुडिरहेको अवस्थामा उपत्यकाभित्र र बाहिरसमेत सवारीआवागमनलाई व्यवस्थित र नियन्त्रित गरी दुर्घटना रोकथामतर्फ नेपाल प्रहरी भरमग्दुर प्रयासरत् रहेको कुरा निम्न बुँदाहरुबाट अझ बढी प्रष्ट हुन आउँछ ।




१. सडकको क्षमता, प्रकृति आदिको अध्ययन गरी बिसौनी निषेध (No Parking), रोक्न मनाही, एकतर्फी, प्रवेश निषेध आदिको कार्यान्वयनबाट केही हदसम्म भएपनि सवारीआवागमनको सुसञ्चालनमा प्रभावकारी सुधारल्याई दुर्घटना नियन्त्रण गर्ने जमर्को गरिएको छ ।

२. लामो दूरीमा चल्ने सवारीसाधनहरुको लागि टाइम-कार्डको व्यवस्था गरिएको छ । सवारी दुर्घटना रोकथाम गर्न यस व्यवस्थाबाट सहयोग पुग्न गएको छ भने टाईम-कार्ड व्यवस्थालाई अन्य स्थानहरुमा पनि विस्तार गर्ने लक्ष्य राखिएको छ ।

३. दुर्घटनाबाट हुने क्षतिको न्यूनीकरणको लागि सडकप्रयोगकर्ता, स्कूलका विद्यार्थी, नयाँ सवारीचालक अनुमतिपत्र लिने व्यक्तिहरु, ड्राइभिङ स्कूलका विद्यार्थी तथा प्रशिक्षकहरुलाई ट्राफिक नियमसम्बन्धी विभिन्न कक्षा लिई जनचेतना अभिवृद्धि गरी सवारीचालकले गर्नुपर्ने कुराहरु र गर्न नहुने कुराहरुको जानकारी गराई सवारीसुसञ्चालन तथा दुर्घटना नियन्त्रण गर्ने प्रयास गरिएको छ ।



४. सवारी दुर्घटना नियन्त्रण गर्न अति व्यस्त सडकहरुमा नगरपालिकाहरु-सँग आवश्यक समन्वय कायम गरी रेलिङ राखिएको छ । सडकको लेन छुट्टयाउन कोनको व्यवस्था गरिएको छ । स्वचालित विद्युतीय यन्त्रको उपयोग तथा ट्राफिक प्रहरी कर्मचारी २४सै घण्टा परिचालन गरिएको छ ।

५. सवारीको अवस्था ठीक भए नभएको जाँच, कोण कक्षाको सञ्चालन र विभिन्न संचारमाध्यमहरुद्वारा सवारीआवागमन विषयमा प्रचार-प्रसार, ट्राफिकसप्ताह आदिबाट ट्राफिकचेतना अभिवृद्धि गराउने प्रयासहरु समेतबाट सवारी सुसञ्चालन तथा दुर्घटना न्यून गर्ने प्रयास गरिएको छ ।

६. सवारी नियन्त्रण कार्यमा संलग्न प्रहरी कर्मचारीको कर्तव्यप्रति समर्पण, प्रोत्साहन र हौसला अभिवृद्धिका लागि यसै बर्षदेखि उत्कृष्ट ट्राफिक प्रहरी छनौट गरी प्रहरी दिवसको शुभअवसरमा पुरस्कृत गर्ने परिपाटी आरम्भ गरिएको छ ।

७. सवारीचालक अनुमतिपत्र वितरण गर्न पूर्वाधार तयार भएका स्वीकृत ड्राइभिङ ईन्स्टिच्यूटबाट सफल व्यक्तिहरुलाई तोकिएको परीक्षा उत्तीर्ण भएपछि सवारीचालक अनुमतिप्त्र प्रदान गर्ने व्यवस्था मिलाइएको छ ।

८. सवारी दुर्घटना नियन्त्रणको लागि जनचेतना अभिवृद्धि गर्ने र दुर्घटनाको विश्लेषण गरी घटना पुनरावृत्ति हुन नपाउने व्यवस्था मिलाउन दुर्घटना अभिलेख पद्धतिलाई प्रभावकारी र व्यवस्थित गरिएको छ ।

९. सवारीआवागमन सुसञ्चालन र दुर्घटना नियन्त्रणको लागि आवश्यकताअनुसार पदयात्रुहरुको सुविधाका लागि आकाशे पुल, अण्डरग्राउण्ड पुलको निर्माणमा समन्वय गरिएको छ ।

१०. ट्राफिक व्यवस्थापनको लागि विभिन्न मन्त्रालय, विभाग, कार्यालयहरुबाट प्रतिनिधित्व हुने गरी एक समिति गठन गरी कार्य थालनी भएको छ भने अर्कोतिर परिआएको बेला तत्काल समस्या समाधानको लागि सम्बद्ध जिल्ला प्रशासन कार्यालय, ट्राफिक प्रहरी, सडक विभाग, यातायात व्यवस्था विभाग र नगरपालिकाको प्रतिनिधि रहने एक समिति गठन गरी कार्यन्वयन गर्न सकेको अवस्थामा ट्राफिक व्यवस्था अत्यन्त प्रभावकारी हुनजाने विश्वास गरिएको छ ।

# Traffic System Management and Accident Control

Traffic control and management is one of the major roles of Nepal police. There are more than one hundred thirty thousand vehicles running in Kathmandu valley alone and the numbers of vehicles are increasing alarmingly each year.

Although the overall management of Traffic lies with various government agencies such as: Ministry of Transport, Department of Roads, Transport Management Department, Ministry of Environment, Water and sewerage Department, Department of Electricity, Telecommunication Corporation, various Municipalities and so on, the visible burden and overall pressure of traffic control management lies on the effective performance of the Traffic Police. Therefore the effective management of traffic administration is possible only if all responsible agencies can work together in a cooperative and a coordinated manner.

Some of the major constraints of an efficient and smooth traffic management are bad conditions of roads, bad condition of vehicles, reckless driving, drunken driving, and lack of respect for traffic rules and the lack of education and awareness of the pedestrians and drivers as well. Despite all constraints the Traffic Police has been trying its best to optimize the smooth and safe traffic management with minimum of accidents on the road. Some of the recent measures adopted by the traffic police are highlighted below

1. **Effective Management**: Traffic police has been striving to maintain the smooth flow of traffic by developing effective regulation on parking, no entry points, one way system, prohibition to stop in the heavy traffic time and areas etc.
2. **Time Card System:** Time card system has been introduced to regulate the speed and control of long running public vehicles like highway buses. These arrangements have been successful to prevent accidents of the passengers' buses to a great extent. As there are thousands of passenger buses running each day, Traffic Police is trying to introduce this system to as many sectors as possible.



*Inaugural ceremony of 'Traffic Week'*


*Effective traffic management*

3. **Traffic Programs to Prevent Accidents:** To prevent and minimize traffic accidents and injury, Traffic Police has developed public awareness campaigns involving students and community leaders. It organizes Traffic Week inter-actions on dos and don'ts on the road and various programs.
4. **Road Facilities:** Traffic police has introduced railings on the busy roads, cones to separate lanes, traffic lights, traffic signs and overhead bridges in coordination with Municipalities and other government and non-government agencies.
5. **Traffic Control and Checking:** Traffic has also initiated corner classes, and surprise checks on the conditions of vehicles.
6. **Reward and Incentives:** Traffic police has introduced various incentives to the police and drivers to motivate them to follow and adopt proper traffic etiquette.
7. **License Control:** An effective system has been introduced to control the issuance of license only to those who have passed prescribed driving tests. The drivers need to go to a registered driving school and be trained by qualified trainer to be able to get a license.
8. **Research and Planning:** Police has initiated programs to study and research on traffic accidents to prevent accidents.
9. **Traffic Management Committees:** Similarly, various committees have been formed jointly with various trade unions and associations to form policies, rules and traffic regulations. It has also formed taskforce with various departments of the government to formulate effective policies and its effective implementation.

# अपराध अनुसन्धानमा केन्द्रीय प्रहरी वैज्ञानिक प्रयोगशाला



प्रयोगशालाको निरीक्षण

**आ**जको युगमा समाजमा विज्ञान र प्रविधिको प्रभाव परेको छ । विधिविज्ञान यसको विकासको एउटा भाग हो, जहाँ वैज्ञानिक ज्ञान र विधिहरु अपराध अनुसन्धान र अपराधीको न्यायको लागि प्रयोग गरिँदै आइएको छ ।

आजभोलि विधिविज्ञानको महत्त्व झन् झन् महसुस गरिँदै आइएको छ । नेपालमा अपराध अनुसन्धानमा वैज्ञानिक विधिको प्रयोग शिशुअवस्थामै छ । नेपाल प्रहरीले अपराध अनुसन्धानमा वि.सं. २०१७ देखि छायाँचित्रकारिता र वि.सं. २०१९ देखि औंठाछाप परीक्षणको प्रयोग गरेको हो । त्यसपछि वि.सं. २०२८ मा चिकित्सकहरुको साथमा विधिविज्ञान शाखा खोलेको हो । पछि यसलाई अभिवृद्धि गर्नको लागि केही प्रहरी अधिकृतहरुलाई बायोलोजी सेरोलोजी, टोक्सिकोलोजी र ब्यालिष्टिक्समा तालिमको लागि भारतमा पठाइएको थियो ।

शाही न्याय सुधार आयोगले वि.सं. २०४० मा स्वतन्त्र विधिविज्ञान प्रयोगशाला स्थापना गर्ने सिफारिस गर्दासम्म सो प्रयोगशाला सुचारुरूपले चलेको थियो । नेपालमा विधिविज्ञान प्रयोगशालाको आवश्यकतालाई महशुस गरी श्री ५ को सरकारले वि.सं.२०५२ माघ ११ मा यस क्षेत्रमा आवश्यकीय विश्लेषणात्मक सेवा पुऱ्याउने उद्देश्य राखी केन्द्रीय प्रहरी विज्ञान प्रयोगशालाको स्थापना गर्ने निर्णय गऱ्यो । यस प्रयोगशाला अन्तर्गत आठवटा इकाईहरु कार्यरत् छन्:

**१. बायोलोजी सेरोलोजी एकाई**

*केसका प्रकारहरु:*

ज्यानमार्ने, ज्यानमार्ने प्रयास, आत्महत्या, करणी, पानीम




क घटनास्थलमा फेला परेको औजारको निसान छाप

ख शंकास्पद व्यक्तिसंग बरामद भएको औजारबाट उठाइएको निसान छाप



कपिमा पाइने Indentation writing लाई Vaccum box को सहायताले Develop गरिएको



*Docucentre को मद्दतले गर्न सकिने नक्कली तथा सक्कली नोटबीचको तुलना ।*
*सक्कली नेपाली रुपैयाँ । (माथि)* *नक्कली नेपाली रुपैयाँ । (तल)*

डुबी मृत्यु, गर्तपतन, गुदमैथुन, पशुगमन, वाहन दुर्घटना, मानिस हराउनु इत्यादि ।

*संलग्न प्रमाणहरुको प्रकार:*

रगत, रगतको टाटो, वीर्य, वीर्यको टाटो, रौं, रेशा, हतियार, दिसा, जंगली जनावर र विरुवाका अङ्गहरु, इत्यादि ।

**२. टोक्सिकोलोजी इकाई**

*केसका प्रकारहरु:*

आत्महत्या, ज्यानमार्ने, आकस्मिक विष सेवन, विष र लागू औषधको दुरुपयोग, वातावरणीय प्रदुषण इत्यादि ।

**३. शंकास्पद कागजपत्र इकाई**

यो इकाईले हस्तलेखको पहिचान र गर्ने र किर्ते पत्ता लगाउने काम गर्दछ । उदाहरणको लागि, नक्कली पैसा तथा मुद्राहरु, छापेका वस्तुहरु, टाइपराइटर, सिलछाप, यात्राका कागजपत्र, मसी र कागजको विश्लेषण गर्छ ।

परीक्षणहरु आधारभूत सहुलियतहरुद्वारा र प्रोजेक्टिना डकुसेन्टर, स्टेरीयोमाइक्रोस्कोप, भ्याकुमवक्स र विभिन्न प्रकारमा म्याग्निफाइङ्ग ग्लासको सहायताले गरिन्छ ।

**४. केमिष्ट्री नार्कोटिक इकाई**

यो इकाईले लागूपदार्थको दुर्व्यसन र Psychotropic Substance हरुको विश्लेषण गर्ने काम गर्दछ । विश्लेषणको लागि प्रयोग गरिने विधिहरु TLC, रसायनिक परीक्षण र ग्याँस क्रोमाटोग्राफी हुन् ।

**५. ब्यालिष्टिक विष्फोटक इकाई**

यो इकाईमा वन्दुक, अग्न्यास्त्र र यससंग सम्बन्धित भौतिक प्रमाणहरुको परीक्षण गरिन्छ । विधि सम्बन्धि, ब्यालिष्टिकका अतिरिक्त यस इकाईमा विष्फोटनसंग सम्बन्धित भौतिक सबुतहरु पनि परीक्षण गरिन्छ ।

**६. भौतिक इकाई**

यो इकाईले सवारीसाधनहरुको ठक्कर चिन्ह टायरको डाम, मेटिएको च्यासिस र इन्जिन नम्बर, पदचिन्ह तथा जुत्ताको चिन्हको विश्लेषण गर्दछ ।

परीक्षणहरु केही रासायनिक परीक्षण, भौतिक परीक्षण, तुलना, माइक्रोस्कोप र स्टेरीयोमाइक्रोस्कोपद्वारा गरिन्छ ।

**७. औंठाछाप विभाग**

औंठाछापको तुलना र अपराधीहरुको रेकर्ड कायम राख्ने काम गरिन्छ ।

**८. छायाँचित्रकारिता इकाई**

यो इकाई फोटो, कागजपत्र र औंठाछापलाई ठूलो बनाउने विषयसँग सम्बन्धित छ । अपराधदृश्यबाट लिइएको फोटोले स्पष्ट प्रमाण दिन्छ र अपराध दृश्यलाई विस्तृतरूपमा मिलाउन सकिन्छ साथै कागजपत्रको फोटोग्राफी पनि हुन्छ ।

यो प्रयोगशालाको विशेषज्ञहरुले भारत र डेनमार्कमा तालिम लिएका छन् ।

यो प्रयोगशालाको अभिवृद्धि गर्नको लागि डेनमार्क, अमेरिकी राजदुतावास र बेलायतबाट आर्थिक सहयोग प्राप्त भएको छ ।

यो प्रयोगशाला निर्विघ्नपूर्वक चलिरहेको हुनाले परीक्षणको लागि प्राप्त केसहरु दुईदेखि चार दिनभित्रमा परीक्षण गरिन्छ ।



780 NM

नेपाली नागरिकताको प्रमाण-पत्र

नाम थर: पदम बहादुर गुरुङ

जन्मस्थान: कोशी अञ्चल भोजपुर जिल्ला

जन्म मिति: २०२०।१।११

बाबुको नाम, थर, वतन: हर्क बहादुर गुरुङ

पतिको नाम थर:-



नेपाली नागरिकताको प्रमाण-पत्र

नाम थर: पदम बहादुर गुरुङ

जन्मस्थान: कोशी अञ्चल भोजपुर जिल्ला

जन्म मिति: २०२१।१।११

बाबुको नाम, थर, वतन: हर्क बहादुर गुरुङ

पतिको नाम थर:-

*नागरिकता प्रमाणपत्र (माथि)*
*सक्कली नागरिकता प्रमाणपत्रमा सच्याइएको जन्म मिति (तल)*

# A GLIMPSE OF CENTRAL POLICE SCIENCE LABORATORY IN CRIMINAL INVESTIGATION



*A testing of forensic document*

Today the impact of science and technology in the society is tremendous. Forensic science is a part of its development where in scientific knowledge and methods have been used in crime investigation and criminal justice.

The importance of Forensic Science is being realized more and more now a days. The increasing trend towards the application of scientific methods in criminal investigation, which is at an infancy stage in Nepal. Nepal Police used Photography in crime investigation in 1960 and fingerprint examination in 1962. Then a Forensic Section was opened in 1971 with medical doctors. Later on for further strengthening few Police officers were sent for training in India in Biology / Serology, Toxicology and Ballistics.

This laboratory was functioning well and good, until the Royal Judicial Reform Commission (1983) recommended for the establishment of independent Forensic laboratory.

Realizing the need for a Forensic Laboratory within Nepal Police HMG/NEPAL decided to re-establish a Central Police Science Laboratory with the aim of providing essential analytical service in this field in 1995. There are eight units functioning under this lab:



*Valid visa (left).Fraudulent visa (right). in which three fake names are added (Photograph is taken in the Docucenter)*

**1. Biology / Serology Unit**

***Types of cases:***

Murder, Attempted murder, Suicide, Rape, Drowning, Abortion, Sodomy, Bestiality, Motor accidents, Missing Persons etc.

***Types of evidences involved:***

Blood, Blood stain, Semen, Seminal stain, Hairs, Fibers, Weapon, Stool, Parts of wild animals and plants etc.

**2. Toxicology Unit**

***Types of cases:***

Suicide, Murder, Accidental poisoning, Abuse of poisons and drugs, Environmental pollution etc.

**3. Questioned Documents Unit**

This unit deals in identification of handwriting and detection of forgeries e.g. Counterfeit currency and coins, printed matter, typewriter, seal impression, travel document, ink and paper analysis.

The examination is done with the basic facilities with the help of Projectina Docucenter, Stereomicroscope Vacuum–Box and different types of magnifying lenses.

**4. Chemistry / Narcotics Unit**

This unit deals with the analysis of drug of abuse and psychotropic substances. The method used for analyzing is TLC, chemical test and Gas Chromatography.




*Valid Indian Currency (above). Fake Indian Currency (down)*

**5. Ballistics / Explosives Unit**

In this unit the firearms and firearms related physical evidences are examined. In addition to forensic ballistics physical evidences related with explosives are also examined in this unit.

**6. Physical Unit**

This unit deals with the analysis of tool marks, tyre marks, erased chassis & engine numbers of vehicles, footprints, shoe prints etc.

The examination is done with some chemical tests, physical examination, Comparison microscope & stereomicroscope.

**7. Fingerprints Division**

Comparison of the fingerprints and maintaining the records of the criminals

**8. Photography Unit**

This unit is concerned with the enlargement of photo of document and fingerprints etc. Photographs taken from scene of crime can show the clear picture of the evidences and help in reconstruction of the crime scene and also the document photography.

The experts in this laboratory have been trained in India and Denmark.

For the strengthening of laboratory financial assistance have been received from Denmark, U. S. Embassy and U. K.

As this laboratory now running smoothly all the cases received for examination are analyzed within two to four days.



श्री ५ बडामहारानी ऐश्वर्य राज्यलक्ष्मी देवी शाह सरकारको ५२औं शुभजन्मोत्सवको सुखद् उपलक्ष्यमा मौसुफ सरकारको सुख समृद्धि एवं अटल सौभाग्यका लागि सभक्ति हार्दिक मंगलमय शुभकामना चढाउँदछौं ।

**रामकुमार श्रेष्ठ, गोरखा**
**श्रीमती सेती महर्जन, मनाङ**
**बद्रीमान श्रेष्ठ, माछापुच्छ्रे निर्माण सेवा, लमजुङ**

# तालिममा नयाँ आयाम



राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान

**मा**नवस्रोतको विकास गरी आधुनिक व्यवस्थापकीय अवधारणालाई अवलम्बन गर्दै तालिम निर्देशनालयबाट विभिन्न प्रकारका तालिम, गोष्ठी सम्मेलन, अन्तर्क्रिया, अध्ययन भ्रमण इत्यादि गतिविधिहरुको सञ्चालनार्थ विभिन्न व्यवस्था हुँदै आएको छ । तालिमको आवश्यकता पहिचान गर्ने, विभिन्न तालिमका अवसरको खोजी गर्ने, तालिमसम्बन्धी संस्थाहरुसंग समन्वय एवं सम्पर्क राख्ने, प्रहरी तालिम केन्द्रहरुको निरीक्षण, मूल्यांकन गर्ने प्रशिक्षणसम्बन्धी विभिन्न कार्यमा स्रोत वितरण (Facilitation) गरी तालिम तर्जुमा गर्ने इत्यादि कार्य तालिम निर्देशनालयबाट गरिँदै आएको छ ।

प्रहरी कर्मचारीलाई थप चुनौतीसंग अझै प्रभावकारी ढंगले सामना गर्न सक्ने दक्ष एवं निपूण बनाउन तालिम क्षेत्रमा नयाँ आयामहरु थपिएका छन् । यस सम्बन्धमा भएका नयाँ उपलब्धि निम्नानुसार छन् :

• सामुदायिक प्रहरी सेवासंग सम्बन्धित अनुशिक्षण तालिमहरु सञ्चालन गरी विभिन्न स्थानहरुमा सामुदायिक प्रहरी सेवा केन्द्र खोलिएका छन् भने कतिपय खोलिने क्रममा रहेका छन् ।

• मानवअधिकार सम्बन्धमा एम्नेष्टी ईन्टरनेशनलको सहयोगमा हालसम्म ४८ जिल्लाहरुमा कार्यरत् प्रहरी कर्मचारीहरुलाई तालिम प्रदान गरिएको छ । यो कार्यक्रम नियमित र चरणगत्‌रूपमा अगाडि बढाउँदै लगिएको छ । यस्तै गरी ICRC को सहयोगमा पनि मानवअधिकार तथा Humanitarian Law सम्बन्धी विषयमा प्रहरीका वरिष्ठ अधिकृतहरुका लागि गोष्ठी सञ्चालन गरिएको छ । मानवअधिकारको ज्ञान प्रहरीका विभिन्न तहमा प्रदान गर्न आधारभूत तालिम तथा अन्य तालिम पाठ्यक्रममा विषय समावेश गरी तालिम प्रदान गरिँदै आएको छ ।

• चेलीबेटी बेचबिखन, घरेलु हिंसा जस्ता सामाजिक अपराधको नियन्त्रणको लागि युनिसेफ तथा डी. एफ्. आई. डी. को सहयोगमा सोसम्बन्धी बहुपक्षीय गोष्ठी (Multi Agency Training) पोखरा, धरान र धनगढीमा सञ्चालन गरिएको छ । उक्त गोष्ठीहरुमा सरकारी तथा गैह्रसरकारी निकाय र सामाजिक कार्यकर्ता, प्रहरी, डाक्टर, वकील, महिला कार्यकर्ताहरुको सहभागिता थियो । यसका अलावा विभिन्न स्थानहरुमा जनचेतनामूलक कार्यक्रमहरु, गोष्ठी सञ्चालन गरिएका छन् ।

सीमावर्ती अपराध तथा चेलीबेटी बेचबिखन अपराध नियन्त्रण सम्बन्धमा धनुषा र भैरहवामा भारतीय समकक्षीहरु (Counterpart) संग समन्वय बैठक (Co-ordination Meeting) गरिएको छ ।



सफलतापूर्वक तालिम हासिल गर्नुभएकोमा बधाई छ ।

नेपाल प्रहरीका अधिकृतहरुबाट भारतको बम्बै, कलकत्ता, दिल्ली शहरका रेडलाइट एरियाको निरीक्षण भ्रमण भएको छ ।

भारतको हैदराबादमा आयोजित "Millenium Conference



*कठिन दायित्व निर्वाह गर्न प्रशिक्षण पनि कठिन नै लिनुपर्छ ।*

of Chief of Police on Best Practices, Emerging Trends and Challenges" नामक सम्मेलनमा प्रहरी अधिकृतहरुको सहभागिता गराइएको छ ।

• कम्प्यूटर प्रविधि सम्बन्धी आधारभूत ज्ञानको आवश्यकता महसुस गरी नियमितरूपमा राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान र प्रहरी प्रधान कार्यालय, कम्प्युटर महाशाखामा तालिम सञ्चालन भइरहेको छ । साथै उन्नत प्रकारका विदेश तालिमहरु पनि सम्बन्धित प्राविधिक अधिकृतहरुलाई प्रदान गरिंदै आइएको छ ।

• विधिविज्ञान, औंठाछाप तथा त्यस्तै विशिष्ट विषयमा स्वदेश एवं विदेश तालिममा सम्बन्धित प्रहरी कर्मचारीहरु सहभागी भइर हेका छन् ।

• आधुनिक व्यवस्थापन प्रणाली सम्बन्धमा विभिन्न तहका व्यवस्थापकहरुलाई आवश्यक ज्ञान, सीप एव धारणा अभिवृद्धि गर्न सिनीयर म्यानेजमेन्ट डेभलपमेन्ट प्रोग्रामलगायत अन्य व्यवस्थापन तालिम राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानमा सञ्चालन हुने गरेको छ । व्यवस्थापनसम्बन्धी विदेश तालिमहरुमा समेत वरिष्ठ प्रहरी अधिकृतहरुलाई सहभागी गराइँदै आइएको छ ।

• प्रहरी आचरण व्यवहारविषयक अन्तर्क्रिया तथा कार्यशाला गोष्ठी राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानमा आयोजना गरिएको छ ।

• तालिमसम्बन्धी गतिविधिलाई एकीकृत योजनावद्ध र प्रणालीगतरूपमा सञ्चालन गर्न तालिम म्यानुअल प्रकाशन हुने क्रममा रहेको छ । यस सम्बन्धमा विभिन्न तालिम पाठ्यक्रमको नियमित पुनरावलोकन एवं नयाँ पाठ्यक्रम निर्माणकार्यलाई व्यवस्थित गरिएको छ ।

**श्री ५ बडामहारानी सरकारको ५२औं शुभजन्मोत्सवको सुखद् उपलक्ष्यमा मौसुफ सरकारको सुख, समृद्धिका लागि हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।**



**राजभण्डारी सवि ट्रेड लिंक्स, बागलुङ**
**होटल हिलभ्यू प्रा. लि., बागलुङ**
**प्रधान ब्रदर्स, बागलुङ**
**मोहन ब. महत, अर्जुन निर्माण सेवा, म्याग्दी**
**भवन ठेकेदार बुद्धिबहादुर कार्की**
**काली गण्डकी निर्माण सेवा, म्याग्दी**
**प्रो. अंगद श्रेष्ठ, रुचि चलचित्र मन्दिर, म्याग्दी**
**सामुदायिक स्वास्थ्य तथा विकास कार्यक्रम, म्याग्दी**

# Training Activities: Towards New Horizon



*A glimpse of the training*

The Training Directorate of Police Head Quarters has been actively working to carry out training, Seminar, conference, study tours etc., to develop efficiency. This directorate has been identifying training needs in various fields through interactions and data analysis. The directorate is also monitoring, evaluating and controlling training centers.

To make manpower efficient and competent, new areas for training have been identified. With a view of participatory approach to policing, police officers have been provided training to establish community based police service centers. Police officers and community members have been jointly prepared to prevent and control crimes. Many of such community police services centers have been established.




Amnesty Intentional has already provided training for police in Forty-eight out of seventy five districts of the Kingdom. The ICRC (International Committee of Red Cross) conducted three-day seminar on International Humanitarian Law for very senior police officers in National Police Academy. A one-day seminar on similar issue was organized in Police Head Quarters for top ranking officials. Human trafficking has been a problem in Nepal. In order to prevent and control these crimes, multi agency training program were launched in various places. This training was attended by government, non-government, doctors, lawyers and

women social workers. These programs were financed by UNICEF and DFID. Nepal Police is running a regular project on Women Trafficking and Sexual exploitation of children with UNICEF.

A Cross-Border Cooperation Meeting was organized in Dhanusha and Bhairahava. Very senior police officers of both the countries expressed their concerns on Issues of human trafficking. Some of our police officers went around Indian big cities like Calcutta, Bombay and Delhi to study the situation of women and children in brothels. The coordinator of the Police-UNICEF project and DFID-Police project manager DIGP Mr. G P Thapa and Women cell in-charge Parvati Thapa attended the "Millennium Conference of Chief of Police on Best Practices, Emerging Trends and Challenges" held in Hyderabad, India.

Training program has been set in and abroad for technical police officers on Computer and information technology. Similarly experts from Forensic Laboratory and Finger Print had attended month long training in Denmark.



*Congratulation extended for the successful completion of the training*

Senior Management course have been organized for very senior police managers. Amongst many activities, a interaction on the issues of police conduct and behavior was also organized in National Police Academy. In order to conduct trainings in a more systematic way, training manuals are being worked out. The revision of training curriculum and methods of training are felt essential, hence preparation is underway.


श्री ५ बडामहारानी सरकारको
५२औं शुभजन्मोत्सवको सुखद् उपलक्ष्यमा
मौसुफ सरकारको सुख, समृद्धिका लागि
हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।



**Hotel Pawan International,** Siddharthanagar
सिद्धार्थनगर उद्योग वाणिज्य संघ, *सिद्धार्थनगर, भैरहवा ।*
लुम्बिनी फोम प्रा.लि., *भैरहवा ।*
नरसिंह स्टोर, *राजमार्ग चौराहा, बुटवल ।*

# नेपाल प्रहरीमा सूचना व्यवस्थापन

राष्ट्र एवं समाजमा शान्ति र सुरक्षाको अनुभूति दिलाउने अभिभारा नेपाल प्रहरीकै काँधमा रहेको छ । यस्तो कार्यमा संगठनको प्रभावकारिता, गतिशीलता, सफलता वा असफलता सूचना व्यवस्थापनमा निर्भर रहने हुँदा नेपाल प्रहरीले सूचना व्यवस्थापनलाई विशेष जोड दिएको छ ।

हाम्रो जस्तो भौगोलिक विकटता र देशको सबै ठाउँमा यातायातको सुविधा नपुगेको ठाँउहरुलाई समेत समेट्ने गरी रेडियो नेटवर्क व्यवस्थापन गरिएको छ । यसै गरी नेपाल प्रहरीमा कम्प्यूटर प्रविधिको प्रवेश र प्रयोग पछि लिखित एवं लिपी प्रमाणहरु संचय गर्न थालिनुका साथै सवारी नियम उल्लंघन, दुर्घटना, अन्य सबै प्रकारका घटनाहरुको अभिलेख, नेपाल प्रहरीको सम्पूर्ण अधिकृत तथा जवानहरुको व्यक्तिगत विवरणको अभिलेख राख्ने व्यवस्था मिलाइएको छ । नेपाल प्रहरीको आफ्नै Internet web site: www. nepalpolice. gov.np को विकास गरी क्षेत्रीय प्रहरी कार्यालयहरुमा E-Mail जडान गरिएको छ ।

नेपाल प्रहरीले विद्यमान समयमा प्रयोग गर्दै आएका प्राविधिक उपकरण एवम् सुविधाहरुको अतिरिक्त भविष्यमा रेडियो ट्रंकिङ प्रविधि लागूगर्ने योजनालाई कार्यान्वयन चरणमा लगिसकिएको छ भने ईमेल ईन्टरनेटको विस्तार र स्याटलाइट प्रविधिमा फड्को मार्नुपर्ने आवश्यकता पनि औंल्याइएको छ ।

ती विभिन्न संचार उपकरण संचालन एवं संभारको लागि आवश्यक दक्ष जनशक्ति तयार गर्ने क्रममा प्रहरी कर्मचारीलाई विभिन्न प्रकारको तालिम दिने व्यवस्थालाई पनि अगाडि बढाइएको छ ।



अन्तर्राष्ट्रिय प्रहरीबीच कम्प्युटर प्रविधिबाट खबर आदान-प्रदान ।

# Information Management in Nepal Police

Nepal Police has given special emphasis in Information management, because the effectiveness of an organization and its dynamics, success and failure depends on the Information management, which is very important factor to maintain peace and security in the nation. This responsibilities lie on Nepal Police.

Though no transportation has been reached in various geographically difficult areas, Nepal Police has established the radio network for Information and actions.

In addition, after the introduction of computer technology, Nepal Police has created its own Internet web site. www.nepalpolice.gov.np and in all developed regional office E-mail facilities have been installed. With the introduction of the computer technology, the management is efficient to keep all kinds of records of events and personal details. Even the traffic rule violations, accidents etc. are recorded for references and actions.

In very near future Nepal Police will be introducing radio trunking system and the need of entering into extension of satellite technology has been very much felt.

In order to meet the need for maintenance of new information equipment necessary steps have been already taken to train the police staff to develop manpower to operate and maintenance of the equipment.



*Police communicators are in interaction*

# नेपाल प्रहरीको अन्तर्राष्ट्रिय सहभागिता




इण्टरपोलको ६८औं महासभामा नेपाली प्रहरी प्रतिनिधिमण्डल

## इण्टरपोल

विभिन्न राष्ट्रका प्रहरी संगठनहरुवीच आपसी सहयोग तथा सद्भावको अभिवृद्धि गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा हुने विभिन्न अपराधहरुको रोकथाम र नियन्त्रणका लागि विश्वका सवै राष्ट्रहरु एकजुट भई कार्य गर्न अन्तर्राष्ट्रिय प्रहरी संगठन ईन्टरपोलको स्थापना भएको हो । यस संगठनमा हालसम्म १७८ राष्ट्रहरु सदस्य रहेका छन् भने नेपालले सन् १९६७ मा १०० औं राष्ट्रको रूपमा यस संगठनको सदस्यता प्राप्त गरेको हो ।



बोस्नियामा शान्ति कायमगर्ने कार्यावधि समाप्तगरी स्वदेश फर्केका प्रहरीटोलीको स्वागत

यस संस्थाले आफ्नो उद्देश्य प्राप्तिका लागि विभिन्न राष्ट्रहरुबीच अपराध-अनुसन्धान, नियन्त्रण, फरार अपराधीको पक्राउ, सुपुर्दगी आदि विषयहरुमा समन्वयन गर्ने तथा अपराध सूचनाहरुको आदान-प्रदान गर्ने कार्यहरु गर्दछ । यसै उद्देश्यका लागि सम्पूर्ण सदस्य राष्ट्रहरुले राष्ट्रिय केन्द्रीय व्यूरो (National Central Bureau) र आवश्यकतानुसार Sub-Bureau हरुको व्यवस्था गरेका छन् ।

यसरी अन्तर्राष्ट्रिय सहयोग तथा समझदारी बृद्धि गरी अपराधका जगतमा देखा परेका नयाँ नयाँ प्रविधि एवं समस्याहरुलाई समाधान गर्ने तथा अपराधसंग सम्वन्धित जानकारी आपसमा आदान प्रदान गर्ने उद्देश्यअनुरुप ईन्टरपोलका सदस्य राष्ट्रहरुबीच समय-समयमा केन्द्रीय, क्षेत्रीय सभा, सम्मेलन तथा सेमिनारहरु सञ्चालन हुँदै आएका छन् । हालसम्म ईन्टरपोलका सदस्य राष्ट्रहरुको ६८ वटा महासभा तथा १५ वटा क्षेत्रीय सम्मेलन भएकोमा नेपाल प्रहरी ३२ वटा महासभा र १३ वटा क्षेत्रीय सम्मेलनहरुमा सहभागी भइसकेको छ ।



प्रहरी सल्लाहकारको रूपमा सियरालियोनमा खटिएका प्रहरीटोलीलाई शुभकामना

## संयुक्त राष्ट्रसंघमा नेपाल प्रहरीको सहभागिता

विगत २०४८ फाल्गुण २९ गतेदेखि संयुक्त राष्ट्रसंघको आव्हानमा नेपाल प्रहरी विश्वका विभिन्न तनावग्रस्त क्षेत्रहरुमा शान्ति स्थापनार्थ सक्रियरूपमा सहभागी रहँदै आएको छ । प्रथमपटक एक जना प्रहरी अधिकृतको सहभागिताबाट सुरु भएको हालसम्म नेपाल प्रहरीका प्रहरी अधिकृत तथा जवानहरु गरी जम्मा ९१५ जना विभिन्न संयुक्त राष्ट्रसंघीय मिसनहरुमा सहभागी भई कार्यसम्पादन गरिसकेका छन् । नेपाल प्रहरीका कर्मचारीहरु सामान्य मोनिटरको रूपमा सहभागी हुँदै आएकोमा हाल पूर्वी टिमोर (UNTAAET Mission) मा UN Police Trainer को रूपमा ४ जना तथा सियरालियोन (UNAMSIL Mission) मा UN Police Advisor को रूपमा ५ जना प्रहरी अधिकृतहरुले आफ्नो कर्तव्य निर्वाह गरिरहेका छन् ।

अन्तर्राष्ट्रियक्षेत्रमा काम गर्ने अवसर पाएबाट व्यक्तिगत रूपमा प्रहरी कर्मचारीहरुका वृति विकास तथा अन्य सर्वाङ्गीण विकासको अवसर त छ नै त्योभन्दा पनि प्रहरी संगठनको लागि संगठनात्मक दृष्टिकोणबाट संगठनका सदस्यहरुको मनोवल उच्च रहन गई कार्य दक्षतामा समेत सकारात्मक प्रभाव परेको तथ्यमा दुईमत छैन । आर्थिक रुपमा विभिन्न प्रहरी कल्याणकारी कार्यहरुको लागि प्रहरी कल्याण कोषमा हालसम्म १५ करोड रुपैया सं. रा. सं. मिसनबाट फर्किएका प्रहरी कर्मचारीहरुबाट प्राप्त भएको छ ।



*कार्य-सफलताको लागि शुभकामना !*

जुन कूल कल्याण कोष आम्दानीको ७४ प्रतिशत हुन जान्छ । जसमध्ये हाल कार्यरत विभिन्न मिशन तथा प्रहरी कर्मचारीहरुको संख्या निम्नानुसार छन् ।

| सि.न. | मिसन | देश | संख्या |
|---|---|---|---|
| १ | UNIPTF | पूर्व युगोस्लाभिया वोस्निया | १८ |
| २ | UNMIK | पूर्व युगोस्लाभिया कोसोभो | ५४ |
| ३ | UNGCI | इराक | १० |
| ४ | YBTAET | पूर्वी टिमोर | ४७ |
| ५ | UNICTR | रुवाण्डा | ०२ |
| ६ | UNAMSIL | सियरा लियोन | ०५ |

*कूल कार्यरत संख्या १३६*


**Hearty Felicitation to**
**Her Majesty Queen**
**Aishwarya Rajya Laxmi Devi Shah**
**On Her Majesty's 52nd Birthday**



**SHREE RIDHI SIDHI JEWELLERES**
Shop No. 10, Bishal Bazar, Kathmandu

**Natraj** jewelleres
Show Room: 6-g/f Bishal Bazar

# International Participation of Nepal Police



*Farewell and good wishes being extended to the Police team deputed to East Timor on the request of UNO.*

## INTERPOL:

The INTERPOL has member from 178 countries of the world. Nepal has taken its membership in 1967 it has been registered as the 100th Country. The INTERPOL has been established with the main objectives to prevent and control different national and international crimes by promoting mutual cooperative and good will among police organizations of different countries of the world.



*Farewell to the police team being deputed to East Timor for the peace keeping*

Crime research, control, arrest, custody of absconded criminals etc. are the main function of the INTERPOL by providing information and coordination. Accordingly, as required each member country has set up National Central Bureau and sub Bureau.



दक्षिण कोरियाको राजधानी सियोलमा कात्तिक २२ देखि २६ गतेसम्म आयोजित इन्टरपोलको ६८ औं महासभामा नेपाल प्रहरीबाट प्रहरी अतिरिक्त महा-निरीक्षक प्रदीप शम्शेर ज.ब.रा. को नेतृत्वमा तीन सदस्यीय प्रतिनिधिमण्डल सहभागी।

**कार्तिक २८ गते**

श्री ५ बडामहारानी सरकारबाट मौसुफको स्वर्ण-शुभजन्मोत्सवको पुनीत अवसरमा नेपाल प्रहरीद्वारा आयोजित बीटिङ रिट्रीट नजर। मौसुफबाट सो अवसरमा कार्यक्रमका उत्कृष्ट सहभागीहरुलाई पुरस्कार बक्स।

**मंसीर ८ गते**

चेलिबेटी बेचबिखन तथा बालयौन शोषण र सोको समाधान एवं सीमाक्षेत्रमा हुने ओसारपसार नियन्त्रण सम्बन्धी नेपाल प्रहरी र भारतीय प्रहरी बीच अन्तर-क्रिया एवं सहयोग बैठक भैरहवामा आयोजना। यस्तै बैठक जनकपुरमा पनि मंसीर ६ गते आयोजना गरिएको थियो।

**मंसीर**

क्षेत्रीय प्रहरी इकाई कार्यालय, जुम्लाको सक्रियता तथा स्थानीय कार्यालय प्रमुख तथा बुद्धिजीवीहरुको प्रयासबाट जुम्लाको शैक्षिक, आर्थिक, सामाजिक विकासलगायत विभिन्न क्षेत्रमा विशेष योगदान पुऱ्याउने स्वदेशी एवं विदेशी नागरिकहरुलाई जुम्ला सेवा पुरस्कार प्रदान गर्न अक्षयकोषको स्थापना गर्ने निर्णय।

**मंसीर २५ गते**

प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईद्वारा आतंककारी-संगको मुठभेडमा घाइते भई वीरेन्द्र प्रहरी अस्पतालमा उपचाररत् प्रहरी कर्मचारीहरुसंग कुराकानी गरी स्वास्थ्य-स्थिति एवं उपचार व्यवस्थाबारे जानकारी हासिल।

**पुस ३ गते**

काठमाडौमा आयोजना भएको आई. जी. पी. शिल्ड फुटबल प्रतियोगिता २०५६ मा प्रहरी प्रधान कार्यालय टीम प्रथम भएको छ। प्रतियोगितामा विजयी खेलाडीहरुलाई नगद पुरस्कार तथा प्रमाणपत्र वितरण।

**पुस ५ गते**

प्रहरीद्वारा सिन्धुपाल्चोक जिल्लाको सुनकोशी नदीमा संचालित प्राकृतिक बाधापार प्रशिक्षण सम्पन्न।

**पुस १० गते**

वीरेन्द्र प्रहरी अस्पताल र नेपाल किड्नी केयर फाउण्डेशनको संयुक्त तत्वावधानमा काठमाडौमा मृगौला









## 1999

**Nov. 12**

AIGP Pradeep Shamsher JBR, led a 3-member delegation to participate in the 68th General Assembly of the INTERPOL which was being held in Seoul of South Korea from 8 Nov-12 Nov, 1999.

**Nov. 14**

Her Majesty the Queen graced the BEATING THE RETREAT PROGRAMME and graciously distributed prizes to the best performers in the programme. The Beating the Retreat was organized to mark the Majesty's Golden Jubilee auspicious Birthday.

**Nov. 24**

Once again on 24th 1999, as on 22, Nov 1999, an interaction and cooperation meeting war organized between Nepal Police and Indian Police on GIRLS TRAFFICKING CHILD ABUSE etc. along borders of Nepal and India.

**Nov.**

Jumla service award has been established with the initiative of Regional Police Unit office Jumla, involving local HMG ranking officer and learned people of Jumla, and creating a Revolving fund to award to those indigenous are foreign nationals, who would contribute serving in the field of education, economic and social development of Jumla.

**Dec. 11**

Prime Minister Krishna Prasad Bhattarai visited Birendra Police Hospital where the wounded police staff during confrontation against terrorist, are being treated. The Prime Minister inquired about the treatment and health condition of the wounded ones.

**Dec. 18**

Cash Prizes and certificates are distributed to the winner Police Head Quarter Team in the 2056 IGP shield Football Tournament.

**Dec. 20**

Nepal Police organized a training on Natural Impediment on Sunkoshi River in Sindhupalchowk District.

**Dec. 25**

Birendra Police Hospital and Nepal Kidney care foundation jointly

रोग सम्बन्धी अन्तरक्रिया कार्यक्रम आयोजना । कार्यक्रममा नेपाल तथा भारतका वरिष्ठ चिकित्सकहरु समेतको सहभागिता । यसै क्रममा वीरेन्द्र प्रहरी अस्पतालमा ३ दिनसम्म मृगौलासम्बन्धी बिरामीहरुको स्वास्थ्य परीक्षण र उपचार कार्यक्रम ।

**पुस १४ गते**

श्री ५ महाराजाधिराज सरकारबाट मौसुफको ५५ औं शुभजन्मोत्सवको उपलक्ष्यमा ७८ जना प्रहरी कर्मचारीहरुलाई विभिन्न मान पदवी तथा पदक प्रदान गरिबक्स्यो । पदक प्राप्त गर्नुहुनेहरुमा ३४ जना अमर प्रहरीहरु (मरणोपरान्त) हुनुहुन्छ ।

**पुस १५ गते**

श्री ५ महाराजाधिराज सरकारको ५५ औं शुभजन्मोत्सवको पुनीत उपलक्ष्यमा नेपाल प्रहरीद्वारा श्री ५ महेन्द्र पुलिस क्लबमा नेपाली लोक संस्कृति र नृत्य प्रधान सांस्कृतिक कार्यक्रम र रात्रीभोजको आयोजना गरियो । श्री ५ युवराजाधिराज सरकार कार्यक्रम नजर गरिबक्सन सवारी होइबक्सेको थियो ।

श्री ५ युवराजाधिराज सरकारबाट प्रहरी कार्यदक्षता प्रतियोगिता २०५६ मा प्रथम हुने क्षेत्रीय प्रहरी इकाई कार्यालय, भैरहवाका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक ज्ञानेन्द्रविक्रम महतलाई "किंग्स ब्याटन" बक्स ।

**पुस १८ गते**

रुकुम जिल्लास्थित क्याम्पस तथा विभिन्न विद्यालयहरुमा स्थानीय प्रहरीहरुद्वारा सप्ताहव्यापी स्कूल सम्पर्क कार्यक्रम संचालन ।

**पुस २८ गते**

काठमाडौंमा "उपत्यकामा ट्राफिक व्यवस्थापन समस्या समाधानका उपायहरु" विषयक अन्तरक्रिया कार्यक्रमको आयोजना । राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानको आयोजनामा भएको सो अन्तरक्रियामा प्रहरी लगायत महानगरपालिका, सडक डिभिजन, विभिन्न यातायात संघसंस्थाका कार्यालय प्रतिनिधि, व्यवसायी एवं शिक्षकहरु सहभागी थिए ।

**माघ ३ गते**

संयुक्त राष्ट्रसंघको अनुरोधमा पूर्वी टिमोरमा स्थानीय प्रहरीलाई प्रशिक्षण दिने कार्यका लागि नेपाल प्रहरीका चारजना अधिकृतहरु त्यसतर्फ प्रस्थान ।

**माघ १२ गते**

काठमाडौंको विभिन्न बैंकहरुबाट किर्ते कागज र चेकमा किर्ते दस्तखत गरी ३ करोड ३ लाख रुपैयाँ ठगी गर्ने ४ जनालाई पक्राउ । उनीहरुको साथबाट १०० तोला सुन, करीब ५४ लाख नगद रुपैयाँ, बहुमूल्य वस्तु तथा सवारीसाधनहरु बरामद ।

**माघ १३ गते**

४७ लाख रुपैयाँ बराबरको अमेरिकी डलर र चिनीया मुद्रासहित चारजना विदेशी नागरिकहरु पक्राउ ।












sponsored an interaction programme at Birendra Police Hospital. Renowned High ranking Doctors of Nepal and India had participated in this programme. Three days treatment for kidney patients were also organized.

**Dec. 29**

His Majesty the King conferred various honors and medals to 78 police staff on His Majesty's 55th Auspicious Birthday among the recipient of the awards 34 were immortal polices.

**Dec. 30**

To mark the 55th Auspicious Birthday of His Majesty the King, Nepal Police had organized cultural program followed by a dinner at Shree Panch Mahendra Police Club. His Royal Highness the Crown Prince graced the occasion.

His Royal Highness Crown Price graciously gave away kings Baton to Chief of Regional Police Unit office Bhairahawa, SSP Gyanendra Bikram Mahat who stood first in Inter-Zone Police efficiency competition in 2056 B.S.

## 2000

**Jan. 02**

Local police in different school in Rukum District organized a weeklong school contact programme.

**Jan. 12**

On the topic "Valley Traffic Management Problems and its solution" an interaction was organized in Kathmandu.

National Police Training Academy and Metropolitan, Road Division, Different Transport organization, hosted the interaction programme and Teachers had participated in the programme.

**January 17**

Four officers of Nepal Police departed to East Timor on the request of United Nations to give training to local police.

**January 26**

Four people were arrested, who developed forged documents with forged signature and fraudulently drew 30.3 million rupees from different banks in Kathmandu. 100 tola gold, 5.4 million cash money, precious goods and vehicles were seized from them.

**January 27**

Four foreign nationals were arrested withUS$ 4.7 million an chinese currency.

**माघ १५ गते**

इराकमा युनाइटेड नेसन्स गार्ड कन्टिन्जेन्ट इन इराक मिशनमा आफ्नो कार्यावधि सम्पन्न गरी ५ सदस्यीय प्रहरी टोली स्वदेश फिर्ता ।

**माघ २० गते**

युनाइटेड मिसन गार्ड कन्टिन्जेन्ट मिशन अन्तर्गत इराकमा कार्य गर्न ५ जनाको प्रहरीटोली त्यसतर्फ प्रस्थान ।

**माघ २८ गते**

राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानद्वारा "प्रहरी आचरण-व्यवहार" विषयक अन्तरक्रिया संचालन । कार्यक्रममा प्रहरी लगायत समाजशास्त्री, अपराधशास्त्री, मनोविज्ञानविद्, कानूनविद्हरु सहभागी थिए ।

**फागुन ९ गते**

प्रहरी तालिम महाविद्यालय पहिलो पटक सञ्चालित जुनियर प्रहरी अधिकृतहरुको प्रशिक्षक तालिम समापन ।

**फागुन २० गते**

प्रहरी कल्याण कोषको सहयोगार्थ नेपालको परिप्रेक्ष्यमा काठमाडौंमा पहिलोपटक आधुनिक पेट्रोल पम्पको स्थापना, इण्डियन आयल निगमको सहयोगमा नवनिर्मित सो पेट्रोल पम्पबाट हुने आय प्रहरी कल्याण-कारी सेवा-सुविधा अभिवृद्धिमा उपयोग गरिने छ ।

**फागुन २४ गते**

जिल्ला प्रहरी कार्यालय भक्तपुरले सरकारी तथा गैरसरकारी कार्यालयहरुमा कार्यरत् कर्मचारीहरुको लागि कार्यालय सुरक्षासम्बन्धी अनुशिक्षण कार्यक्रम सञ्चालन ।

**फागुन २५ गते**

केन्द्रीय प्रहरी महिला सेल र तारीकास नेपालको आयोजनामा काठमाडौंको विभिन्न स्थानहरुमा नारी चेतना अभिवृद्धिका लागि सडक नाटक मन्चन ।

**फागुन ३० गते**

महेन्द्रनगरमा सञ्चालित अधिराज्यव्यापी प्रहरी खेलकूद प्रतियोगिता सम्पन्न । एथ्लेटिक्सतर्फ प्रहरी प्रधान कार्यालय टीम, हैण्डबल र बास्केटबलमा मध्यक्षेत्र प्रहरी टीम, भलिबलमा सुदूरपश्चिमक्षेत्र प्रहरी टीम र कबड्डीमा पश्चिमक्षेत्र प्रहरी टीम प्रथम भएका थिए ।

**फागुन ३० गते**

वीरेन्द्र प्रहरी अस्पताल र प्रहरी परिवार महिला संघको आयोजनामा दिपायलमा प्रहरी परिवार तथा संलग्न महिलाहरुको लागि स्वास्थ्योपचार सेवा सञ्चालन ।

**चैत्र १० गते**

जापानको अन्तर्राष्ट्रिय जूडो महासंघले नेपाल प्रहरीका २ जनालाई टु डान र १३ जनालाई वन् डान प्रदान ।














**Jan. 29**

Five members of Police Team returned home after successfully serving then contract term with United Nations Guard contingent in Iraq.

**February 3**

Five-member police team headed to Iraq under the United Nations Guard Contingent Mission.

**February 11**

An Interaction programme on "Police Conduct-Behaviour" was organised by National Police Training Academy. Sociologist, criminologist, psychologist, lawyers participated the programme.

**February 21**

Police Training College in operation for the first time, Training of Trainers for police officers closing.

**March 03**

Operation of modern petrol pump in Kathmandu in the Nepalese context in aid of Police Welfare Fund, the income from this newly built petrol pump, which was constructed with the assistance from Indian Oil Corporation, will be used for the development of welfare service of the police.

**March 07**

District Police Office, Bhaktapur organized an orientation programme on security of the staff of the Government and non-government offices.

**March 08**

A street drama was organized in different places in Kathmandu for the development of women awareness, which was jointly organized by Central Police, women's cell and Tarikas Nepal.

**March 13**

Nationwide police sports tournament was organized in Mahendranagar. Police Headquarter Team in athletics, Central Region Police team in handball and basketball, Far Western Region Police team in volleyball, Western Region Police team in kabaddi got the first positions respectively.

**March 13**

Birendra Police Hospital and Police Family Women's Association organized a medical treatment service for police family and other involving women in Dipayal.

**March 23**

International Judo Federation of Japan awarded two don to 2 Nepali police and one don to 13 Nepali police.

**चैत्र ११ गते**

संयुक्त राष्ट्र संघको अनुरोधमा कोसोभोमा कार्य गर्न ५३ जनाको प्रहरीटोली त्यसतर्फ प्रस्थान ।

**चैत्र १३ गते**

गृहमन्त्री गोविन्दराज जोशीबाट प्रहरी कर्मचारीहरुलाई दायित्व संपादन बारे निर्देशन संबोधन ।

**चैत्र १८ गते**

प्रहरी महानिरीक्षक अच्युतकृष्ण खरेलले अमर प्रहरीका परिवारलाई प्रहरी रत्न पदक हस्तान्तरण, सेवा अवधिमा प्राप्त हुने विभिन्न पदकहरुद्वारा प्रहरी कर्मचारीलाई सुशोभित एवं प्रहरी प्रकाशन २०५६ का उत्कृष्ट लेखक तथा उत्कृष्ट सहयोगीहरुलाई विशेष पुरस्कार तथा प्रशंसापत्र वितरण ।

**चैत्र १९ गते**

बैंककमा सञ्चालित ३ दिने इन्टरपोलको एसियाली मुलुकहरुको उच्चस्तरीय सम्पर्क अधिकृतहरुको तेस्रो बैठकमा प्रहरी अतिरिक्त महानिरीक्षक प्रदीप शम्शेर ज.ब.रा. को नेतृत्वमा २ सदस्यीय टोली सहभागी ।

**चैत्र २४ गते**

राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान र International Committee of the Red Cross को संयुक्त तत्वाधानमा सञ्चालित ३ दिने Seminar on International Humanitarian Law & Human Rights विषयक कार्यशाला गोष्ठी सम्पन्न ।

**चैत्र २४ गते**

सम्माननीय प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला वीरेन्द्र प्रहरी अस्पताल जानुभई आतंककारीहरुसंगको मुठभेडमा घाइते भई त्यहाँ उपचारमा रहेका प्रहरी कर्मचारीहरुको स्वास्थ्यस्थितिका बारेमा जानकारी हासिल ।

**चैत्र २७ गते**

वीरेन्द्र प्रहरी अस्पतालको सोह्रौं वार्षिकोत्सव सम्पन्न । कल्याण कोषबाट प्रहरी उपचार अक्षयकोषको लागि १२ लाख ६२ हजार २ सय रुपैया हस्तान्तरण । सो अक्षयकोषको लागि प्रहरी अधिकृतहरुद्वारा पनि आर्थिक सहयोग प्रदान ।

**चैत्र २८**

नेपाल प्रहरीमा सशस्त्र प्रहरी सेवा गठन गर्ने सम्बन्धमा श्री ५ को सरकारले गठन गरेको कार्यदलले सुझाव प्रस्तुत ।

कार्यदलमा पूर्व गृहसचिव खेमराज रेग्मीको संयोजकत्वमा पूर्व प्रहरी महानिरीक्षक मोतीलाल बोहरा, प्रहरी अतिरिक्त महानिरीक्षक प्रदीप शम्शेर ज.ब.रा., पूर्व अतिरिक्त सचिव रामानन्द वैद्य, महान्यायाधिवक्ताको कार्यालयका सहन्यायाधिवक्ता चेतनाथ घिमिरे, रक्षा मन्त्रालयका सहसचिव युवराज शर्मा, सदस्य र सदस्य सचिवमा सहसचिव डा. माधवप्रसाद घिमिरे हुनुहुन्थ्यो ।









**March 24**

Fifty three member police delegation left for Kosovo to work on the request from United Nations.

**March 26**

Home Minister gave instructions on fulfilling duties while delivery his address.

**March 31**

IGP Achyut Krishna Kharel transferred Police Ratna Medal to families of immortal police, police staff were graced with different medals that they earned during their service period and special prize and commendation letter were distributed to best writer and best fellow-worker of police publication 2056.

**April 01**

Two member team led by AIG Pradeep Shamsher JBR participated in 3-day Asian countries high level liaison officers' 3rd meeting, which was held in Bangkok.

**April 06**

A workshop seminar was organized jointly by National Police Training Academy and International Committee of the Red Cross on 3-day "Seminar on International Humanitarian Law & Human Rights"

**April 06**

Rt. Hon'ble Prime Minister Girija Prasad Koirala visited Birendra Police Hospital and inquired about the health condition of police staff under medical treatment, who were wounded during confrontation against terrorist.

**April 09**

16th Annual Ceremony of Birendra Police Hospital was celebrated. On that occassion sum of 12,62, 200. was handed over to police Treatment Revolving fund from welfare fund. Police officer had also contributed in the Revolving Fund.

**April 10**

A task force team, which was formed by HMG presented its suggestions regarding forming a armed police service in Nepal Police.

The task force was coordinated by former secretary of home ministry Khem Raj Regmi and the members were former IGP Motilal Bohora, AIG Pradeep Shamsher JBR, former Additional Secretary Ramananda Vaidya, attorney general Chetnath Ghimire from Office of the Attorney Generals, Joint Secretary of Ministry of Defense Yuwaraj Sharma and the member sec retary was Joint Secretary Dr. Madhav Prasad Ghimire.

**चैत्र २९ गते**

काठमाडौंमा आयोजना भएको २ दिने अधिराज्य-व्यापी वरिष्ठ प्रहरी अधिकृत वार्षिक सम्मेलन सम्पन्न ।

## २०५७

**वैशाख ३ गते**

संयुक्त राष्ट्रसंघको अनुरोधमा प्रहरी सल्लाहकारको रूपमा सियरालियोनमा कार्य गर्न प्रहरी अधिकृतहरुको ४ सदस्यीय टोली त्यसतर्फ प्रस्थान ।

**वैशाख ५ गते**

अनुसन्धानको क्रममा प्रहरीले बरामद गरेको करीब ३० लाख वर्ष पुरानो हात्तीको बंगरा पुरातत्व विभागलाई हस्तान्तरण ।

**वैशाख ५ गते**

श्री ५ को सरकार (मन्त्री परिषद्) को निर्णय अनुसार आतककारी क्रियाकलाप नियन्त्रण गर्ने कार्यमा खटिएको अवस्था वीरगति प्राप्त गर्ने प्रहरीहरुको परिवारलाई आर्थिक सहयोग स्वरूप ७ लाख ५० हजार रुँपैया प्रदान गर्ने, तिनका आश्रित बालबालिकालाई अध्ययन गर्नलाई आर्थिक सहयोग प्रदान गर्ने, बर्गीकरणको आधारमा त्यहाँ कार्यरत कर्मचारीहरुलाई थप भत्ता, क्षतिपूर्ति, एकमुष्ठ दैनिक भ्रमण भत्ता, आक्रमणमा परी घाइते हुनेहरुलाई उपचारको लागि आर्थिक सहयोग प्रदान गर्ने थप व्यवस्था ।

**वैशाख ७ गते**

राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानमा सञ्चालित सामुदायिक प्रहरी सेवा अनुशिक्षण कार्यक्रम समापन ।

**वैशाख १३ गते**

प्रहरी महानिरीक्षक अच्युतकृष्ण खरेलसँग प्रहरी प्रधान कार्यालयमा जनवादी गणतन्त्र चीनका गृह मन्त्रालय, आन्तरिक सुरक्षा विभागका उपप्रमुख ली झाउको नेतृत्वमा आएको ९ सदस्यीय प्रतिनिधि मण्डलको भेट ।

**वैशाख २८ गते**

स्पेनको एभिल्लामा सञ्चालनमा भएको २ दिने संयुक्त राष्ट्रसंघीय सिभिलियन पुलिस अपरेशन सम्बन्धी सेमिनारमा प्रहरी नायब महानिरीक्षक भुवनचन्द्र भट्ट सहभागी ।

**जेठ ८ गते**

प्रहरी सल्लाहकारको रुपमा एक जना अधिकृत सियरालियोन प्रस्थान । सो कार्यका लागि त्यस अघि ४ जना खटिइसकेका छन् ।

**जेठ १० गते**

रुकुम जिल्लाको खलंगा गाउँ विकास समितिमा स्थानीय प्रहरीले सामुदायिक प्रहरी सेवा अन्तरगत सप्ताहव्यापी घरदैलो कार्यक्रम सञ्चालन ।










**April 11**

Two day nationwide annual conference of police officers was organized in Kathmandu.

**April 15**

Four member deligate of police officers departed to Searraleon to work as police advisor on the request of UNO.

**April 17**

About 3 million years old elephant moral tooth handed over to Archeologycal department, which was confisticated in course of investigation.

**April 17**

HMG (Council of Ministers) decided to provide 7.5 million rupees to those police, who are killed in the course of controlling terrorist activities; financial support their dependant children; additional allowances, reimbursement, daily travel allowances to serving staff according to classification; addition arrangement of financial support for medical treatment to those who are wounded in the attack.

**April 19**

"Community Police Service Orientation" at National Police Training Academy has been ended with closing ceremony.

**April 25**

Nine member Chinese delegation led by Li Jhaou, Additional Chief of Internal Security Department, Home Ministry of China called on IGP Achyut Krishna Kharel at Police Head Quarter.

**May 06**

DIGP Bhuwan Chanda Bhatta participated in a 2-day seminar on UN Civilian Police Operation, which was being held in Avilla, Spain.

**May 21**

One police officer left for Searaleon as a police consultant. Before this 4 officers have already gone there for the same job.

**May 23**

A week long door to door programme was organized under local police community police service in Khalanga V.D.C. in Rukum district.

**जेठ १२ गते**

नागरिकको सहयोग र सक्रियताबाट ९ लाख ४५ हजार रुपैयांको लागतमा काठमाडौंको कालिमाटीमा सी.सी.टी.भी. समेत जडान भएको ट्राफिकभवन निर्माण।

**जेठ १७ गते**

काठमाडौं उपत्यकामा "तपाईंको सुरक्षा हाम्रो सरोकार" नाराका साथ जेठ ११ गतेदेखि सप्ताहव्यापी ट्राफिक सप्ताह सञ्चालन।

**जेठ १९ गते**

क्षेत्रीय प्रहरी तालिम केन्द्र विराटनगरमा सामुदायिक प्रहरी सेवा सम्बन्धी अनुशिक्षण तालिम। यस अघि जेठ १६ गते विभिन्न पार्टीका प्रतिनिधि, समाजसेवी, संघसंस्थाका प्रतिनिधिबीच अन्तरक्रिया कार्यक्रम आयोजना गरिएको थियो।

**जेठ २६ गते**

बोस्नियाबाट १८ जनाको प्रहरीटोली आफ्नो कार्यावधि समाप्त गरी स्वदेश फिर्ता।

**जेठ ३० गते**

भारतको हैदराबादमा भएको मिलिनियम कन्फरेन्स अन प्रोटेक्सन अफ चिल्ड्रेन एण्ड प्राक्टिसेस् ट्रेन्डन्स् एण्ड च्यालेन्जेज विषयक गोष्ठीमा प्रहरी नायब महानिरीक्षक गोविन्दप्रसाद थापाको नेतृत्वमा २ सदस्यीय प्रहरीटोली सहभागी।

**असार ४ गते**

गृहमन्त्री गोविन्दराज जोशीद्वारा वीरेन्द्र प्रहरी अस्पतालमा उपचाररत् प्रहरी कर्मचारीहरुको स्वास्थ्यस्थिति बारे जानकारी हासिल।

**असार ७ गते**

कर्तव्यपालनको क्रममा आतंककारीसँगको मुठभेडमा घाइते भई उपचारार्थ वीरेन्द्र अपस्पतालमा भर्ना भएका प्रहरी कर्मचारीसँग कुराकानी, राज्य व्यवस्था समितिका सभापति होमनाथ दाहालको नेतृत्वमा १४ जना सांसदहरुद्वारा।

**असार १४ गते**

पूर्वी टिमोरमा संयुक्त राष्ट्रसंघको मिसनमा कार्य गर्न प्रहरीटोली प्रस्थान।

**असार १५ गते**

१८ जनाको प्रहरीटोली बोस्नियामा शान्ति कायम गर्ने संयुक्त राष्ट्रसंघीय कार्यका लागि प्रस्थान।

**असार १५ गते**

प्रहरी अतिरिक्त महानिरीक्षक प्रदीप शम्शेर ज.ब.रा. को नेतृत्वमा २ सदस्यीय प्रहरीटोली श्रीलंकामा भएको स्मल आर्म्स एण्ड लाइट विपेन्स प्रोलिफिकेसन इन साउथ एसिया विषयक कार्यशाला गोष्ठी तथा सोही विषय सम्बन्धी एक अर्को कार्यशालामा सहभागी भई स्वदेश फिर्ता।













**May 25**

From the contribution and initiative of citizens a traffic building with C.C.T.V. installed, was constructed in Kalimati, Kathmandu, which was worth Rs. 945,000.00.

**May 30**

A traffic week from May 24, was organized in Kathmandu with a theme "Your Safety Our Concern".

**June 01**

An orientation on Community Police Service was conducted in Regional Police Training Centre, Biratnagar. Before this, an interaction programme was organized on 29th of May among representatives from different parties, social workers, representative from organizations.

**June 08**

Eighteen member team from Bosnia returned after having completing their term.

**June 12**

Two member team led by DIGP Govind Prasad Thapa participated in a seminar on "Millenium Conference on Protection of Children and Practices, Trends and Challenges", which was organized in Haidarabad, India.

**June 18**

Home Minister Govinda Raj Joshi inquired about the health condition of police staff, who were under treatment at Birendra Police Hospital.

**June 21**

Fourteen members of parliament led by Hom Nath Dahal, chairman of Polity Committee, had a conversation with the police staff who were under treatment at Birendra Police Hospital, they were wounded during a confrontation against terrorists while performing their duties.

**June 28**

A team of Nepal police departed to East Timor to work under UN Mission.

**June 29**

Eighteen member police team left for Bosnia for maintaining peace under UN.

**June 29**

AIG Pradeep Shamsher JBR returned from Sri Lanka after having participated in a workshop seminar on Small Arms and Light Weapons Prolif eration in South Asia and in a another workshop in same subject.

**असार १९ गते**

श्री ५ को सरकारले प्रहरी (सातौं संशोधन) नियमावली २०५७ राजपत्रमा प्रकाशित ।

आतंककारीबाट भएको आक्रमण, विष्फोटन, हतियार प्रहारबाट वा आतंककारी विरुद्धको प्रहरी कारबाहीमा खटिएको समयमा कुनै दुर्घटनाबाट मृत्यु हुने प्रहरी कर्मचारीको हकवालालाइ ७ वर्षसम्म तलब तथा निवृत्तिभरण सम्बन्धी व्यवस्था र काम गर्न असक्त भएमा सोहीअनुसार नयाँ व्यवस्था ।

**साउन ८ गते**

युनिसेफ नेपाल, ब्रिटिस राजदूतवास तथा नेपाल प्रहरीको संयुक्त तत्वाधानमा चेलिबेटी बेचबिखन र बाल यौन शोषण विरुद्धको मल्टी एजेन्सी अनुशिक्षण तालिम सम्पन्न ।

- क्षेत्रीय प्रहरी तालिम केन्द्रहरुमा पहिलोपल्ट रेडियो अपरेटर ग्रेड थ्री तालिम कार्यक्रम सम्पन्न ।

**साउन १८ गते**

अधिराज्यका विभिन्न जिल्लाहरुमा स्थापना गरिएका प्रहरी महिला सेलहरुलाई सम्वर्धन स्रोतयुक्त बनाउँदै लैजाने क्रममा युनिसेफ नेपालबाट प्राप्त टेप-रिकर्डर र क्यामेरा वितरण ।

**साउन १८ गते**

प्रहरी नायब उपरीक्षक विमला शर्मालाई इन्टर-नेशनल एसोसियसन अफ ओमन पुलिसद्वारा दि टु थाउजेन्ड बनाउने इन्टरनेशनल रिकग्निसन एण्ड स्कलरसीप अवार्ड प्रदान ।

**भदौ ४ गते**

श्री ५ महेन्द्र पुलिस क्लबमा एरोविक्सहलको उद्घाटन ।

**भदौ ११ गते**

श्री ५ मुमा बडामहारानी सरकारको ७३ औं शुभजन्मोत्सव तथा प्रहरी परिवार महिला संघको १६ औं वार्षिकोत्सवको अवसरमा संघद्वारा आयोजित सप्ताहव्यापी वार्षिक मेला सम्पन्न ।

**भदौ २९ गते**

राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान महाराजगञ्जमा सिनियर प्रहरी अधिकृतहरुको लागि संकलित प्रहरी प्रशिक्षक तालिम सम्पन्न ।

**असोज १ गते**

प्रहरी परिवारद्वारा संचालित दुर्व्यसनीहरुको सुधार केन्द्र "आसरा" को वार्षिकोत्सव । प्रथमपटक प्रकाशित "आसरा दर्पण" प्रकाशन र क्यासेट 'प्रतीज्ञा'को विमोचन ।

**असोज ६ गते**

नेपाल प्रहरी केन्द्रीय खेलकूद समितिद्वारा काठमाडौंमा संचालित अधिराज्यव्यापी प्रहरी ब्याडमिण्टन प्रतियोगिता, टेबुलटेनिस प्रतियोगिता, स्क्वास र चाँदमारी प्रतियोगिता सम्पन्न ।











**July 03**

HMG published Police Act (seventh revision) 2057 in a gazette.

Government will provide 7 years salary or gratuity to the claimant of the police staff, who is killed in an attack by terrorists, explosion, attack by weapons or during the time s/he is assigned to police action against terrorist, and if s/he is unable to work, new arrangement will be made accordingly.

**July 23**

A multi-agency orientation training on girls' trafficking and childe sex abuse was organized under the joint sponsorship of Unicef Nepal, British Embassy and Nepal Police.

- Radio Operator grade 3 training programme was organized first time in Regional Police Training Centres.

**August 02**

To make the Women's Cell full of resources, tape recorders and camera sponsored by UNICEF, was distributed in different districts of the kingdom.

**August 02**

DSP Bimala Sharma was awarded International Recognition and Scholarship Award by International Association of Women Police.

**August 20**

Inauguration of Aerobics at Mahendra Police Club was done.

**August 27**

Weeklong Annual Fare was celebrated on the auspicious occasion of the 73rd birthday of queen mother and 16th Anniversary of Police Family Women's Association.

**Septeber 14**

Police Training of Trainers was organized for senior police officers at National Police Training Academy, Maharajgunj.

**September 17**

Annual day of 'Asara' the Drug Abuse Rehabilitation Centre, which is run by Police Family. 'Asara Darpan' was published first time and release of 'Pratigya' audio cassette.

**September 22**

Nepal Police Central Sports Committee organized nationwide badminton tournament, table tennis competition, squash and Chandmari competition in Kathmandu.

**असोज १३ गते**

अन्तर्राष्ट्रिय प्रहरी संगठन (INTERPOL) द्वारा राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान, महाराजगञ्ज, काठमाडौंमा संचालित एशिया तथा ओशिएनिया क्षेत्रका एन.सी.बी. प्रहरी अधिकृतहरुको क्षेत्रीय तालिम सम्पन्न ।

असोज २ गतेदेखि संचालित सो तालिममा नेपाल लगायत १२ राष्ट्का २१ जना प्रहरी अधिकृतहरु सहभागी थिए ।

**असोज १७ गते**

श्री ५ को सरकार (माननीय मन्त्रीस्तर) को निर्णय अनुसार श्री प्रदीप शम्शेर ज.ब.रा. लाई नेपाल प्रहरीको सर्वोच्च पद प्रहरी महानिरीक्षकमा कायम मुकायम मुकरर ।

प्रहरी प्रधान कार्यालयमा उहाँले सोही दिन आफ्नो पदीय कार्यभार सम्हाल्नु भयो ।

**असोज २७ गते**

कायम मुकायम प्रहरी महानिरीक्षक श्री प्रदीप शम्शेर ज.ब.रा. लाई प्रहरी प्रधान कार्यालयमा आयोजित विशेष समारोहमा प्रहरी महानिरीक्षक अच्युतकृष्ण खरेल (बिदामा बस्नु भएको) ले प्रहरी महानिरीक्षकको दर्ज्यानी चिन्ह लगाई दिनु भयो ।

**असोज ३० गते**

प्रहरी ऐनमा लालमोहर लागी प्रहरी संगठनले वैधानिकता पाएको असोज मसान्तको दिनलाई संस्मरण गर्दै मनाउँदै आएको प्रहरी दिवस आज अधिराज्यभरी विविध कार्यक्रमको आयोजमा गरी मनाइयो ।

- श्री ५ युवराजाधिराज दीपेन्द्र वीर विक्रम शाहदेव सरकारबाट नेपाल प्रहरीले प्रहरी प्रधान कार्यालयमा आयोजित विशेष समारोहमा प्रहरी कार्यमा उत्कृष्ट सहयोग पुऱ्याउने नागरिक, उत्कृष्ट प्रहरी अनुसन्धान-कर्ता, उत्कृष्ट ट्राफिक प्रहरी, बहादुरीपूर्वक कार्यसंपादन गर्ने उत्कृष्ट प्रहरी र अक्षयकोष संस्थापक महानुभाव-हरुलाई नगद पुरस्कार प्रशंसा पत्र बक्स ।

-राष्ट्र र नागरिकको सेवामा जीवन बलिदान गर्ने अमर प्रहरीहरुप्रति श्रद्धा-सम्मान, श्रद्धाञ्जलि अर्पण । सो श्रद्धाञ्जलि समारोहमा उपप्रधानमन्त्री तथा गृहमन्त्री रामचन्द्र पौडेलले अमर प्रहरीका परिवारहरुलाई कदर-पत्र प्रदान ।

गत १ वर्षको अवधिमा वीरगति प्राप्त १३३ जना प्रहरी कर्मचारीलाई अमर प्रहरी र ११ जना वीर प्रहरी घोषित गरिएको थियो ।

- प्रहरी पुनर्मिलन समारोहको आयोजना । पूर्व प्रहरी महानिरीक्षकहरु लगायत अन्य अधिकृतहरु, प्रहरी वरिष्ठ अधिकृतहरु, प्रहरी परिवार महिला संघका पदाधिकारीहरु र तिनका परिवारहरु समारोहमा सहभागी ।

-प्रहरी परिवार महिला संघका अध्यक्ष श्रीमती शान्ता राणाले अमर प्रहरीको परिवारहरुलाई संघको तर्फबाट आर्थिक सहयोग वितरण ।















**September 29**

A regional training for NCB police officers of Asia and Oceania region was organized by International Police Organization at National Police Training Academy.

The training was conducted from September 18, 21 police officers from 12 countries participated in the training.

**October 3**

Mr. Pradeep Shamsher JBR was appointed Acting IGP, which is the highest position in the police, as per the cabinet decision.

Same day he took over his office at Police Headquarter.

**October 13**

In a special ceremony organized at Police Headquarter IGP Achyut Krishna Kharel (who is on leave) presented IGP's ensign to Acting IGP Pradeep Shamsher JBR.

**October 16**

To commemorate the day when police act had been honoured with the Royal Seal and police organization came under the constitution, various programmes were organized all over the country.

On that occasion organized at Police Headquarter the Crown Prince Deependra Bir Bikram Shah Deva graciously gave away cash prizes and commendation letter to citizens who have best supported the police, best police researcher, best traffic police, best police who has performed his/her duty bravely and to founder of the revolving fund.

A tribute was paid to the immortal police, who sacrificed their lives for the nation and her citizens. Deputy Prime Minister and Home Minister Hon'ble Ram Chandra Poudel gave away commendation letter to the family of immortal police in that occasion.

133 police, who were declared immortal police and 11 were declared brave police, who were killed during last one year.

Past IGPs and other officers, senior police officers and their family participated in police re-union ceremony.

The President of Police Family Women's Association Mrs. Shanta Rana gave away financial support to the families of immortal police.



**कात्तिक २ गते**

नेपाल प्रहरी स्मारक गुठीको पाचौं साधारण सभा आयोजना ।

**कात्तिक ४ गते**

प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभागको आयोजनामा संचालित अपराध अनुसन्धान विषयक दुइदिने कार्यशाला गोष्ठी । गोष्ठीमा प्रहरी प्रधान कार्यालय, काठमाडौं उपत्यकालगायत पाँचै क्षेत्रका अपराध अनुसन्धान अधिकृत एवं सम्वद्ध प्रहरी अधिकृतहरुको सहभागिता ।

**विविध:**

आर्थिक वर्ष २०५६/५७ मा प्रहरी प्रधान कार्यालयमा विभिन्न माध्यमबाट प्राप्त नागरिकहरुको प्रहरीसम्बन्धी गुनासा र ५४९ वटा उजुरीमाथि छानबीन हुंदा उजुरीका विषयहरु अधिकांश असत्य ठहरिएका र त्यसमध्ये सत्य ठहरिएकोमा सोमा संलग्न २२ जनामाथि विभिन्न विभागीय कारवाही भएको छ भने केही उजूरीहरुमाथि छानबीन भइरहेको छ । यसैगरी क्षेत्रीय प्रहरी अनुसन्धान इकाइहरुबाट १६५ जनामाथि छानबीन गर्न विभिन्न कारवाही गरेको छ ।

आ.व. २०५६/०५७ मा ३५५६ प्रहरी कर्मचारी-लाई एकतह बढुवा र ७३४ जना पुरस्कृत भए भने २६५ जनामाथि विभागीय कारवाही भएको छ । त्यसै १७५९ जनाले अवकास र राजीनामा दिई प्रहरी सेवाबाट निवृत्त भएका छन् ।

प्रशिक्षण गतिविधि नियाल्ने हो भने प्रहरी तालिम केन्द्रहरुबाट १०७५१ जनाले, विभिन्न स्वदेशी संस्थाहरुबाट ५२७ जनाले र विदेशमा ९९ जनाले विभिन्न प्रकारका व्यावसायिक र उन्नत तालिम हासिल गरेका छन् ।

अपराध स्थितिको समीक्षा गर्ने हो भने गत आर्थिक वर्षमा प्रहरी कार्यालयमा दर्ता भएका १०५०४ मुद्दाबाट ८० ओटा बढेर आर्थिक वर्ष २०५६/०५७ मा १०५८४ पुगेको छ । जनसंख्याको वृद्धि, सामाजिक, आर्थिक संरचना र चुनौतीको परिवेशमा भएको नगन्य वृद्धिलाई स्वाभाविक ठान्नु पर्दछ । यस अवधिमा ज्यान, ज्यान मार्ने उद्योग, लागू औषधजस्ता अपराधमा कमी आएको छ भने केही स्थानहरुमा आतंककारी गतिविधिको कारण खुन, डांका, विस्फोटक पदार्थ, कुटपिट, अंगभंग जस्ता अपराधका घटनाहरु केही वृद्धि हुन गएका छन् ।

**October 18**

The fifth annual general meeting of Nepa Police Memorial Trust was organized.

**October 20**

A 2-day workshop seminar on Crim Investigation was conducted at Police Headquarter by Crime Investigation Department. The crime investigation officers of Police Head quarter Kathmandu valley, all 5 development regions and concerned police officers took part in the workshop.

## Miscellaneous:

In the fiscal year 1999/2000, while investigating 549 citizen complaints related to police received from different sources most of them were found to be untrue. An action was taken against 22 of them on whom the complaints were found to be true and some complaints are being investigated. Similarly an action has been taken by Regional Police Investigation Unit to investigate 165 of them.

In the fiscal year 1999/2000, 3556 police employees were promoted one level up, 734 were awarded and an action was taken against 265 police. Similarly, 1759 police have been retired and resigned from police.

While scrutinizing the training activities we see that 10751 police from Police Training Centres, 527 police from indigenous institutes and 99 police from foreign nations have had different kinds of professional and improved training.

While reviewing the crime situation we find that 10504 cases of last fiscal year has increased by 80 and reached 10584 in the fiscal year 1999/2000. In a situation of population increase, economic structure and challenges this insignificant increase has to be taken as normal. In this period killing have decreased and some crimes, like murder, robbery, explosive materials, fighting, injury to limb have increased to some extent.


*On the Auspicious Happy Birthday of Her Majesty Queen Aishwarya Rajya Laxmi Devi Shah We Humbly Extend Heartiest Felicitations and Best Wishes*



**The Blue Star Hotel (P) Ltd.**
G.P.O. Box: 983, Tripureshwor, Kathmandu.

**The Blue Bird Hotel (P) Ltd.**
Pardi, Pokhara.

## स्मृतिका पानाहरु

# Memories



ललितपुरको श्रीमहलमा पहिलोपटक स्थापित प्रहरी तालिम केन्द्र ।

*Police Training Center established for the first time at the Shree Mahal in Lalitpur*

महाराजगंजस्थित घोडातबेलामा सारिएको पुलिस तालिम केन्द्र ।

*Police Training Center being shifted to 'Horse Stable' at Maharajgunj*





राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान (हाल) ।

*National Police Training Academy ( At present)*

# खेलकूदका झलकहरु
# Glimpses of Sports



श्री ५ अधिराजकुमार निराजन वीर विक्रम शाह सरकारबाट शुभजन्मोत्सव कपका विजयी प्रहरीटीमका खेलाडीहरुलाई पदक र प्रमाणपत्र वक्स ।

*HRH Price Nirajan Bir Bikram Shah giving award and certificate to the winning team of 'Birthday Cup'*



मंगलादेवी फुटबल प्रतियोगितामा प्रथम हुने महिला प्रहरीटीमलाई ट्रफी ।

*Trophy to the Women Police Team, winner of the Mangala Devi Football Competition*



केन्द्रीय प्रहरी खेलकूद प्रतियोगितामा प्रथम हुने प्रहरी प्रधान कार्यालयटीमलाई ट्रफी ।

*Trophy to the Central Police Office Team, winner of the Central Police Sports Competition*



मध्य-पश्चिमक्षेत्र प्रहरीटीम । *Mid-Western Region Police Team*



पूर्वक्षेत्र प्रहरीटीम । *Eastern Region Police Team*



सुदूर-पश्चिमक्षेत्र प्रहरीटीम । *Far Western Region Police Team*



प्रहरी प्रधान कार्यालय टीम । *Police Headquarters Team*



उपत्यका प्रहरीटीम । *Valley Police Team*



पश्चिम क्षेत्र प्रहरीटीम । *Western Region Police Team*



मध्यक्षेत्र प्रहरी टीम । *Mid-Region Police Team*



महेन्द्र पुलिस क्लब फुटबल खेलाडीहरुका बीच वरिष्ठ प्रहरी अधिकृतहरु ।
*Senior police officers with Mahendra Police Club Football Players*



महिला प्रहरी फुटबल खेलाडीहरुका बीच वरिष्ठ प्रहरी अधिकृतहरु ।
***Senior Police Officers** with the Women Police Football Players*



विजयीलाई पुरस्कार *Prizes to the winners*



खेलाडीहरुद्वारा मार्चपास्ट । *March Past by the players*



भलिबल प्रतियोगिता । *Volleyball Competition*



कबड्डी *Kabaddi*



विजयी बन्नलाई होड । *A challenge to win*



हाइजम्प । High Jump



एन्फा कोकाकोला फुटबल प्रतियोगितामा प्रहरी खेलाडीहरु (नीलो) ।
Police players(in blue jersey) in ANFA Coca-Cola Football Competition



अधिराज्यव्यापी प्रहरी व्याडमिन्टन प्रतियोगिता ।
Country-wide Police Table-Tennis Competition



अधिराज्यव्यापी प्रहरी टेबुलटेनिस प्रतियोगिता ।
Country-wide Police Badminton Competition


श्री ५ बडामहारानी
ऐश्वर्य राज्यलक्ष्मी देवी शाह सरकारको ५२औं
शुभजन्मोत्सवको पावन घडीमा
मौसुफ सरकारका जुनाफमा
समक्ति चिरायु एवं सुस्वास्थ्यका लागि हार्दिक
शुभकामना टक्र्याउँदछौं ।



जिल्ला प्रहरी कार्यालय, सिरहा
एवं सिरहा जिल्लावासी

अन्नपूर्ण टाकिज तथा कृष्ण चलचित्र मन्दिर
विर्तामोड



# सचित्र समाचार
# Photo News



श्री ५ महाराजाधिराज सरकारबाट प्रहरी अधिकृतलाई पदक बक्स
*His Majesty the King distributed 'Medal' to the police officers*



प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला संयुक्त राष्ट्रसंघको शिखर सम्मेलनमा भागलिन त्यसतर्फ प्रस्थान गर्नुहुँदा हार्दिक बिदाइ ।
*Seen off to the PM Girija Prasad Koirala, prior to the departure to participate in the UN General Assembly*



जापानी प्रधानमन्त्री योसिरो मोरीको नेपालभ्रमणका अवसरमा स्वागत अभिवादन ।
*Japanese PM Yoshiro Mori being heartily welcomed during his visit to Nepal*



वरिष्ठ प्रहरी अधिकृतहरु जनवादी गणतन्त्र चीनका आन्तरिक सुरक्षा विभागका उपप्रमुखका साथ

*Senior police officers with the Deputy Chief of Interior Security Department of People's Republic of China*



राज्यव्यवस्था समितिका पदाधिकारी तथा सासदहरु वीरेन्द्र प्रहरी अस्पतालको निरीक्षणमा

*Parliamentarian and officers of 'Rajya Vyabasta Samiti' are in the inspection of Birendra Police Hospital*



का.मु. प्रहरी महानिरीक्षक प्रदीप शम्शेर ज.ब.रा. लाई दर्ज्यानीचिन्ह लगाईदिनु हुँदै प्रहरी महानिरीक्षक अच्युतकृष्ण खरेल

*Rank insignia by IGP Achyut Krishna Kharel to Acting IGP Pradeep Shamsher JBR*



कार्य सफलताको लागि शुभकामना: प्रहरी महानिरीक्षक अच्युतकृष्ण खरेल र का.मु.प्रहरी महानिरीक्षक प्रदीप शम्शेर ज.ब.रा.

***Wishing for the success** : IGP Achyut Krishna Kharel and Acting IGP Pradeep Shamsher JBR*



बेलायतको D.F.I.D. का उपप्रमुख डोनाल्ड कुपरबाट अनुसन्धान कीट हस्तान्तरण

*Deputy Chief of D.F.I.D. Mr. Donald Cooper of Britain handing over the research kit*



मित्रराष्ट्र जापान सरकारको सहयोगमा जाइकामार्फत आउनुभएका प्रहरी संचार प्रशिक्षक सोजिकुबोताको बिदाइ

*Farewell to Police Communication Trainer Mr. Sojukobota who came from JAICA with the help of Government of Japan.*




श्री ५ युवराजाधिराज सरकार नेपाल भूतपूर्व प्रहरी संघका सदस्यहरुका साथमा
*HRH Crown Prince with the members of the Nepal Ex-Police Association*



जनवादी गणतन्त्र चीन र नेपालका प्रहरीलगायत गृहमन्त्रालयअर्न्तगतका अधिकारीहरुबीच बैठक (काठमाडौं)
*Meeting between the police and officers of Home Ministry of People's Republic of China and Nepal (In Kathmandu)*



का.मु. प्रहरी महानिरीक्षकको स्वागत गर्नुहुँदै नेपाल भूतपूर्व प्रहरी संघ केन्द्रीय कार्यालयका अध्यक्ष पूर्व प्रहरी महानिरीक्षक डी.बी. लामा
*Acting IGP Pradeep Shamsher JBR being welcomed by President of Nepal Ex- Police Association and Ex-IGP D B Lama*




मानवअधिकार र बालशोषण विषयक सेमिनारमा प्रहरी अधिकृत
*Police officers participating in the seminar on the topic of 'Human Rights and Child Exploitation'*



नेपाल प्रहरी र रेडियो सगरमाथाबीच भएको सम्झौता
*Aggrement between Nepal Police and Radio Sagarmatha to highlight Police Efforts*



भवन निर्माणमा तल्लीन प्रहरीहरु *Police officers busy in building construction*

# प्रहरी सेवाबाट ससम्मान अवकाश ग्रहण गर्नुभएका वरिष्ठ अधिकृतहरूको विदाइ सम्मान
# Glimpses of Farewel Ceremonies for Retired Senior Police Officers













# पत्रपत्रिकामा नेपाल प्रहरी

## Nepal Police in News

